CC-0. In Public Domain. Digitization by eGangotri

* ओ३म् *

श्रीगणेशाय नमः ।

* श्रीसद्गुरु चरणकमलेभ्यो नमः *

स्वस्वरुपबोधचैतंन्यप्रकास

पुर्णानन्द परमहंस विरचित ।

परोपकार पुण्याय पापाय स्वार्थ जिवनम्

परमेश्वर का भक्त हरुकानीमित्त

यति पुर्णानन्द अभिमुक्त क्षेत्र काशी

सत्यनाम प्रेस, मैदागिन, बनारस सिटी मा छपाइ प्रकाश भयो.
यो ग्रन्थ ग्रन्थकर्ता का अधीनमा छ ।

प्रथमवार १०००) सम्वत् १९८३ (मूल्य ॥)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नं. २६८६ दर्तानं. २२५१

* हरि ॐ हर *

सद्गुरुचरणकमलेभ्यो नमः

स्वःस्वरूपबोध चैतन्य प्रकाशः

पूर्णानन्द विवेकमाला।

स्तुति, भक्ति, वैराग्य, ज्ञान, विचार, विवेक, मोक्षद्वार

प्रथम खण्ड।

नं. ५०२

प्रकाशक—

श्री १०८ परमहंस स्वामी पूर्णानन्द यतिः

मणिकर्णिका अविमुक्तक्षेत्र

आनन्द अखाड़ा काशी।

मैनेजर-महेशप्रसाद द्वारा—

सत्यनाम प्रेस, मैदागिन, बनारस सिटी में मुद्रित।

प्रथमबार १०००) १९८२ (मूल्य ॥-)

(यो ग्रन्थ ग्रन्थकर्ता का स्वाधीन मा छ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नं. २६५६
दर्ता
३२५१

समर्पण

स्वः स्वरूप बोध चैतन्न्य प्रकास नामक पुस्तक पुष्पावली श्रीमत्परम हंस परिब्राजका चार्य यतीन्द्र वर देश हितैषी विद्वज्ज शिरोमणि सत्य निष्ठ सत्यवादी उदारात्मानित्य स्मरणीय श्री १०८ पुज्यवर शिवरामपुरी गुरु माहाँराज का पवित्र चरण कमल मा श्रधा युक्त आदर पुर्वक यो पुस्तक समर्पित गर्द छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तत्व मत्स्यादि माहात्म्यले धर्माक्षर लेखी सत्यवाचा बाधी एको
ग्रन्थ हो कसैले यो ग्रन्थ फोरी श्लोक तोडी नाम बदली
छपाउने धुर्त हरुका उपर गुरु कसम् दिकन त्रिखण्ड ग्रन्थ
कोआद्यो पान्त सर्वाधीकारी स्वामी पूर्णानन्द परमहंस
ले आफ्नु नाम मा रजष्टरी गराइ लोको पकार
का नीमीत्त प्रकास गरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निवेदन ।

यो ग्रन्थ को अभीप्राय सम्पूर्ण मेरा मनको भावना गद्य भाषामा स्पष्ठ खोली दिया को छ विना गद्यले पद्य बाट मात्रैं भावार्थ बुझ्न मुस्कील पर्ने छ ज्ञान वैराग्य भक्ती को साराङ्स योग हो योग को यथार्थ हुनु जोहो स्वमोक्ष हो वाच्यार्थ को गम पुगेरमको कुरा गद्य भाषामा जनाई दियेको छ पद्य भाषा धेरै जगामा सब्द दचन उल्टा पुलटापरी पत्र पंती अशुद्ध भएर जगा जगामा मेरो भाव समेत् लोप भएको कारन प्रूफको करेक्शन् गर्ने जानुत्कार कविले पदवचन बदली गुडार्थको रव्याले नराखदा ठाउ ठाउमा अशुद्ध भये को रहेछः सब्दा क्षरकं वेसी हुदा फाकी छन्दनभीली बुझ्न न सके को पंती हरुमा भ सक शुद्ध गरी दियको छ प्रारब्धकर्म भोगनुपर्दा द्वंद्व आलस्य ले नीवृत्ती चीत्तमाथिआ आनन्दानन्दसीषेले पद्य कापी शुद्ध गर्ना नीमीत्त कवीका हाथदिदाः स्वार्थी हरुवाट तत्व मसीमा हावाक्ये मा गमन पुग्दाविषेष व्यवहारै पक्षको द्वैत भावले कापी बीमोजीम् नगरीविषये हरु तलमाथी पारी श्लोकांकपनी कतै राखी कतैं न राखी जथाभा वीगरी अर्थानुसार पर्न कामनगरी फुर्ती को साथ तुरन्तै छपाई दिदा पछी आरोग्ये शरीरवाट चीत्त प्रवृत्तगरी जांची हेर्दा पदपंती पीछे अशुद्ध बुझीदा अवला अनारी वालष अजान हरुले बुझ्न सक्वैनं भनी ग्रन्थ पद्यको विषय विभागगरी पत्रैपिछे पंतीपद सच्याइ दिये कोछ अव पछील्लोपटक् छापिदा गद्य भाषाको साथै साथ अशुद्धको शुद्ध गरी कापी वमोजिम् पद्य गद्यमुल वेदान्त समेत् छपाई प्रकाष हुने छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषयानुक्रमणिका ।

संख्या	विषय	पृष्ठ	श्लोक संख्या
१	भूमिका		
२	मंगल पाठ	१	५
३	गणपतिस्तोत्र	३	८
४	गणेशस्तुति	५	१६
५	सरस्वतीस्तोत्र	७	११
६	दत्तगुरुस्तुति	१०	१०
७	दत्तात्रयमुनिस्तुति	१३	९
८	निजगुरुस्तुति	१६	७
९	गंगास्तुति	१८	७
१०	देवीस्तुति	२०	१५
११	संक्षपदेवतानामोच्चारणस्तुति	२४	१६
१२	कृष्णविनयस्तुति	२८	१८
१३	काशीमहात्म	३५	८
१४	विचारांश	३८	२१
१५	भगवद्भक्तोद्धार	४३	११
१६	धर्मोपदेश	४६	५७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संख्या	विषय	पृष्ठ	श्लोक संख्या
१७	मनोपदेश	६१	१५
१८	विचारबलमायाजीत	६५	६०
१९	पण्डितोपदेश	७३	९७
२०	हिन्दी भाषा	९७	२३
२१	भगवद्भक्त विचार	१०३	१३
२२	ब्रह्म पुत्री विवेक	१०७	१६
२३	सतोपदेश	१११	३५
२४	अयंब्रह्मात्मा	१२०	१४
२५	ग्रन्थपठनफल	१२४	२१
२६	ग्रन्थकर्त्ताविनय	१२९	२२
२७	कविप्रतिमनकोउत्तर	१३५	५
२८	भजन	१३७	१०
२९	आशीर्वाद	१४०	१६
३०	ध्रुवंतत्वमसी		
३१	गुरू प्रशंसा		

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुद्धाशुद्धिपत्र ।

विषय	पृष्ठाङ्क	पंक्ति	अक्षर	शुद्ध	अशुद्ध
भूमिका	१	८	११	ह	ह
	१	९	२	टो	रो
	२	४	१३	छ	छ्र
	३	१८	२०	मा	
	९	९	१६	हि	हो
	४	१	३	ही	ह
	४	२	३	को	का
	१४	१	२	अ	उ
	४	१६	७	हरुले	तेरुको
	१	७	२६	चेष्टै	चेतै
	७	१५	१	मा	क
	९	४	१८	+	म
	8	५	१७	कि	क
	९	१६	३	फामक्तहरु	हरुक
	१०	११	१०	त्रि	त्र
	१०	२१	२५	+	मा
	१२	१४	७	+	उ
	१२	१७	२२	±	एक
	१२	१८	७	पूरो	पूरा
	१३	२	३	±	रे
	१३	१८	२६	का	फ
	१४	९	६	न	±
	१४	१९	१२	भवण	लेरुपछं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	पृ	पं	अ	शु	अशुद्ध
गणपतिस्तोत्र	३	४	१०	हरु	हुन
	५	३	९	हुँ	न्
गणेश स्तुति दोहा					
दत्तगुरुस्तुति	११	१३	४	क	च
निजगुरुस्तुति	१७	१०९	±		त्
	१७	१६	८	निर्गुण मा रुप छैन नाम् रहित को तत्व मसी फुर्णगो	
गंगास्तुति	×	×	×	शुद्ध	×
देविस्तुति	२२	५	२	उ	श्र
	२३	१०	६	ह	द्र
संक्षेप सर्वदेव स्तुति	२४	११	५	ह	द
	२५	१०	११	ऊ	ज
	२६	१	९	न	नी
	२६	११	५	पाप	जाप
कृष्णविनयस्तुति	×	×	×	शु	×
काशिमाहात्म्य	+	+	+	शु	+
विचारांश	३८	८	१९	रे	र
	३९	१९	१२	लो	त्या
	४०	८	१६	स	+
	४०	१०	७	य	व
	४२	८	१५	शान्त	रा
	४२	११	११	मा	१
	४२	१३	११	त	न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	पृ०	पं०	अ०	शुद्ध	अशुद्ध
भगवत्भक्तोद्धार	+	+	+	+	+
धर्मोपदेश	६०	७	९	भ	र
मनोऽपदेश	६१	३	२	भं	भ
	६२	१	३	१६	+
	६२	१	३	प	र
	६२	८	१	काम	पान
विचारबलमायाजीत्	६६	१५	२	का	वा
पण्डितोपदेश—	७४	९	१९	नि	न
	७५	७	१४	हाला	जव
	८५	८	१०	मम	—
	८८	१	३	वर्ष	वृद्ध
	८८	३	७	तमो	तेमा
	८१	११	९	—	सत्य
	९५	६	७	चर्म	धर्म
	८६	११	१४	पथ	पन्
	९६	७	५	परम	विषय
हिन्दी चौपाई	९८	३	४	भर्थ	अर्थ
	९८	५	३	दुःख	मे
	९८	६	६	को	हे
	१०१	४	६	मेन	पिके
भगवद्‌ भक्त विचार	१०४	१	३	मा	नो
	१०४	९	४	नि	पि
ब्रह्म पुत्री विवेक	१०७	१	५	सात	सांत
सतोपदेश	११३	५	१३	योगित	रोगी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	पृ०	पं०	अ०	शुद्ध	अशुद्ध
	११३	१५	२	सर्व	वे
	११४	८	२	भज	भन्जु
अयं ब्रह्मात्मा	१२०	१	७	स	सि
	१२०	१	३	भडि	भिड
	१२१	१४	१२	ले	ल
	१२२	३	१४	कर्ता	केर्त्ती
	१२२	१२	१३	—	था
	१२३	७	७	रु	र
	१२३	१३	११	छुल्यो	छयो
		१४	११	यी	—
ग्रन्थकर्ता विनय	१३३	३	१	प	ग
	१३४	५	८	पा	य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

जगत् नियन्ता परमेश्वरका माया जालले ढाकिएको क्षणिक सुख सिन्धुमा मोहित भयौं, विषयको मात्र ईच्छा गर्ने प्राणीहरूका मनले क्षण भंगुर, तुच्छ विषयलाई, अक्षय सुख ठहराएका, विपरीत वुद्धिले उल्टो मार्ग हिंड्न लागेका, साधन, सम्पादन पनी विषयको मात्र गर्ने, निशिदिन त्रिविध तापले दग्ध भै आयु व्यय गराई, अमूल्य मनुष्य चोला अकार्थमा गुमाई रहेका, संसारमा मन्द वुद्धि मनुष्यहरूका हृदयमा रहेको आसुरी सम्पति अन्धःकार हरोस्, गुरु कृपाले पाईने ज्ञान ज्योति प्रकाशले गुप्त रहेको दैवी सम्पति एक एक देखुन्, पाउन् भन्ने अभिप्रायले यो अक्षय सुख ज्ञानामृत सम रस लुटाएकोछु, लुटून्। यो मौसर फेरी मिल्ने छैन। आखीरमा सज्जनहरूले स्वीकार गर्नैं पर्नेछ। यसै कारणले अनमोल मनुष्य शरीर पाएका औसरमा सत्संग द्वारा विचार पूर्वक देह-निर्वाहा मात्रको व्यवहार चलाई, असत्लाइ जलाई, सत्लाई नछोड़ी कन शुद्ध भै, पवित्र मनले, शुभ कर्म गरे समय पाएर ज्ञान प्राप्त भै यो उग्र डरलाग्दो भवसागरवाट सहजैसँग पार पुगिने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	पृ०	पं०	अ०	शुद्ध	अशुद्ध
	११३	१५	२	सर्व	वे
	११४	८	२	भज	भन्छु
अयं ब्रह्मात्मा	१२०	१	७	स	सि
	१२०	१	३	मडि	मिड
	१२१	१४	१२	ले	ल
	१२२	३	१४	कर्ता	केत्ती
	१२२	१२	१३	—	मा
	१२३	७	७	रु	र
	१२३	१३	११	छुप्यो	छयो
		१४	११	री	—
ग्रन्थकर्ता विनय	१३३	३	१	प	ग
	१३४	५	८	पा	य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

जगत् नियन्ता परमेश्वरका माया जालले ढाकिएको क्षणिक सुख सिन्धुमा मोहित भयी, विषयको मात्र ईच्छा गर्ने प्राणीहरूका मनले क्षण भंगुर, तुच्छ विषयलाई, अक्षय सुख ठहराएका, विपरीत बुद्धिले उल्टो मार्ग हिंड्न लागेका, साधन, सम्पादन पनी विषयको मात्र गर्ने, निशिदिन त्रिविध तापले दग्ध भै आयु व्यय गराई, अमूल्य मनुष्य चोला अकार्थमा गुमाई रहेका, संसारमा मन्द बुद्धि मनुष्यहरूका हृदयमा रहेको आसुरी सम्पति अन्धःकार हरोस्, गुरु कृपाले पाईने ज्ञान ज्योति प्रकाशले गुप्त रहेको दैवी सम्पति एक एक देखुन्, पाउन् भन्ने अभिप्रायले यो अक्षय सुख ज्ञानामृत सम रस लुटाएकोछु, लुटून्। यो मौसर फेरी मिल्ने छैन। आखीरमा सज्जनहरूले स्वीकार गर्नै पर्नेछ। यसै कारणले अनमोल मनुष्य शरीर पाएका औसरमा सत्संग द्वारा विचार पूर्वक देह-निर्वाहा मात्रको व्यवहार चलाई, असत्लाइ जलाई, सत्लाई नछोड़ी कन शुद्ध भै, पवित्र मनले, शुभ कर्म गरे समय पाएर ज्ञान प्राप्त भै यो उग्र डरलाग्दो भवसागरबाट सहजैसँग पार पुगिने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मार्ग यहिहो, यसलाई सज्जनहरूले लिनै पर्ने ठहराई; गुरु आज्ञा स्वीकार गर्नमा योग्य छ भनी पण्डितादि, कवि, श्रीमान्, महाशय जनहरुमा नमृतापूर्वक वाच्यार्थले निवेदन गरी, संक्षेपले किंचित भावार्थ जाहेर गरेकोछु। भाषा हो भनि विद्वान् साधु सज्जनहरूले तुच्छ न गरुन्, किनभने कालले, वखतले, समयानुसार भाषैको परिवर्तन भएको हुनाले, वाह्य विषयपनी मन वचन कर्मले खोलिदिएको छ । शास्त्रादि वल पनी छैन, गुण युक्त वुद्धि वल पनी केहि छैन, विभुत्यादि वित्तले रहित साधारण सरल भावको भिच्छुक रूपमा अत्यन्त दीनछु ! योगेश्वरादि विवेकी महात्माहरूका चरणको रजहूँ। पण्डितादि सर्व कवि सज्जनहरूले यस कितावमा शब्दाक्षर न मिली, छन्द भङ्ग भै, पद भ्रम्स भएकामा दया द्रृष्टि राखी, अशुद्धको शुद्ध गराई, विग्रेको सच्याई दिनमा योग्य छ । विवेक, धर्म रहित भै दीर्घ रोग लागेका नर जीवहरू, गुरु उपदेश रूपि औषधिले अचेत भएका मनुष्य सचेत होउन् भन्ना निमित्त, विधिपूर्वक निषेध वचन को परहेज गरी—महावाक्य रूपि औषधि विचार रूपि अनुपान सँग खाए अविद्या रूपि दीर्घ रोग सहजै छुट्ने थियो-भनि गुरु कृपा भएको उपदेश रूपि ज्ञानामृतलाई विवेकी जनहरूले अवश्य पान गर्नु हुन्यैछ। परिपूर्णात्मा स्वयं ब्रह्म असङ्ग वुझिंदा शरीरमा वाँधिएको जस्तो देखिन्छ तापनी गुरु कृपाले गरी स्थूल को ममता वहुत कम हुँदा, ब्रह्म वुद्धिले विचार गरेमा केवल स्वयं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मा मेरो देह, उपाधिले भिन्नभिन्न नाम रूपका ममतामा परेका नरनारीहरूका हृदयमा प्रकृतिले ढाकिंदाको, अज्ञान रूपि अम्मल खाएर मोह रूपि घोर निद्रामा परी, षट् विकार रूपि स्वप्नमा भूलि रहने भारत–भूमिका स्वदेशी, मेरा आत्मा परम मित्र हरूको, परमार्थ रूपि मूल ढुकुटिको षट् सम्पति रूपि खजाना, आफ्ना दशै इन्द्रिय रूपि चोरहरूले कुसंग द्वारा कुकर्मले चोरी शक्तापनी मनुष्य लाई निन्द्राले नछोड्दा, आत्म ज्ञान रूपि दयाले वांकी रहेको शेष वर्णाश्रम को धर्मरूपि धन फेरी चोरिन न पावस्, निर्वाहा मात्रको धर्मरूपि धन बचाउन शकेभने दान पुण्य गर्न नशके तापनी सत्य धर्म को नाम स्वर्गकालान्तर मा प्राप्त होओस् भन्ना निमित्त गंगा जलरूपि सतोपदेश बधीर कर्ण मा छरी, अचेतरूपि निद्रा खुली, सचेत रूपि जागा हुनुहोला भनी प्रेमका साथ जगाएकोछु।

सनातन धर्मको विशाल मत साँचो ठहर्दा, शास्त्र प्रमाणले जीव सुतेको धेरैवेर भैशके छ। एक कम चौराशी लाख योनिमा निद्रावाट जगाउने सद्गुरु, अथवा हाम्रा ऊपर दया गर्ने मित्र कोही रहेनछन्। अति लामो, घुमाउरो बाटामा हिंड्दा, दुःखरूपि असैह्य कष्टको वेदनाले वारम्वार मूर्छा परेका बखत पूर्णात्मा सर्वान्तर्यामि- को दया भै अवता अचेत जीवले चेत पावस् भनी मनुष्य तन को चैतन्य चोला मिलेको हो। नर देह जीवले चेत राख्नुनै पर्दछ। यो मौसर चुक्यो भने फेरी गरौंला भनेको कताहो कता ? यस जीवनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णाश्रमको धर्म थामी सत्यलाई न छोड़ी, परमेश्वरको भक्ति भजन गर्दै रहनुपर्दछ। सत्को मार्ग पक्रनेहरू शनैःशनैः परम गतिमा अवश्य प्राप्त हुन्छन्। "अब त्यसो होइन; पछिको आशा न राखौं" भनि ब्रह्म-विवेकले मशक्क आँटेर, यो तुच्छ विषय लाई विचारद्वारा चटक्क छाडी वैराग्य लियोभने यसै जन्मदेखि जन्म पालो पुगेको थियोतर केगर्नु भारतभूमि भित्रका ब्राह्मणादि चारै वर्णमा र सन्यासादि चारै आश्रम मा स्वधर्म न रहँदा क्षणभङ्गुर सुखका निमित्त पापको मात्र उन्नति भैरहेछ। अब दुःख रूपि पापको लोप गराई सुख रूपि धर्मको उन्नति होओस् भन्ना खातिर सतोपदेशरूपि शिक्षा दिएकोहो। यो सम रस शब्दहरूमा कहिं बद्ध भाषा, कहिं गद्य भाषा, कहिं मूल भाषा, कहिं हन्दी दोहा, कहिं चौपाई, कहिँ निर्गुणहरू छन्। त्रिगुणांश मिश्रित भएको, महाजन, सज्जन, ज्ञानी, महात्मा, साधु, संत, भक्तहरूको कथन ऊनायासै स्मरण भएका शब्दहरू असंकलपबाट बनेका हुन्। यो सामान्य भाषा खण्डाखण्ड, छिन्न भिन्नसहस् टुकुरा जोडिए को देखी सज्जन अनेक शंकाको आधार लियी तुच्छ नगरुन्। किन भने, जस्तै खण्ड खण्ड जोडिएका इक्षुको आकार टेढो, बांगो देखिन्छ तापनी त्यसको रस टेढो, बांगो, नमीठो हुँदैन, त्यस्तै श्लोकहरू टेढो मेढो, कुरा न पुगेको, भाषा छन्द न मिलेको छतापनी यसको परिणाम मा ज्ञानामृत सम रस टेढो, बांगो, तीतो, पीरो, केही छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हे प्रिय पाठक सज्जन वर्ग ! साना ठूला कौनै ग्रन्थ को पनी हेर्न इच्छा हुने कवितानुरागि रसिक जनहरूले समग्र आद्योपान्त फुर्सत माफ़िक एकपटक समाप्त गर्नु,रस बस्यो भने दश पटक हेर्न आफैं मन हुन्छ । बुद्धि भएका मानिसहरूले श्लोक को भावार्थ संझी ग्रन्थ-कार को अभिप्राय समेत बुझी, ज्ञान-वैराग्य-भक्तिको भाव राखी यसलाई प्रेमसँग पाठ गर्नु । पहिला पटक पाठ गर्दा रूपको मूर्ति दुरुस्त बन्न जाला, दोश्रो पटक पाठ गर्दा आकृति सुन्दर पूर्ण रस दायक होला, तेश्रा पटक पाठ गर्दा ज्ञानामृत आनन्दको रस पान होला । रूप, रस, गुण केहो भने—सत्‌को रूप, चित्‌को रस, आन्दको मग्न प्राप्त होवोस् भन्नाका निमित्त तीन पटक बताएको हो । यदि स्थिर चित्त गरी दृढ विस्वासले विचार गर्न शके एकै पल्ट पाठ गर्नाले पनी ज्ञान, वैराग्य, भक्ति उदय भैं सहजै मुक्ति मिल्ने छ । सामान्य भाषा हे तापनी यो ग्रन्थ योग मार्ग-चाट बनेका हो । तर व्यवहारवाट विषयाशक्ति स्वार्थीहरूलाई विवेक विचार गर्न कठिनै पर्नेछ । कारण—

कहत कठिन समझत कठिन, साधन कठिन विवेक ।

वैराग्य विना आत्म-ज्ञान को स्फुरण हुनै शक्तैन । पुस्तकको आशय लियि सुनेका भरले लोकलाई शिक्षा दियी, दुनियांमा माननीय भै, पूज्य भएका पुरुषहरू छन्तापनी त्यस्ता ज्ञान रहित योगी पण्डित, शास्त्रीहरूका चित्तमा ब्रह्मज्ञानको लेश मात्र पनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठर्न शक्दैन। शास्त्र वलले सत्संगत द्वारा केही केही वुझ्दा पनी संसारीहरूले व्यवहारवाट सत्साधना हुन्न कठिन छ। साधु महात्माको सेवा भक्तिले पूर्ण भै किञ्चित् साधना भैगयो भनेता पनी, माया ब्रह्म संयुक्त वुझि विवेकै गर्न कठिन पर्दछ। यस सांसारिक व्यवहारमा परोपदेश दिन, गर्नमा पण्डितादि कुशल छन् परन्तु आफ्नो मनलाई आफैले शिक्षा दिनमा विवेक ज्ञानको मौसर पाउँदैनन्।

गुरवो वहवः संति शिष्य वित्ताप हारकाः।
दुर्लभः सद्गुरुर्देव शिष्य सन्ताप हारकः॥

यो कुराता प्रत्यक्ष संसारमा देखिएकैछ,—धूर्त, चालाकहरू धनवान् मनुष्यलाई नानाप्रकारको वनावट उपदेश दिन्छन्,कुनै प्रकारका काव्य, मनोहर श्लोक,कथा, पुराणको प्रमाण अघीराखि शिक्षा मन्त्रदिन्छन्। यसले पनी नभए तंत्रमंत्रजंत्रगरी धुर्त्याईं वुद्धिले लाटा सुधाको मन आफू तिर फर्काई क्रमैसित तिन्को धन खिची स्त्री-पुत्रहरूको पालन पोषण गर्ना निमित्त व्यवहारैवाट परम सद्गुरु वनी इज्जत दौलत कमाउँछन्, त्यस्ता शिक्षकहरूले शिष्यलाई औसरमा दिएका शिक्षाको अनगिन्ति वयान गर्दछन् तापनी त्यसको सहस्र गुणमा एकगुण पनी तिनीहरूले अनुभव गरेको वुझिंदैन। जुन अवगुणलाई निपेध गरी शिक्षा दिन्छन् सोही निपेध गुणमा स्वयं त्रितापले दग्ध भएकाछन्, अर्काको छाती कुन चालले शान्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गराउनन् ? वरू कुनै कुनै श्रोता शिष्यहरूमा थोड़ा वहुत धर्मको चेष्टा, सत्को विचारता देखिएको छ परन्तु वक्ताहरूमा सत्को विचारता स्वप्नामा पनी देखिएको छैन । धर्मार्थ परमार्थको ज्ञान नभएका ज्ञान गर्वी वक्ताको चेष्टैवाट विवेकी पुरुषले सवै भाव वुझ्दछन्। यस संसारमा शिष्यको धन हर्ना निमित्त मात्र गुरु वनेका ता धेरै छन् परन्तु शिष्यहरूको त्रिविध तापले दग्ध भएको चित्तलाई शान्त गराई, ज्ञान मार्ग लगाउने सद्गुरुता दुर्लभै देखिन्छन्।

यसै कारणले साधु महात्माहरूको सत्संग गर्दै सत्साश्त्र पढ्दै गर्नु । तत्वमस्यादि महावाक्यका सत् शब्द हरू हेर्दै गर्‍यो भने किञ्चित् ज्ञान हुँदै जान्छ, यसरी जति जति वुझ्दै गयो त्यति २ चित्त स्थिर भै सत् असत्को विभाग हुँदै जान्छ । विचारवाट विवेक ज्ञान भएपछि शनैः शनैः समय पाएर पानीमा नुन विलाएझैं क्रमैसँग यो जीव आफैं व्रह्ममय स्वरूप हुन्छ । यस ग्रन्थमा पनी मुनि, योगी, ऋषि, तपस्वी, भक्त, ज्ञानी, विवेकी, महात्माहरूका मुखारविन्ददेखि प्रकाश भएका महावाक्य आदि सत् शब्दहरू अनायासै स्मरण भएका श्लोक अर्थात् ज्ञानार्थमा पार पुगेका वाणिहरू वीचवीचमा परेको कारण व्रह्म विवेकीहरूमा व्रह्म वुद्धि फरक न पर्नाले स्वयं मेरो आत्मावाट प्रकाश भएको हो भन्ने ठहरिंदा अद्वैत भाव राखेको हो। नाम रूप अनन्त हुँदा देह उपाधि भिन्न देखिएको मात्र हो, सत् भन्ने वस्तु यौटैछ । सत्यको प्रमाण दुइ न हुंदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुमान मा पनी जीव ब्रह्ममय भै स्वयं आफ्नो स्वरूप मात्र देखिंदो रहेछ। मेरा मन वचनले सत्को साक्षी सतै वुझि एकमा एकै लेखि दिंदा अंक अक्षरको आकार मात्र भिन्न भयो, शव्द ता एकै हो भन्ने ठहराउँदछ। सत्को परिणाम न हुँदा अनाश्रुतैमा—अनायासै निक्लेका शव्दहरू भाषा छन्द न मिलेका शव्द-वचन नपुगो छिन्न भिन्न भएका छन्तापनी सत्को अभेद वुद्धिमा अद्वैत हुँदा १ को विभाग गरेमा असत्को स्मरण भै २ भन्नु अवश्य पर्दछ। एक अङ्क चिरी दुइ भाग गरी, प्रकृति पुरुष भनी संसारी भेद बुद्धिल शिव शक्तिको द्वैतभाव मान्ने चाहीं अज्ञान हो। ब्रह्म विवेकीहरूका ब्रह्म वुद्धिले ठहरायिएको, अद्वैत अखण्ड अच्युत अजन्म अमर नाम रूपमा निर्विकार स्वरूपले पूर्ण भएको, आकार आकृतिदेखि रहित भएको नाम रूप भन्दा पर रहेको ब्रह्महुँ भनि वारम्वार स्वयं ब्रह्म ज्ञानिहरूले सोहं शव्द उच्चारण गरेकाछन्।

ईश्वरका अनन्त शक्तिले चिताएको असंख्य नाम जीवको सृष्टिमा मनुष्य मात्रको चारैवर्णलाई शुभाशुभ कार्य गर्न मुख्य आफ्नै मनको सहायता नभै धर्मको केही कर्म हुनै शक्तैन। मनले पकाई भात पनी पाक्तैन, मनको लड्डु खाई पेट पनी भर्दैन। मनलाई मदद दिने त्यसको सहोदर भाई वुद्धि सँगै छ। मन वुद्धिलाई प्रकट गर्ने महत्वको अंश स्वभक्तका हृदयमा सूक्ष्म रूप भै अभक्तका स्थूल रूपले कार्यका शुरूमा अहंकार रहन्छ। त्यसपछि प्राक्तनीय वासना वमोजिम चित्तमा धारणा हुन्छ। परमार्थ ब्रह्म विवेकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चित्त एकाग्र भएका मुमुक्षुहरूलाई ता यत्तिकैले पनी पुग्दछ । अब बाह्य कर्म, स्वर्गादि प्राप्त हुने धर्म, रौरवादिमा जाने अधर्म, गर्न-लाइ आफ्ना दशै इन्द्रियहरुको सहायता, बल, मदद, लियी, प्रकृति सँग निवेदनगरी भन्दा, वासना बमोजीम म कर्त्ताको आज्ञानुसार शुभाशुभ कार्य हुन आउँछ भनी ब्रह्म विवेक महात्माहरूका तत्व-मस्यादि महावाक्य ले स्पष्ट गरी दिएकाछन्, यसको उदाहरण यहाँ भनी रहनु पर्दैन, अवलोकन गरे आफैं विदित हुनेछ ।

अब यो स्वदेशी सामान्य मातृभाषाको पनि भाषा तात्पर्य तोता बोलीको बाल भाषा, आधा कुरा बाहिर आधा कुरा भीत्र रहे-को कारण, जस्तै बालकहरू आफ्नो अभिप्राय मनका कुरा सबै वचनले पुऱ्याउँन शक्तै नन्, किंचित् शब्दको भाव बुझेर लालना ताड़नाको साथ माता-पिताले पालन पोषण गरि रक्षा गर्दछन्, त्यस्तै तत्वमस्यादि महावाक्यको सत् शब्दहरूको भावार्थ बुझि यथार्थ हुनता मन वचन देखि पर रहेको, चार वाणी देखि रहित्त भएको हुँदा स्वानुभवले मात्र जानिने,भन्न वा कहन शकिंदैन, परमे-श्वरहरूका ऊपर गुरुको कृपा हुनाले ग्रन्थकारको अभिप्राय सम्झिकन भाव बुझ्दछन्, विचार बिना शास्त्र पढेर बुझ्न सक्तै नन्, ज्ञान योगको साधना विना स्वानुभव हुनशक्तैन, सत् गुरु बिना हतौड़ी न पाई सत् साधनाको मेलो जानिंदैन, वैराग्य विना साह्रै कठिन भई साधकीहरूको मन बारम्बार हट्दछ, भक्ति योगका बल-ले चित्तको निराधार भयो भने ब्रह्म विवेकको ज्ञान हुनलाग्दछ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आत्म-ज्ञानको मार्ग सजिलो छैन, जस्तो वलहीन कमजोरहरू महाघोर रोगको औषधि पर्वताग्रमा हूँदा खान भनि गएका, एकदम ठाड़ो उकालो चढ्न नशकि कोई वाटैमा मर्दछन्, धेरैजना चढ्ने उमेद घटेर उँधैतिर फ़र्कि मर्दछन् ,कोहि एकात् अमृत खान पुग्दछन्। अव इ ओह्रालो लागेका मनुष्यहरू विषयादि पोषले इन्द्रियादि प्रवल भइ अधर्मले वचेटिएका प्रणीहरु चौराशीमा चांडै पुग्दछन्। अव यो कुरा धेरै पढेर होला कि भनौ भने पनि पंडितादि शास्त्रीहरू ठूला जंगलका वीचमा पसेको वालक झैं वन छिचोल्न नशकी भव रूपि अरण्यमा अल्मली रहनु जस्तै हो। शास्त्रको वल पुग्योभने दिशा सम्म छुट्याई दिन्छ, परन्तु भव रूपि जङ्गल वाहिर गर्न शक्तैन। यो ग्रन्थ को अभिप्राय भित्र, गूडार्थ वचनले कहिने सम्म संक्षेप वाच्यार्थले खोलेकोछु, पंचतत्व धारी त्रिगुणका अधिकारी व्रह्मा विष्णु महेस्वरादि देवताहरूका उपासकहरूले आदि शक्तिको सहायता लीकन आफ्ना वुद्धि वमोजिमको भावनाले गरेको कथन र अनादि शक्ति वलले स्वयं व्रह्मवुद्धिभै विरक्ति महान् पुरुष, योगी मुनि महात्माहरूका मुखारविन्दवाट व्रह्म विवेकले प्रकाश गरेको शव्दाक्षर, तत्वमस्यादि माहावाक्यले निर्गुणोपदेश, व्रह्म ज्ञान, गुरु कुलको शिश्यावलिर सगु्न्को वर्णाश्रम ऋषि,कुलको सुशित्ता धर्म, नीति समेतको किंचित् स्वधर्म लेखी प्रकाश गरेको मात्र हो, अकर्त्ता शुद्ध नो अक्षरमा मात्रा नलाग्दा कर्मादिको कारण आदि होतापनी असंकल्पको कार्यमा कारण पर्नै शक्दैन, जीवले कर्मादिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को आदि कारण मेटिन नपाउँदै कार्यको शुरू देखी कार्यको अन्त्य सम्ममा कामनादि संकल्पवाट अर्को कारण पर्नजाँदा जीवको नाम न मेटिनाले सुसुप्तीसंम पनि पुग्न न शकी फर्केको, चराचर रूपमा नष्ट देह धारण गरी, जाग्रत स्वप्नले घुमाइएको स्थूल सूक्ष्म शरीर धारण भै जीवको नाम रूप न मेटिंदा जन्म मर्नू रोगले वारंवार नष्ट भएको कारण नरदेहवाट षट् विकार समेतको प्रपंच फैलाएर भेद वुद्धिले पक्षपात गरो, तेरा मेरो भनी कार्य-को कर्त्ता भोक्ता महुँ भन्ने देहाभिमानले मायावद्ध भै वारंवार नष्ट भएको हो, अव मात्रा नलागेको म कोहूँ भनौला हे प्रिय पाठक सुजन हो ! मकार समेतको वाच्यार्थ, अहं ब्रह्मास्मीयत् पर ब्रह्मेति श्रुते वेदान्तादि प्रमाणले अनन्त नामरूपको शव्द ब्रह्म हुँ, लक्षार्थमा सांख्यातित गुणातित शव्दातित हुँदा " अवाङ् मनसः गोचरः" मन वचनदेखि पर रहेको कार्य कारणको साक्षी चिन्मय पूर्णात्मा चैतन्य प्रकाश स्वःस्वरूप वोध स्वयं ब्रह्महुँ भन्ने षड् विकारको देहाभिमान रहनै शक्तैन। नाम रूपको आकार आकृति प्रपंच जो छ माइक प्रकिति वाटै वनेको हो, नी अक्षर निर्गुण अवि-नाशी अखण्ड अच्युत अजन्म अमर असंग अपार अगम् तत्व-मस्यादि महावाक्यको शव्द ब्रह्मवाच्यार्थ जो जति छ सो निर्विकार अन्तरात्मा सर्वान्तर्यामि मन वचन देखी पर रहेको सत्‌चिदानन्द ब्रह्म हुँ, सम्पूर्ण जीव ब्रह्म हो तापनि माया रूपी आवर्ण ले ढाकि-एको छुँदा तल माथी भित्र वाहिर गर्नु परेको छ। यो असम्भव व्यूह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तोड़ेर विजयको साथ आफ्नो जय कल्याण गर्नामा समर्थ मनुष्य व्यतिरिक्त अरु चोलाबाट नशक्ने तात्पर्य, स्वर्गका देवताको पनी गम नपुग्ने मा यो सामान्य क्षण भंगुर नरदेहबाट सत् शास्त्र हेरी सत्संगत द्वारा सत्भाव सद्बुद्धि भएपछी सद्गुरु प्राप्त हुन्छन्। गुरु प्राप्तभएपछी विरक्तिहरूलाई फेरी जन्मनु पर्दैन, सुख स्वर्ग, को आशा गर्ने मनुष्यहरूको अधर्म नष्ट भै सुखानन्द पाउन् भन्ना खातीर यो किताप तयार गरेको छ। अब यसै ग्रंथद्वारा सत्संगत गरी इनै तत्वमस्यादि माहावाक्यलाई सत्गुरु धारणा गरी सतो-पदेशको ब्रह्मवार्त्ता हेरून, सतशिक्षा बुझुन्, स्वार्थीहरूको व्यवहारै बाट अधर्म छुटोस्, मुमुक्षुहरूको जन्म मरण रोग छुटोस् भन्ना-निमित्त यसमा अनेकानेक साधु महात्मा ऋषि मुनि योगी तथि भक्त-हरूका मुख पद्मबाट निस्केका महावाक्य समावेश गरिएको ज्ञानामृत रस हुँदा ब्रह्म विवेकी मार्गमा पथिक भएका माहान् पुरुषहरू हुन्। उ चाहे एक नारी गृही होउन्, चाहे ब्रह्मचारी विद्यार्थी होउन् या योगी यती होउन्, सबैले विचार गर्नामा योग्य छ, ठूलो रोगको वेदनाले निशिदिन छटपटाइएको प्राणी लाई कष्ट निवारण गर्ने औषधिको कामगरी सुनमा सुगन्धको वासना भरी, एकएक सच्चा साथीलेझैं पूरा मद्दत गरी, अथाह गहिरो भवबाट पार गराउने दिव्यनौका यही हो, सजनहरूले हेर्नुहोस् ? नहेर्नाले पछी पछुतो पर्नेछ। यो सामान्य सरल भावको स्वदेशी मातृभाषाहो अबला अनारी बालखहरूले पनि बुझुन् भन्ना निमित्त यस ग्रन्थ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मा तीन भागगरी तयार गरेकोछु, पद्य विरंची, विष्नु गद्य, शिव मूल ३ शक्ति चैतन्य प्रकाश भएको त्रीखण्ड केहुन् भने अमूल्य रत्नका टुक्रा हुन्। यस विषयमा मैंले दीन भै नम्रता पूर्वक निवेदन गरेका शब्दहरू विचारवान् परोत्कर्षमा अन्तर्दाह न हुने परोपकारी पण्डितादि कवि परम मित्र स्वदेशी मेरा अद्वैतात्मा नरनारीहरूले विचारसाथ हेरी योग्यको स्वीकार, अयोग्यको त्याग गरिदिए पूर्णानन्दवाट सहजै वनेको वालभाषा तोते वोलीले कृत्य कृत्य लाभ गर्नेथियो। स्वधर्म सत्याचार परमोत्तम नाम द्रिव्य ज्ञानलाई भारतवासी नरनारीहरूले हृदयमा वास नदिंदा सुक्ष्मरूपले विरक्त भै रुँदेरुँदै फिरेका ज्ञान वैराग्य भक्तिलाई अव विचार राखी दयाले निवास स्थान दिनु पर्दछ। छ प्रकारका दैवी सम्पतिमा सम्पतिको लेशमात्र पनी न रहनाले नरनारीहरूको हृदय शुन्यभै अँध्यारो हुँदा ज्ञानज्योति प्रकाशले चित्तमा गुरु परमेश्वरको भाव भक्ति पूर्णरूपले रहोस्, वर्णाश्रम धर्म थामियोस् भन्ने अभिलाषा गर्द छु, अवश्य पूर्ण पनी हुन्यै छ।

यो ग्रन्थ पढेर यदि यहाँहरूको परमार्थ धर्म, शुभ लाभका साथैसाथ किंचित् मनोरंजन भयोभने पूर्णानन्द स्वरूपवाट सहजै बनेको ज्ञान ज्योति प्रकाश गरी अमूल्य मणि रत्न लुटाएको फलिभूत भयो, अर्थात् परोपकारको सुफल आनन्द वढने छ, यो ग्रन्थक प्रारम्भ देखी आरम्भ सम्म सर्वान्तर्यामि परिपूर्णात्मा गुरुपरमेश्वरसँग मेरो मनसा वाचा कर्मणा ले प्रार्थना गरेको छु, स्व स्वरूप वोध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चैतन्य प्रकाश भएको पूर्णानन्द विवेक मालाको ग्रंथ पढ्नेहरूका देह शुद्ध भै शुभ संकल्प पूर्णहोवोस्, गुरु कृपाले हरिभक्तिमा चित्त लागी पाप समूह चूर्ण होवोस् ।

कोही दुःखी नर नहुन्, सुखि हुन् समस्त ।
पापादि नष्ट भइ धर्म वढोस् प्रसस्त ॥
भक्ती जमोस् हृदय मा गुरुका कृपाले ।
दीर्घायु होस् भगत को शिवकादयाले ॥
कहीं भजन् छन् कहिं वद्ध भाषा ।
कहीं कुराछन् कहिं छन्द खासा ॥
कहीं छ चौपाइ कहीं छ मूल ।
दोहा कहीं छन् समयानुकूल ॥

अनाश्रित कर्मफल भोगेकोहुनाले वित्तको अभाव हुँदा तीन खण्ड समम्पूर्ण छापिएन । अर्थादि कम भएका हरि भक्त हरू ५।७ जनाको यथाशक्ति श्रद्धाहुँदा प्रथम खण्ड पद्य भाषा छपाई प्रकाश गरेको छ, मूल वेदान्त वद्धभाषा भन्दा कुरा धेरै मूल थोरै भएको गद्यभाषा हुँदा रहिस धनाढ्य भलाद्मी अमिरहरू परोपकारमा कोही अग्रसर न हुँदा वेदान्त मूल र गद्य भाषा प्रकाश गर्ना निमित्त वद्ध भाषा किताबको कागजको दाम र छपाई कीमत लेखिएको हो, अनमोल चीज व्रह्मज्ञान जसका शव्दले स्पर्श हुंदा अनन्त जन्मको पाप समग्र चूर्ण गरी सत्यधर्मलाई निश्चयले धर्नै लोकोपकार निमित्त तयार भएकोहो । श्रृंगाराष्टकको रस लेशमात्र पनी छैन, केवल व्रह्मविवेक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वधर्म परिणाममा मात्र काम दिने वर्त्तमान् कालमाता नीरसोलो देखिने छ, कारण वैराग विना शब्दको यथार्थ नहुंदा शृंगारानुरागि विषयी हरूलाई यो कितापमा प्रेम रस राम्रो वस्ने छैन। उदार चित्त भएका विवेकी पुरुष लाई समरसले पूर्ण भै परमानन्द प्राप्त-हुनेछ। महात्मा जगत्गुरुस्वामी पूर्णानन्द परम हंसले वैराग्य पूर्ण भै स्व स्वरूप वोध भएका परम शान्ति सन्यास अतिथी ले सारांश अमूल्य गूढार्थ को भावना प्रकाश गरि, यो ग्रंथ छपाएको कारण मुमुक्षुजनका हितार्थ प्रशिद्ध गरेको ग्रन्थ अति विनय भावले सुजन-हरूमा अर्पणगरेको छ। शब्दले सत्याक्षरवाचा वाँधिएको ग्रन्थ फोरी, श्लोक तोड़ी, नाम वदली छपाउने धूर्तहरूका ऊपर गुरुको कसम दीकन यस ग्रंथको आद्योपान्त सर्वाधिकार स्वामी पूर्णानन्द परम हंसले आफ्ना नाममा रजिष्टरी गराई लोकोपकारका निमित्त प्रकाश गरेकोछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ हरिः ।

॥ पूर्णानन्द विवेक माला ॥

प्रार्थना

पाणौ यस्य च मोदकान्त विमलं दन्तं कुठारायुधम् ।
चन्द्राभं मदमत्त नाग वदनं व्यालोपवीतोज्ज्वलम् ॥
यक्षाद्यैः सुर किन्नरैर्मुनि गणै र्नागैः सदा वन्दितम् ।
विघ्नेशं सततं नमामि शिरसा ज्ञानार्थ सिद्धि प्रदम् ॥१॥

शुक्लां ब्रह्म विचार सार परमां माद्यां जगद्व्यापिनीम् ।
वीणा पुस्तक धारिणीमभयदां जाड्यान्धकारापहाम् ॥
हस्तेस्फाटिक मालिकां विदधतीं पद्मासने संस्थिताम् ।
वन्दे त्वां परमेश्वरीं भगवतीं बुद्धि प्रदाम् शारदाम् ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमत्पङ्कज विष्टरो हरि हरो वायु र्महेन्द्रो नलः ।
चन्द्रो भास्कर वित्तपाल वरुणो प्रेताधिपादि ग्रहाः ॥
प्रद्युम्नो नल कूबरः सुर गजः चिन्तामणिःकौस्तुभः ।
स्वामी शक्ति धरश्च लाङ्गल धरः कुर्वन्तुनो मङ्गलम् ३

गङ्गा सिन्धु सरस्वतीच यमुना गोदावरी नर्मदा ।
कावेरी सरयू महेन्द्र तनया चर्मण्वती वेदिका ॥
क्षिप्रा वेदवती महासुरनदी ख्याता च या गण्डकी ।
पूर्णा पुण्य जलः समुद्र सहिता कुर्वन्तु नो मङ्गलम् ॥४॥

गंगा गोपति गोमती गणपति गोविन्द गोवर्द्धनो ।
गीता गोमय गोरजा गिरिसुता गंगाधरो गौतमः ॥
गायत्री गरुडो गदाधर गया गम्भीर गोदावरी ।
गन्धर्व ग्रह गोप गोकुल गणा कुर्वन्तुनो मंगलम् ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गणपति स्तोत्र ।

गणेश ! गौरीनन्दन् ! गणपति ! हजुर्का चरण मा ।
नमस्कार् बारम्बार् विनय-परि गर्छू शरण मा ॥
अनाथ्‌का नाथ् हे नाथ् ! सुनिकन अनाथ् का सबकुरा ।
न पाउन् विघ्नादी गण हरु ममाथी अब छुरा ॥ १ ॥
हजुर्कै सेवक् छन् त्रिभुवन भरी विघ्न जतिछन् ॥
हजुर्को आज्ञा ले तिनि हरु सबै लोकपातिछन् ॥
हजुर्ले इन्लाई परगरि दयाले भरिदिनोस् ।
हजुर् आफैं लागी सुफलसबकाम्काज् गरिदिनोस् ।२।
न जावस् सन्सारी भयिकन कुपथ्‌मा भुलि मति ।
दया राख्नोस् ढाक्नोस् अभय वरदान्ले जति तती ।
बढोस् निर्मल् भक्ती मिलि प्रबल शक्ती रति रती ।
रहोस् मन् पाऊमा लियिकन विरक्ती अब अती ॥ ३ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुकुट् शोभित् शिर्मा, गजबदन ले ताप् हरिदिने ।
सदाकाल् चार् हातमा वर परशु मोदक्हरु लिने ॥
ललाट् मा सिन्दुर्को तिलक, प्रिय दूर्वादल धरी ।
लिने मूसो बाहन् प्रभु ! सकल छाड्नोस् तम हरी ॥४॥

शरद् कालका सुन्दर् शशिकन ललाट् मा धीर लिने
बदन् उज्वल् गम् गम् भयि गमकले लोक् भरिदिने ॥
सदा ऋद्धि सिद्धी प्रिय भयि हजुर्का महल मा ।
सुशोभित् भै बस्छन् चँवर करमाली टहल मा ॥ ५ ॥

पुगे को दाँत् गोलोक्तक सकल लोक् भेदन गरी ।
डुबेको सूँड् गुराले अमल भयि पाताल नगरी ॥
बसन् चन्दन सिन्दुर् फुल हरु भरेका बदन मा ।
गजानन् ! लम्बोदर् ! हरि बिकट राख्नोस्शरणमा ।६।

सकलविघ्नका सिद्धिकापनी ।
स्वामि एकबनी बुद्धिकाधनी ॥
सुतहुँदा हजुर् शम्भुका यहाँ ।
जयमिली छुट्यो ताप् जगत्महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गलितवाणिमा पंक्ति भावमा ।
पदविशेषमा राख्नुहोस् त्तमा ॥
आस पासमा वद्ध हुँ यती ।
विघ्न नाश् गरी शीघ्र्यौं मती ॥

गणेश स्तुति ।

दोहा ।

सिद्धि सदन शंकर-सुवन, लम्बोदर गणनाथ ।
विनय करहुँ कर जोरिके, तव पद नाकर माथ ॥१॥
काम धर्म धन मोक्ष है, मुख्य पदारथ चार ।
दास रहत तव हैं बने, महिमा देखि अपार ॥२॥
एक रदन गणराज है. विघ्न विनाशक नाम ।
गजमुख गणपति नामसे, पूरण हो सब काम ॥३॥
सिद्धिवि नायक जग गुरू, रवि शत तुल्य प्रकाश ।
बिसरावो मत चित्त से, सदा रखो तुम पाश ॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दास समझ कर भक्त को, विनय सुनो यह मोर ।
कृपा सिन्धु! प्रभु! सर्वदा, पावें पद रज तोर ॥५॥
भक्त हैं खड़े दृष्टि दीजिए, विघ्न दूरहो-दूर कीजिए ।
शरण लीजिए नाथ प्रेम से, हृदय स्वच्छ हो नित्य नेम से
दरश की लगी चाह है बड़ी, दरश से छुटे यातना कड़ी ।
सकलबन्धु का प्रेम है यही, तुम बिना प्रभो! कोइ हैं नहीं
अब हटे घटा कष्ट क्लेश की, रह सके प्रभो! टेक भेषकी
तुमदयालुहो मोक्षकेधनी, अखिलशास्त्रकेहौतुम्हीमणी
तुम दया धरो दीनमें सदा, शरम भी बचे नाथ! सर्वदा
शरणलो गहो, दास जानके, प्रियबनो तुम्ही आज प्राणके
भूत भविष्यत वर्तमान, तीनों काल विचार ।
तव करुणा से होत है, कर जग-बन्धन पार ॥१०॥
त्रिभुवन के तुम हो पति, मंगल-मोद गणेश ।
लाज रखो अब भक्त की निर्मल हो यह भेष ॥११॥
शरणागत हूँ नाथ मैं, लो अब भार सँभाल ।
जय गणपति, जगके धनी, दो अब बुद्धि विशाल॥१२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निशिदिन सुमिरत नाम है, यह सेवक धर ध्यान ।
तव करुणा से अन्त में, पावे पद निर्वाण ॥१३॥
प्रभुवर ! नाम अनन्त है, महिमा अमित अतूल ।
करुणाकर हरदो सभी, त्रिविध ताप भय शूल ॥
विघ्न विनाशन जगमणी, गिरिजा पुत्र गणेश ।
सुमिरौं निशिदिन प्रेम से, भक्ति न रखकर-शेष ॥
बुद्धि नहीं नहिं ज्ञान है, नहिं मति गति धृति लेश ।
केवल पूर्णानन्द है, नाम भेष अवशेष ॥ १६ ॥

सरस्वती स्तोत्र ।

बुद्धि प्रदा देवि जगत्र-माता ।
धाता विवेकी जन मोह त्राता ॥
मातर् ! हजुर्को चरणोदकैले ।
मोहान्धकार् नाश्न मँ पाउ अैले ॥ १ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सेतो कमल् आसन श्वेत अम्बर् ।
सेता चवँर् बाहन स्लाँश कम्बर् ॥
विशाल आँखा, मुख दिव्य उज्वल् ।
प्रकाश रुप्, सुन्दर-नेत्र कज्जल् ॥२॥
तम्बूल को लाल अमोल ओठमा ।
अत्यन्त मोहन् विरि स्वच्छ दन्तमा ॥
चुल्ठा झुलेको अहिझैं फणा धरी ।
वाणी दिने वाणि समस्त लोक्भरी ॥३॥
झल् झल् भएको मणि-मौक्ति माला ।
बाहू विषे कङ्कण रत्न बाला ॥
औंठी जड़ाऊ अति दिव्य पैजनी ।
नूपुर्बजी मोहन निस्कने ध्वनी ॥४॥
जडाउ टीका शशिझैं ललाट मा ।
अम्मृत् भरेका सुनको गिलासमा ॥
वीणा सितार पुस्तक ताल सङ्गमा ।
शोभा बढ़ेको अति दिव्य अङ्गमा ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झुम्का हिरा मोति छ कर्द्धनी को।
शोभित् छ भूषण मति वर्द्धिनी को॥
कागज् मसी लेखनि भाँति भाँती।
पद् दान् दिने पद् बढ़िया समाती॥६॥
श्रीफूल चिन्तामणि युक्त शिर्मा।
उड्ने गमक् अत्तर को शरिर्मा॥
गद् गद् हुँनाले दृग-वारि झार्नें।
आनन्ददायी बनि ताप टार्नें।
यस्तो मुहार् लाइ जसै म देख्छू।
आफैं भुलेको भुलि भाव लेख्छू॥
मातर्! प्रसाद ले प्रिय भक्ति जोड़ी।
हुन्छन् सहज् पार भव बन्ध तोड़ी॥८॥
पाऊँ प्रसाद् दिव्य हजूर को सदा।
लाज् टेक चेतन् गुण भक्ति सर्वदा॥
भोग्दा करम्-भाव भुलें म मातरी।
पाऊँ दया आज क्षमा सबै गरी॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्यै बात् मिचाऊँ गरिएछ तापनी ।
राखे दया भक्त अजान हो भनी ॥
गायत्रि माता जगकी तिमी धनी ।
बालक् सधैं को मछु पाउका मनी ॥१०॥

सारा हजुर्को गुण भाव नीती ।
एक् एक् म पाऊँ लिन राखि प्रीती ॥
सन्तोष् दिलाऊ मन लाइ औले ।
पक्रें चरण्-पद्म म छोडछु कैले ॥११॥

दत्त गुरु स्तुति ।

श्रीमन् अनन्त अवधूत त्रिताप हर्त्ता ।
अव्यक्त आद्य अखिलेश्वर विश्वभर्त्ता ॥
विद्या विवेक मतिधीर अगं अपार ।
अत्री सुत·पतित पावन निर्विकार ॥१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मा हरी हर त्रिमूर्त्ति त्रिदेव एक ।
सृष्टि स्थिति प्रलय हेतु बने अनेक ॥
कारुण्यसिन्धु अधिराज गुरु त्रिलोकी ।
ज्योतिः प्रकाश गुण सागर सर्व भोगी ॥ २ ॥
अद्वैत अच्युत अजन्म अमर् असंगी ।
अद्भुत् असम्भव अलौकिक सर्व संगी ॥
व्यापक् सनातन महेश त्रिलोक स्वामी ।
सर्वान्तरात्म भव मोचन ब्रह्म नामी ॥ ३ ॥
आनन्द निर्गुण प्रभो ! अविनाशि तेरा ।
मेरा–रहे चरणमें दिन रात डेरा !!
अम्भोज रूप, गुण अम्मृत तुल्य वाणी ।
हौ सृष्टिनाथ पुरुषोत्तम चक्रपाणी ॥ ४ ॥
ले मत्स्य कच्छप बराह नृसिंह रूप ।
दे भक्तमें विभव सौख सभी अनूप ॥
भूभार के हरण को अवतार लेते ।
सन्सार में भजन का पथ खोल देते ॥ ५ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

है जन्म स्वेदज जरायुज आदि सारा ।
देते पथक् तवरसे तुमही सहारा ॥
हौ दिव्य कल्पतरुके बिच स्वच्छ छाया ।
माया विहीन तुममें जग है समाया ॥६॥

साभुन्नु वस्तु जतिछन् उत सूक्ष्म जाने ।
यो दिव्य मार्ग बुझि सद् गुरुलाइ माने ॥
आनन्द का घर अगम् अबिनाशि नाथ ।
पाऊँ मबस्न प्रभु का दुइ पाउ साथ ॥ ७ ॥

यो विन्ति लगोम् यहि सत्य धर्छू ।
दयालु का दृष्टि परोस् म तर्छू ॥
अनन्त नाम् रूप् भनि सक्छु काहाँ ।
पुग्दैन गम्ले महिमाछ जाहाँ ॥ ८ ॥

ब्रह्मा शंकर विष्नु तीन रुपको शिर्तीन जम्वाभयो ।
आठ् हात्भो गुरुदेव दत्तप्रभुको सेवक् शरण् पर्छे यो ॥
नाऊँ सार्थ हवस् प्रभो हजुरको आठ् वाहुले तान्नुहोस्
स्वामी हे अवधूत ! भक्तप्रभुको आफ्नैभनीजान्नुहोस् ६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उद्भिज्ज स्वेदज जरायुज आदि आदि ।
संसार में रचत हौ बनके अनादि ॥
है दिव्य कल्पतरुवर् बिच नित्य छाया ।
" माया बिहीन परिपूरण ब्रह्म पाया " ॥

दत्तात्रय मुनि स्तुति ।

श्री स्वामि दत्तात्रय बिघ्नहारी ।
अलख् पुरुष अव्यय निर्विकारी ॥
प्रभो ! मुरारी त्रिपुरान्तकारी ।
आनन्द मूर्ती प्रिय है हमारी ॥ १ ॥
हंसः खगेशः वृषभः सवारी ।
बिरंचि नारायण मन्मथारी ॥
त्रिनेत्र धारी त्रिपुरान्तकारी ।
आनंद मूर्ती प्रिय है हमारी ॥ २ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सावित्री माया गिरिजा बिहारी ।
कमण्डलू चक्र त्रिशूल धारी ॥
स्वच्छंद चारी घट में बिहारी ।
आनंद मूर्ती प्रिय है हमारी ॥ ३ ॥

नागेन्द्र हारी शिर गंग धारी ।
भस्मासुरारी सुखके प्रचारी ॥
श्यामांग काषांपित वस्त्र धारी ।
आनन्द मूर्ती प्रिय है हमारी ॥ ४ ॥

संसार सारा रचना तुमारी ।
आश्चर्य भारी महिमा अपारी ॥
आके जगत् पार करो मुरारी ।
आनन्द मूर्ती प्रिय है हमारी ॥ ५ ॥

भक्तोपकारी जन ताप हारी ।
लज्जा हमारी रखिए सँवारी ॥
अर्जी सुनो मर्जि मिले तुमारी ।
आनन्द मूर्ती प्रिय है हमारी ॥ ६ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मा हरी हर् त्रय ताप हारी ।
श्रीदेव दत्तात्रय निर्विहारी ॥
धरो प्रभो ! हात भुजा पसारी ।
आनन्द मूर्ती प्रिय है हमारी ॥७॥
शंकष्ट हारि भव रोग् निवारी ।
हौ लोकके एक तुम्ही बिहारी ॥
है पूर्ण आनन्द प्रभा तुम्हारी ।
आनन्द मूर्ती प्रिय है हमारी ॥८॥
माता पिता बन्धु सखा मुरारी ।
विना गुरू हैन शरण् हमारी ॥
माता कुमारी पितु ब्रह्म चारी ।
आन्दन मूर्ती प्रिय है हमारी ॥ ६ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निज गुरु स्तुति ।

ईश्वर रूप् गुरूका चरण कमलमा साष्टांग पैले गरी ।
लोक् को हित् कनसोचि, यस्बखतमाज्ञानामृतै कासरी ॥
नानाशास्त्रपुराण्कथाऋषिप्रणित् योगकामहावातहरू
संक्षेप ले गरी गर्छु बर्णन यहाँदिल्दी सुनुन् सब् अरू १
शक्तीमान्गुरुमुर्तिनामशिवरामज्ञानीविवेकीमहान् !
श्रीकाशीमणिकर्णिकास्थलमहाँमुक्तीहुनेएक्छस्नान्
उतमुस्वच्छ पवित्र स्थान छ तहाँ दशनामि संन्यासिको
प्रख्यात छन् गुरु दत्तका जनहरूभक्तीहुनेस्वामिको २
मेरा हुन् शिव राम् पुरी गुरु लिने आनन्दका पद् ठुलो
योग् ले भोग हरी जितेन्द्रिय भयी इन्द्री भयेका लुलो
रात् दिन् नग्न रहेर द्वन्द सुख दुख् शीतोष्णलाइ सही
बस्ने मग्न भएर दत्त पदमा ज्ञानोपदेश्सब कही ३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दर् दिव्यपवित्र दत्तगुरुको घाट्माञमान्दि र्‌तयार्
पत्थर्को अतिस्वच्छ मूर्त्तिञतहाँ आनन्दमिल्ने अपार्
दर्शन्‌गर्नुचरण् धरी गुरुजिको राखी विवेकज्ञानविचार्
बोल्थे सत्य बचन् स्वधर्मि जनको गर्थे जतन् लेसह्यार्॥
धेरै काल् तपगर्नु भो गुरुजिले पुग्दा अवस्था असी।
त्याग्नूभो नरकोच्चाणिक्‌तन यहांआसन्‌कमल्कोकसी
मैन्हा भाद्रवदी सतत्तर महाँ उत्तम्‌थियो खुब् तिथी।
दिन् एकादशिको प्रभात गुरुवार्पाल्नूभयोभोग्‌जिती
श्रद्धापूर्वक कर्म काण्ड रितले पुजा गरी मूर्त्तिका।
गंगामा लगि जल्‌प्रभागरिदिञलीभाव सत्‌कुर्त्तिको
मेरा सोहि घड़ी विचार मनमा आयो अहो भाग्ययो।
मुक्ती श्री गुरुको भयो सहजमामानिस्‌जुनीसाध्यभो
चेलो हूं शिवराम नाम गुरुको आनन्द नाम्‌पूर्णहो।
वैराग् तीक्ष्ण हुँदा विवेक बलले अज्ञान कोचूर्ण भो॥
ब्रह्माग्नी प्रकटित् भई त्रिविध दुख् नाशेरज्ञान्‌पूर्ण भो।
निर्गुण्‌मारुप छैन नाम् रहित को तत्वमसी फुर्नगो॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गङ्गा स्तुति ।

शिव जटापर बाहिनी मातरी !
भँवरि छाल तरंग लिने धरी ।
जननि मेरि सबै जगकी धनी ।
त्रिपथ गामिनी जान्हवि तारणी ॥ १ ॥
लियि रमापति को पद रज् पनी ।
बहि पवित्र भयी कन जल् बनी ॥
हुन गयी सब जीव् हरुकी गती ।
जल कणा छ अलौकिक औषधी ॥ २ ॥
त्रिभुवन भरि देख्छु जही तहीं ।
जल विना अरु छैन गती कहीं ॥
जननि ! अम्ब ! तवाङ्ग जलै मय ।
गुण छ स्वच्छ विकल्प निरामय ॥ ३ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अति पवित्र मनोज्ञ हिती सदा ।
पतित पावनि गङ्ग यदा तदा ॥
छ महिमा जननी बहुतै अपार् ।
जगत को पनि छुट्तछ आइ भार् ॥ ४ ॥
जय ! विरञ्चि हरी हर भामिनी ।
त्रिजगकी परिपालिनि स्वामिनी ॥
परम उत्तम नाम स्वरूप् बड़ी ।
शरण छन् नर् मुनि हर् घड़ी ॥ ५ ॥
विविध कारण कार्य स्वरुप् अनेक् ।
सकल आत्म प्रसारक ब्रह्म एक् ॥
अभय पूर्ण सुधामय "ब्रह्म त्वम् ॥
छ प्रभु ! दास प्रती करुणा अगम् ॥ ६ ॥
गंगे ! भनेर मुख ले पनि एक बार ।
जो गर्छ हात दुइ जोरि जहाँ पुकार ॥
निष्पापभो दुख दरिद्र पना हराई ।
छोड्लान् कती तरि सहज भव सिन्धुलाई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देविस्तुति ।

नमो ज्ञान की बर्द्धिनी अम्ब माता ।
नमो धात्रि स्वस्थानि सत् बुद्धि दाता ॥
नमो हिंगुलाज तारिणी त्वं विधाता ।
नमो विन्ध्यकी वासिनी चण्डि माता ॥ १ ॥
सम्पन्न शक्ती जगदम्ब माता ।
स्थस्थानि मेरी जननी त्रिनेत्रा ॥
नीलोत्पल स्यामल कोमलांगे ।
राखे दया भाव सब पाप भंगे ॥ २ ॥
भागीरथी सत्पथ गामि गंगे ।
शङ्कर्जटा शोभित नित्य संगे ॥
विन्धेश्वरी विध्यनि चण्डि ज्वाला ।
चक्रः त्रिशूल् डम्मरु हात माला ॥ २ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शर् चाप तोमर् तरवार् भुशुण्डी ।
सस्त्रार्थ वाली जननी कुशुण्डी ॥
भै अन्नपूर्णेश्वरि जीव् कृपाला ।
श्री कालिका धारिणि मुण्ड माला ॥४॥

नमो शारदे सत्य बुद्धीश बाला ।
नमो इन्दिरा सिन्धुजा सन्तपाला ॥
नमो अम्बिका भक्त माथी कृपाला ।
नमो योगिनी योग माया विशाला ॥५॥

नमो निर्मला नित्य बुद्धी निराला ।
नमो दामिनी रक्तदन्ता दयाला ॥
नमो भामिनी भागिनी भक्तपाल ।
नमो कामिनी कामरूपा कृशाला ॥६॥

नमो प्राणरूपा इडा पिंगलाया ।
नमो सूक्ष्मणा शान्ति रूप् शक्ति जाया ॥
नमो शत्रु संहारिणी कष्ट ज्वाला ।
नमो शङ्कटा कष्ट हर्त्ता कृपाला ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नमो दीन माया नमो तेज छाया ।
नमो वाक्यवाही सदा हों सहाया ॥
नमो व्योम पाताल पृथ्वी कि माता ।
नमो मोहिनी मालिका शुक्ति दाता ॥७॥

नमोउद्‌भिजा श्वेदजा अण्डजाया ।
नमो रागिणी राधिका भक्त छाया ॥
नमो स्वामिनी शारदा सत्सहाया ।
नमो धर्मिणी धर्मरूपा धराया ॥६॥

कल्याण दायक सनातनि हे सुभद्रा !
रात् दिन् प्रसन्न रहु हे जननी महेन्द्रा !।
हे मातरी ! सकल माफ रहोस् कसुको ।
दास् हूँ सदा मत कुपुत्र भन्ने हजुरको ॥१०॥

मातर् ! कुपुत्र जनमें न छुटोस् न पाऊ ।
पाऊँ कटाक्ष-करुणा भव तर्न नाऊ ॥
हे मातरी ! उदरमा दश मास राखी ।
पैदा गरी दिनु भयो जग मानि साक्षी॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हे पालिनी । हजुरबाट धरी दियेको ।
आनन्द पूर्ण रस अम्मृत ले जियेको ॥
अम्बे ! अमर् हुनगए गुरु भक्ति लाग्यो ।
काम क्रोध नाश भयि लोभ र पाप भाग्यो ॥१२॥

हे मातर् ! अपराध जो हुनगयो पाऊँ क्षमा सर्वदा ।
बालक् जानि दया रहोस् हजुरको, भक्ती न बिर्सू सदा ॥
घुम्दोछु परि कर्म चक्रमहाँ, पाइन कोई गुहार ।'
पर्छौ हुअनाथकोयतनलेलाईदिनोस् आजपार १३

चाँडो दर्शन पाउँ, राखि करुणा खोज्री शशीमुखयहाँ ।
ध्यान् गर्छन् हरिहरविरञ्चिमुनि जन् जस्कोसदामन्हाँ ॥
हे मातर ! म अतूलना चरितको के द्यूँउसै तूलना ।
अम्बे ! अम्मृत हातराखिदिनुहोस्लज्जार टेक् चेतना

सूर्यादि नौग्रह र योगिनि पिंगलादि ।
शंकष्ट विघ्न भय शोग् अरू गोचरादि ॥
हे विश्वपालिनि ! सदा सुखकी प्रकाशी ।
शान्ती रहुन् हजुरबाट समस्त क्वाँसी ॥ १६ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संक्षेप देव नामोच्चारणस्तुति।

पैले गुरू गणपती र कुमारलाई ।
गर्छू प्रणाम् सुमति बक्सनुहोस मलाई ॥
सम्पूर्ण विघ्नहरु शान्ति गरेर अैले ।
जुन् चिज् छ नित्य अनि मुख्य मिलोस दयैले ।१।

मूषक् मयूर दुइ बाहन का उपर्मा ।
चढ्ने दुवै प्रभु दिउन् बल यस समर्मा ॥
हे शारदे ! भगवती परि पाऊ माहाँ ।
गर्छू प्रणाम् रहनु होस् अब आइ याहा ॥२॥

पुस्तक् र बेन लिथि बुद्धि र बाणि देऊ ।
मेरो कुपुत्र छ भनीकन जानि लेऊ ॥
हे शारदे ! हरफ व्यर्थ कसै न जावस् ।
सद्धर्म शास्त्र न भुली सब कण्ठ आवस् ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शङ्कर् विरञ्चि हरिको शिर, अष्टबाहू ।
ध्यान् गर्छु दत्त अवधूत् गुरुको म पाऊ ॥
सत् मार्ग का परम ईश्वर इष्ट दाता ।
लेख्ने ललाट बिच मा विधिवत् विधाता॥४॥
श्री विश्वनाथ करुणाकर काशिमाहाँ ॥
डुल्छन् निरन्तर समस्त निवाशिमाहाँ ॥
सर्वत्र व्यापक हरीहर एक रुप्छन् ।
सृष्टी स्थिति प्रलय निम्ति त्रिरूप् बनिन्छन्॥५॥
गर्छन् कुरा यति मुनी तपि वेदवादी ।
षटशास्त्र को अभ्र प्रमाण छ जन् अनादी ॥
गङ्गा र गौरि दुइ मातरि तात शङ्कर ।
आई बसुन् हृदयमा खुशिभै निरन्तर ॥६॥
अन्नेश्वरी ! त्रिभुवनै सब तृप्ति गर्ने ।
अम्मृत् हजुर्सित छ पाइ कबै न मर्ने ॥
यस्ती जगज्जननिको मत पाउ पर्छू ।
ज्ञान् रूपि अम्मृत मिलोस् भनि बिन्तिगर्छू७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हे अम्ब ! विश्वजननी ! सुनि शिन्तिमाता !
सब् ताप हर्दिनुहवस् हुनगै विधाता ॥
गोरख् कपिल् मुनि मछिन्द्र प्रताप जतीले ।
अष्टांग योग गरि दिउन् भरि सत्मतीले ॥८॥
हे पशुपतीनाथ् प्रभु ! गुह्यकाली !
इच्छा मुताबिक् बरद्यौ कृपा–ली ॥
श्री भद्रकाली बगला मुखीले ।
नाशुन् सबै दुःख बिपत् खुशीले ॥६ ॥
सिद्धान्त रुप्का मुनि तत्व धारी ।
हुन् दत्त मेरा गुरु निर्विकारी ॥
शंकर् उमा ताप दिउन् विदारी ।
भक्ती बढाउन् हनुमान भारी ॥१०॥
श्री अष्टभैरव महाप्रभु मातृकाले ।
रक्षा गरुन् अब उपर् गुरुका कृपाले ॥
श्री सूर्य चन्द्र हुतभुक्–शिव नेत्रधारी ।
ज्योती प्रकाश् गरि दिउन् भव जाल फारी॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हे विष्णु पोषक त्रिलोक अनन्त शक्ती ।
जागा रहुन् हृदयमा गुरुवाक् विरक्ती ॥
भूषण् बनी शिवजिका रहने फणीन्द्र ।
राखुन् दया अति विवेकि गुरो मुनीन्द्र ॥१२॥
अग्नी शशी रवि सबैवान मात गर्नें ।
ली तेज पुञ्ज जगको तम लाइ हर्नें ॥
सत्येक शुद्ध परिपूरण ब्रह्म माहाँ ।
दिन्छू चढ़ाइ जति छन् सब कर्म याहाँ ॥१३॥
आर्जन् गरें जति शुभा शुभ कृत्य आई ।
अर्पण् दिजे गरि चरण् प्रभुको समाई ।
आनन्द सत्य सुख का तिनि छन् स्वरूप् एक् ।
राखुन् दया लियि कृपागरि भेष को टेक्॥१४॥
त्रैलोक्य वासिनि सबैजिवमा छ वास ।
कामेश्वरी भनि प्रसिद्ध भएकि खास ॥
कारण् छ मोह गरने सब प्राणि जस्को ।
पाइन्न कोहि उपमा भव मात उस्को ॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अत्यन्त दीन हुनगै गुरु विन्ति गर्छू ।
पाये कटाक्ष–करुणा सहजै म तर्छू ॥
यो विश्वकर्म छ जती उति यस् बहीमा ।
लेखेर साध्यछ कहाँ । प्रभुकी महीमा ॥१७॥

कृष्ण विनय स्तुति ।

हे साँवला ! कमल नेत्र ! दयालु नाथ !
मेरा उपर् खुशि हुनोस् हरि लक्ष्मि साथ ॥
यस् मानवी हृदयमा प्रभुका चरण् को ।
भक्ती रहोस्स्मृति रहोस् हटि डर मरणको ॥१॥
भक्ती ठुलोछ प्रभुको भव पाश नाश्ने ।
श्रद्धा बढ़ाइकन, पाप समुद्र माश्ने ॥
वैराग्य जागृत हवस् अब चित्त माहाँ ।
ज्ञान् पाइ निश्चय चरण् कन छोड्छु काहाँ?॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाम् रूप अनन्त प्रभु भैकन ब्रह्म स्वामी ।
व्यापक् हुने घटघटै बनि पारगामी ॥
ध्यान् गर्छु शुद्ध मनले प्रभुका चरण् को ।
मन्मा छ पूर्ण करुणा म उपर् हजुर्को ॥३॥
हे कृष्ण स्वामी ! हरि भक्तगामी !
हौ लोक में स्वच्छ पवित्र नामी ॥
लीला नहीं जानत, शेष हारा ।
मैं क्या कहूँ बालक हूँ बिचारा ॥ ३ ॥
हुवा निराधार अती जगत्में ।
हूँ दास तेरा तन मन् बचन्से ॥
नाऊ पुरानी भव पार तारो ।
रक्खो कृपा पाप समस्त फारो ॥४॥
द्यौ भश्म पारी सब ताप मेरो ।
पार हूँ कसोरी भव नद् छ गैरो ॥
अलख् पुरुष अव्यय को म चेला ।
छू मृत्यु लोक् मा निशादिन्न अकेला ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कीच् में फसाहूँ करदे किनारा ।
हे कृष्ण प्यारा ! तुहिं बन्धु यारा ॥
कर्दे सफा मन्-मल आज धोयी ।
तेरे बिना हैन सहाय कोयी ॥ ६ ॥

हे प्राण नायक ! जग जीव पाला ।
श्री पूर्णिमाके शशिवत् उज्याला ॥
व्यापक् अनादी सबके सहायी ।
हे कृष्ण ! मेरी तुमसे दुहायी ॥७॥

बिन्ती म गर्छु सुनिल्यौन काला ॥
धेर् जन्म दीयौ किन पारि हाला ॥
कोटी छ बिन्ती-रहनू छ जाहाँ ।
लै जाउ सङ्गमा, अब छोड्छु काहाँ ? ।८॥

संसार देखी गर पार पैले ।
छोड़ी दिने छू तब जाइ मैंले ॥
पैले भनेको सब सोचि बात ।
मन् दृढ् गरी छोड्दिन नाथ ! साथ ॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेदान्त वाक्यै सब शास्त्र माहाँ ।
जिव् ब्रह्म हो निश्चय बात याहाँ ।
गर्ने गुरु हौ उहि बात माहाँ ।
विश्वास मेरा दृढ़ हुन्छ याहाँ ॥ १० ॥

सौगन्ध छोडदिन भनी आधिदेखि खाजे ।
कृष्णै समान् गुरु भए पनि दुःख पाजे ॥
भो जन्म घर परि वियोग यकलै फिरको ।
हो गर्न सङ्ग चरणकै दिन रात् पिरको ॥ ११ ॥

भेट मिल्नगो अब म पिर्दिन कत्ति कैले ।
उच नीच भनेजति कुरा गरि गालि पैले ॥
माफ् बक्सियोस् हृदय शुद्ध गराइ अैले ।
सब दुःख खोल्दछु वहाँ पछि यस् मनैले ॥१२॥

दुःखी अनाथ महुँ आज परेँ चरणमा ।
त्रैलोक्य का अधिपती लिनु होस् शरणमा ॥
संकष्ट विघ्न भय दुःख र क्लेश काटी ।
कायर मलू अभय दान् दिनुहोस् म माथी ॥१३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्दा वियोग् हजुरको जति दुःख पाञे ।
संक्षेप म गर्छु प्रभुमा भनि आज आञे ॥
ती कष्ट नाथ । कसरी सकुँला म भन्न ।
संभन्छु डर्दछु छ मुश्किल योनि गन्न ॥१४॥
तक्लिफ सही जनम लीकन मर्नु पर्नें ।
यै दुःख सागर महा फँसि जीव सर्नें ॥
त्यस गर्भ को कसरी गरु दुःख वर्णम् ।
सुन्दै पनी सकल काँतर जीव वर्नन् ॥१५॥
सब् दुःखमा अधिक दुःख छ गर्भवास ।
फेर्नैं कठिन् बहुत पर्दछ ऊर्ध्व स्वास ॥
गर्थें विचार मनमनै शय जन्मको हाल् ।
हुन्थ्यो मलाइ सब मालुम दुःखको चाल् ॥१६॥
त्यो अन्धकूप मलमूत्र भरी रहेको ।
उस्माथि षड्रस समेत् दिन रात् बहेका ॥
पर्थें-मता सब परी मुखभित्र मूर्छा ।
लाग्थ्यो-कड़ा सुनि अवाज़-भय दुःख मूर्ता १७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेघ् शब्द होकि अब बज्र परेर मछूँ ।
यै डर् भयी मन बिषे, अरु घर् म सछूँ ॥
यस्तो विचार् गरि, यता उति छट् पटिन्थें ।
हात्पाउशिर् नचलिक्यौ,तहिं गुट् मुटिन्थें ।
न्यूरेर गर्भिणि कुनै कृत गन लाग्थिन् ।
हुन्थ्यो सकस् मकन प्राण् अब हर्न आँटिन् ॥
यस्तो विचार मनमा भयि नित्य रुन्थें ।
सुत्थिन् ति गर्भिणि जसै दिल भित्र गुन्थें ॥
कुन् युक्तिले अब म निस्कुँ बिपत्ति देखी ।
कर्जोरि बिन्तिछ हरे ! अब छैन शेखी ॥
गर्नेछु भक्ति हरिको, गुरु वाक्य देखी ।
स्तोत्रादि जप् तप भजन् स्तुतिलेखिलेखी॥२१॥
गर्नेछु प्रेम् हरि बिषे तनमन् बचन्ले ।
यै गर्भ कोछ प्रण यो न भुलूँ म मन्ले ॥
बाचा महाँ बँधि लिंदा हुंदि जन्म पाञे ।
मनूँ र जन्मनु छुटोस् भनि विन्ति लाञे ॥२२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्गुण ब्रह्मसगुणप्रकाशजगतमादेख्ताअनौठाभयो ।
ब्रह्मा श्री हरिहरअनन्त रुपमा नाम् मात्रलेसब्कह्यो॥
आश्रम्होमुनिकोस्वरुप्मनुषकोयस्माबिचार् ध्यान्भयो
नित्यानित्यविवेकखुब्गरिलिंदाअज्ञान् अविद्या गयो॥

पाऊँ दर्शन नित्य पूर्ण रुप को, राख्नोस् दया सर्वदा ।
भक्ती पूर्वक लेचरण परि लिऊँ रूप् गुण् न बिसूं कदा॥
साष्टाङ्ग प्रणती स्तुती गरि सदा शिर्दिन्छुपद्मा धरी ।
जाहेर्सबदुखकोहवाल्कहिशकेंकर्जोरिबिन्तीगरी॥

यो जन्म छोडे पछि जन्म लिन्न ।
भैगो हुनू जो अब दुःख दिन्न ॥
पाऊँ जती जन्म रह्यो यही चाल् ।
मन्भीत्र माया रचि फिज्दछिन् जाल् ॥२५॥

प्रेरित् हुँदा नचिगऊँ मत हैन माया ।
शुद्धात्म हूं बुझ न पेल प्रमाण् छ सारा ॥
बग्वाद् गेंर गुरु हजुर्सित डर् न मानी ।
राख्नोस् क्षमा प्रभु ! अनुग्रह पात्रजानी॥२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साध्यै कत्ति हुँदैन दुःख मनको बिन्ती कहांतक् गरू ।
भारत् भो हरिवंश भो सकलती कम्ती हुनेछन् बरू ॥
त्याग्नू भो मनलेबचन् करमले प्रीती न राखी रती ।
लीला चित्र विचित्रमन्द मतिले जानेर जानोस् कती॥

लेखी पार् छ कहाँ अपार महिमा लाग्दैन पार्केगरू।
शेष्नारद्मुनि शारदादि जति हुन् थाके गुणीजन्हरू
ब्रह्मा थाकि गए थकित् ऋषि भए थाक्ता भए भम् महेश्
गम् देखी यरको अगम् छ महिमाहोसत्गुरू कैनभेप् ॥

काशी महात्मय।

राजामंत्रिमहन्तपण्डितमुनीसज्जनगुणीजन् हरू ।
स्तब्गर्छन्प्रभुभक्तवत्सलबुकम्झीज्ञान् छैन मो केगरू॥
जानी दीन कृपा हुँदागुरुजिको किञ्चित्बिवेक् कोशुरू
गर्छू गद्गद हुन्छ मन्मन्न महाँ मुख्ले बयान् के गरू॥१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केही हुन्छ स्फुरण् कुनै बखतमा, गुण् रुप् अपार् देखियो
दिल्ले पार न पाउंदा हुँदिफगत् सार् सार् विवेकले खियो
सोच्ने शून्य भयो निरन्तर गयोज्योती स्वरुप् मन् भयो
ब्रह्मास्मी सरि काशि मुक्ति नगरी साक्षात् शिवैरुप् छयो

आदी शङ्कर पूर्ण ब्रह्म प्रभुको बाराणसी हुन् पुरी ।
भन्छन् सद् अविमुक्त क्षेत्र नगरी, मुक्तीदिने आखिरी
श्री काशीशिवकाशिकाशिशिव योनाऊँ लिंदैमा पनी
जोछन् पाप शरीर का नरहि एक् आन्छन् ति भश्मैबनी

गङ्गा स्नान र विश्वनाथ प्रभुको दर्शन् बराबर् गरी।
निर्मल् देह गरेरसब् शरीरको कल्मष् भए भर् हरी ॥
यस् काशी पुरिमा सदैव रहने प्राणी हरू छन् जती ।
शंकर् रूप भनी बुझुन् पुरुषसब् नारी हरू हुन् सती ।

यस्मा क नर नारिहोस् कि अथवा कै जीव होस्ता पनी
त्याग्यो देह भने गयो सहजमैं शंकर् स्वरुप् को बनी॥
विद्वान् हेरु प्रमाणशास्त्रहरु को दिन्छन् कहन्छन् यहाँ।
यस् काशी पुरिको अपार महिमा शवछू बताई कहँ !॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ती काशि पुरीविषे रहनको इच्छा छ मेरो सदा ।
आधार् शंकरका चरण् कमलको भक्तीन छूटोस्कदा
भित्री आशयले सदाशिवजिमा बिन्ती म यो गर्दछ ।
युक्ती पार हुने रहेछ यहि एक् यै युक्तिले तर्दछू ॥

प्राणायाम विचारआसनसमेत् जो छन् अरू प्रत्यहार्
धारण् ध्यान समाधिज्ञानहरुलेजीव् जान्छ सन्सारपार
मन्लाईवशमा न पारि सहजअन्यत्र जग्गा महाँ ।
काशी बाहिक मुक्तिमार्ग कसरी मिल्लामजाऊँकहाँ॥

चञ्चल्दामिनिकैसमानजनकादेखिन्छ मन्कोगती ।
भीजो धेर हुनेचरण् कमलमा बिन्ती चढाऊँ कती ॥
तर्नें स्वच्छ पवित्र छैन जगमा ज्ञान्काशी बाहेक जगा
अज्ञान् मा परि रल्लिनेछ यहिजीव देला मनैले दगा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विचारांश ।

शिक्षासद्गुरुकोअपार बुझियोकिञ्चित् बिवेक कोशुरू
रातदिन्गर्छूविचार,छन्भनिअनेक्लोकमाकुलाचागु रू
व्याख्यान्शास्त्रपुराण्कुरानकहनेछन गर्विदाम्भिक्हरू
आफ्नोमत्बढियाबताइमतलब्झिक्छन,दबाई अरू॥

साराको पनि भाव् सबैबुझिलिंदादेखीन सार्एकरती
ज्ञान वैराग्य विचार अन्त्य गतिकोक्यैछैन, शोच्नेमती
यो काम् ता गरूँला अवश्य म भनी संकल्पगर्नू पुरा।
गर्नै छैन भनी लिनू प्रणपनीहो व्यर्थ को सब कुरा॥

एक् दिन् जानुछ देह छोडि सबले क्या जानि भोली भरे
जान्दैनन् जनतौपनी शरिरको जांदैन आशा हरे ! ॥
जानै पर्छ नगै हुँदैन बुझित्यो यावत् जती प्राणिले।
झूटो यौवन धन् छ स्वप्नसरिको, बुझ्नू फगतज्ञानिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनूँ त्रिर्सि अमर् मछू भनि अनेक पाप्काम् यहाँगर्दछन
कर्मौको फल भोग्न भोगि न हुंदा चौराशिमापर्दछन् ॥
माया जाल समस्त ढाकि हरिको फैली रहेको चिने ।
मन्माया बलियो अजित्छ हरिछन् केवल् सहायै दिने ॥

ज्ञान् रुप् अग्नि प्रकाश् नभैहृदयमा पाइन्न मुक्तियहाँ।
भक्ती युक्ति विवेक साधन गरे पुग्छन् परम् पदमहाँ ॥
वेद् वेदाङ्ग पुराण् कहन्छ गुरुको तर्दैन शिक्षा बिना ।
यस्कारण् गुरुकै शरण् परसबै छोड़ेर लीना दिना॥६॥

चढ्ने क्रम्मासित एक् दुई सिंढि गरी बिस्तार पाऊधरी।
पुग्छन् प्राणि वहीं जहाँ हरघड़ीबस्छन् जगन्नाथ् हरी॥
एक् दम् उफ्फन मन् गर्‍यो यदि भने त्यो दम्भिलाईवहाँ
दिन्छन् ठक्कर, फेरि आउँछघुमी यो मृत्युमण्डलमहाँ॥७॥

प्राणीका मनको घमण्ड छखराब् नाश् हुन्छ जस्लेलियो
यस्लो वश्गरि दैत्यराजवलि तक् पाताल पुर्‍याईदियो
तोड्ने शक्ति मलाह हुन् हरि फगत् नाऊ उतारी दिन्य।
श्रद्धा भक्तिविवेककोछ त्रहना, धन् देह हुन्पाहुना ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सारा तत्व बुझी विरक्त मनभै संसार छोडी दिञे ।
आफ्नाकुल् सव तार्दछू अब भनी संन्यासिकोभेष्लिञे
संन्यास्कर्म सिकाउने मकन सब् हुन् सद्गुरूनै जबर्
जस् देखी परक्कै दया स्वरुपका छैंनन्जगत्मा अवर् ६

बोध्को मूल्अनुभव् रहेछ हुनगोसब् बात बोध्भोयहाँ
चित्भानू उदयौ भएपछिसहज् मुक्ती छ दुर्लभ् कहां ?
वेद्को सूत्र छ मुख्यवाक्य गुरुको विस्वासमानीरहोस्
भक्तीज्ञानविचारिबात्जतिगरोस्फुट्छोडिसत्सत्कहोस

जीव्हो शंकर रुप् शिवालयशरिर यस् मन्दिरैमाबसी
गर्नू क्यौ, परकार्य साधन पनी अन्याय लाई कसी ॥
माया ब्रह्म फरक् छभन्दछु मता नाम् रुप् अकामाविसी
मिश्रित् वाक्य सगुण् र निर्गुण छयो बुझनूलगाईकसी

एकै ब्रह्म अनन्त राम रुपमा छन् मुख्यतीन् देवता ।
पाल्छन् नाशपनी गर्दछन् त्रिगुणलेकाम्पर्छगर्नू जता
यस्ता पन्थर ग्रन्थका मत अनेक् छन् एकपक्षीयहां ।
अर्काको मतलाइ खण्डनगरी नाम् राख्तछन् लोकमहां

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो चाल्सीत चल्दछन् जन सबै यौ मत् छ संसारभरी
देख्छू सुन्छु वीचार्दछू मत अनेक् उत्तम् दीने ज्ञान् हरी॥
वीस्वास् ज्ञान वीवेक हुन्न सबमा धेर् अन्न काछन् कीरा।
हुन्छन् पत्थरमा अनेक् तरहका शीलत्रीक माणीक् हीरा

मानीसमा पनी कर्म भोग् प्रबल भै चर्खा रुपी चक्र यो
उच् नीच् पर्दछ सङ्ग दोष गुणले सत् को जहाँ फेर् भयो
सत् रज् तम् गुणतत्व को धरमहो सृष्टी स्थीती संहरण्
ब्रह्मा वीष्णु महेश नाम् धरी सबै आफैं प्रभु गर्दछन् ॥

सच्चीत् रुप् परीपूर्ण अद्वीतीय एक् आनन्द पाऊँभनी
मन्मा तर्क वीतर्क गर्दछु अनेक् बालक् सरीको बनी ॥
काहाँ देखी भञे कसोरी कीन यो संसार मा पर्दछू ।
कस्तोछू कात जन्मगो बीती यसो कोहुँ म के गर्दछू।१५।

यस्तो आत्म वीचार छैन मनको के हुन्छ आःखीरगती
भोग्नू पर्छ अवश्य ताप् त्रीवीध यो वीग्रेर मन्को मती॥
काम् क्रोध लोभ प्रमोह मोह मद मात्सर्यादी सब चोरले
लुट् पीट् सत्गुण धर्मको गरीली एपक्रेर खुब् जोड्ले१६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाना भाव कटाक्ष ले रमणी गण मोहीत् अती पार्दछन्
आन्द्रामूंडीनीकालीप्राण खींची ौनिव्वाँसौस्री काइहुन्
माया का छलमा जनम् बहु बीते हेनाथ ! यस् जन्ममा
उद्धारण गरीवक्सीयोस् अती अजान् जानी, दयालीममा

माया का बनमा अमर् फल फल्यो टीप्ने इरादागरी
फीर्दोछू दीन रात यस वीपीनमामील्दैन अमृत् हरी !
उद्योग् केही गरूँ मनुष्य तनले भन्ने वीचार् यो भयो।
आत्मा एक् परीपूर्णव्यापकबुझी मन् शान्त रुपलेरह्यो

योगी हूं अघिको छयाद हरीमा माया छलीले गरी ।
फेरी जन्म भयो मनुष्य कुलमा सारांश अम्मृत् धरी ॥
अम्मृत् खाइ अमर् छुयस् बखतमा, जीव्हैनसत् ब्रह्महू
ज्ञान्रुप अम्मृत लेमतृप्तछु सदावीस्वासकस्मा कहूं ?

आकाश्वायुरअग्नीजलपृथीवीरजसत्तमइ जम्मा भयी
कायाबन्न गयो पीता जननी का द्वारा उदमी गयी ॥
पेदा स्थूल शरीर् भयो पृथीवीमा कुन् वासनालेइहाँ
सञ्च चीत्कोसब कर्मकर्म वशनो भोगी छ जानू कहाँ! २०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आगामी हुन जान्छ यस् जनम मा कर्मै गरेको जती।
मनू जन्मनु को छ कारण मनौ, नाशने सपार्न अती ॥
जांची मत् , मतको वीचार् सब गरी वेदान्त मर्म धरी ।
शिक्षा सद्गुरुको लियी दृढ भयी भन्छू वीवेक् क्यौ गरी
सांचो दिल् लीनु सत्यको पथ धरी सच्चा वीचार्मापरा।
सत कामले कती जन गए सहज पार् संसार सागर्तरी ॥
संक्षेप्ले गरी भन्छु किंचित म यो श्रीभक्तका नाम्हरू
सत्–सांचो, तप धर्म भक्त जन को बर्णन् कहां तक गरू

भगवतोधार ।

लोक्मा सचाजी सरीको तप छैन केही ।
सद्भाव सत्यपरी नाम ठहर्छ येही ॥
भन्छन्, तपोवल तपोधन दीव्य वल्ले ।
राम्चन्द्रको हरी लीए हय एक लव्ले॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवेन्द्र को हवी हरी कन योग बल्ले ।
स्वर्गौद्य लाइ दीनुभो क्षणमा च्यवन्ले ॥
त्यस्तौ सुमद नृप पनी रीपुले लगार्दा ।
गदा भए जननी को तप, राज्य हार्दा॥३॥

दर्शन् मिली जननीको निज राज्य पाए ।
भक्ती धरी अतुल भक्त भनी कहाए ॥
गज् लाइ पक्री कन ग्राह खडा भएथ्यो ।
हज्जार वर्ष जल भित्र लड़ी रहेथ्यो ॥४॥

मारेर ग्राह, गजको सब दुःख टारे ।
प्रल्हाद ले प्रभु हरे ! भनि नाम् पुकारे ॥
मारे हिरण्य कशिपू नखले विदारी ।
दिन्छन् विपत् प्रभु यसै गरि टारि टारी॥५॥

पाञ्चालि को पनि सभा बिच लाज राखे ।
जूटो बयर् सबरि को पनी आइ चाखे ॥
सब कुल् कुटुम्बर सुहृद् गुरु तात माता ।
देव् तीर्थ मित्र हजुरै प्रभु मुख्य दाता ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेदादि शास्त्र हरुले प्रभु हुन् कहेका।
अद्वैत रूप धरि चित्त विषे रहेका॥
जस्को कृपा हुन गए भव देखि तर्छन्।
ब्रह्मादीले पनि भजन दीनरात गर्छन्॥७॥

बुझ्छन् समस्त मनको पनि बात जस्ले।
मंगल् गरुन् जगत पूरण ब्रह्म सत्ले॥
मन्को मनोरथ सबै प्रभुमा छ जाहेर्।
मर्नू र जन्मनु विपत् बुझी छू म कायर्॥८॥

पल् पल् स्मरण् प्रभु जीकोमनले म गर्छू।
केही दया मिली गए सहजै म तर्छू॥
पाप् क्लेश दुःख गुरु–वाक्य लीएर काट्छू॥
यो तुच्छ रुख् वीषय को धरी ध्यान छांट्छू॥९॥

शक्ती हजुर्कि महिमा कहने म पाऊँ।
ज्योती नीरन्तर प्रभो! घटमा समाऊँ॥
तोड्ने समर्थ सबमा, भव बन्ध पाश।
एकै निरजंन प्रभू गुरुकै छ आश॥ १०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बीन्ती सुनी हुकुम भो-भव रोग याहां।
छूट्यो अवस्य मिलीजा स्वस्वरूप माहाँ॥
लीनभै रहेंछु गुरु कृष्ण चरण कमलमा।
आनन्द नीर्भय परम् सुखको महलमा॥१॥

संकष्ट रौगादी समस्त टारी।
क्रोधादी मात्सर्य समेत विदारी॥
सन्सारि यारी परतीर सारी।
यो पूर्ण आनन्द छ देह धारी॥

धर्मोपदेश।

संसार का प्रिय महाशय वर्ग लाई।
संझाउँछू म जयकार् गरी नाम् जनाई॥
सब्ले छ जानु दीन एक् नर देह छाडी।
आखिर् छ मर्नु दुइ दिनकी अघी पछाड़ी।२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सब्लाइ मालुम छयो कहनै न पर्नें ।
भन्छू तथापि पनि जीव् छ कवै न मर्नें ॥
आपत पर्‍यो, बिपत भो किन भन्छ मन्ले ।
आशक्त, बद्ध मनभै धनलेर जन्ले ॥३॥
यौ भेद् परी जग डुब्यो भवकूप माहाँ ।
शिक्षा मदिन्छु सुनि ल्यौ सब लोक याहां ॥
जान्दैन ब्रह्महुँ भनी जिव आफुलाई ।
कारण् पर्‍यो, गुरु शरण् पर मित्र भाई ॥४॥
शिक्षा-सुधारस पियी हरी भज्नु मन्ले ।
काम् दिन्छ अन्त्य परदा तप रूपि धन्ले ॥
सामान्य तुच्छ धनको अभिमान मन्को ।
झूटो शरीर बुझि उठ्तछ बिग्न रन्को ॥५॥
चैतन्य देह नरको मिलि ज्ञान खुप् भो ।
प्रत्यक्ष भैकन प्रकट् महुँ दण्ड रूपको ॥
सव् सन्त ज्ञानि जनका रजहूँ चरण्को ।
डर् छैन छैन मनमा रति भर् मरण्को ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आखिर् झुटो शरिर यो कति दिन् रहूँला ।
मर्नू र जन्मनु विपत् कसरी सहूँला ॥
तस्मात् बिपत् पछि न होस् जति भोग्नु, ऐले-
काट्छू म दुःख बरु योगि भएर पैले ॥७॥

यस्तो विचार मनमा लिथि योग् लिएको ।
संसार् अनित्यबुझि ज्यान् हरिमा दिएको
सुख् दुख् बराबर सही सब कष्ट काटी ।
जान्छू म मुक्त भइ अम्मृक चाटो चाटि ॥

आश्रम् चतुर्थछ बखत् हुनगो तुरीया ।
वैराग्य पूर्ण भयी बाँढ्छु ज्ञान् पुरीया ॥
भक्ती विवेक रस युक्त बनाइ गोली ।
ज्ञान् रूपि औषधि खड़ा गरि लिन्छु घोली

यौ चीज् मदीन्छू सब शिष्य लाई ।
अम्मृत् छ यस्मा तिमि चाख भाई ॥
दिन्छू म झोली पछि खोलि हेर्नु ।
अम्मृत सदा पान् गरि मग्न पर्नु ॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्त्थी म दिन्छू न डरेर लेऊ।
गम्भीर्छ संसार् मिल्दैन भेऊ॥
तस्मात् गुरू मुख् भइ ज्ञान् समाऊ।
मन्–मुख् छ आपत् तिमि दिल् न लाऊ ११
संसार तार्ने गुरु मुख् छ नाऊ।
मन्–मुख् छ पार्जा परदैन दाऊ॥
दिन्छू सदाब्रत् सरि दान ज्ञान्को।
उद्धार्छ विस्वास् लिनु अन्त्य ज्यान्को॥१२॥
कत्ती न गर्नु अभिमान् नर देह पाई।
अत्यन्त नम्र भइ बोल्नु बचन्, रसाई॥
सुन्दा सबै जन गरुन् खुशि साथ प्यार।
अम्मृत् बचन् सरि मिठो अरु छैन सार॥
सब् शास्त्र को छ मत यो हुनु मिष्ट नम्मृत्।
सत्सङ्ग–साधु हरुको–गरि मिल्छ अम्मृत्॥
अम्मृत् पियी अमर को जब रुप् धरौला।
बैकुण्ठमा हरि समिप् बसि बात् गरौला १४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

योगी को उपदेश् सुनेर गुरुमुख् सारा भएथ्यौं वहाँ।
त्यैफल् आज मिल्यो, गरौं मिलि प्रणाम् तिन्लाइ ली मन्महाँ
होला नित्यप्रती विचार् खुप गरे सत्कर्म को काम् शुरू।
भोली पर्सि न भन्नु जल्दि गरनू, संन्यासि हुन् सद्गुरू॥
अज्ञान् रुप् वन भस्म हुन्न, गुरुको शिक्षा नमै एक्रती।
ज्ञान् रुप् अग्नि प्रकाश् हुने छ गुरुको पाई कृपाले अती
निर्मूल् वंश गराइ पाप जातिको बिल्कुल् गरौंला खती
सत्शिक्षा गुरुमन्त्र ल्यौं सुजनहो! सप्रन्छ आफ्नै मती
ब्रह्मास्मी सम मन्त्र यो सकल दुख् नाश्ने दिने बेस् गती
उद्धारसब् कुल वंशको गरि लिने पाप्को गराई खती॥
निर्मल् भै शुभ कर्म नित्य बढ़ला बढ़्ला धरम् फेर् अती
सार् होला नरजन्म, राम् भजिलिए मिल्नेछ मुक्ती गती
धर्मैले गरि स्वर्ग मिल्दछ सहज्, यै लान्छ बैकुण्ठ मा।
धर्मैले गरि सत्यलोक पुगिने, यै लान्छ कैलास मा॥
धर्मैले गरि चीर काल जियिने, यै दिन्छ उत्तम् गती।
धर्मै ले गरि नित्य भक्ति बढ़ने, यै गर्छ निर्मल् मती १८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मं ले गरि सृष्टि यो रचिन गो पालन् यसैले भये
धर्मं मा सब यो लयै हुन गयो धर्मैं फगत् शेष् रह्यो
धर्मैंले गरि सङ्ग—सत् पनि भयो सत्सङ्ग ले पो तऱ्यो
धर्मं छोडि दिंदा अधर्म हुनगो कुल् सब् नरक्मा पऱ्यो
धर्मं ले गरि स्वर्ग भोग् मिलि गयो भक्ती यसैले बढ्यो ।
भक्तीले गरि सब् कुसै तरि गयो आफ्ना सबै पाप् डढ्यो
पापै हो सबको अनेक् दुख दिने, रोगादि शोक्मा पऱ्यो
अज्ञान् ले गरि दुःख थप् हुन गयो पाप्ले स्वधर्मं मऱ्यो

जड् दुख् अविद्या सब नाश गर्ने ।
ज्ञानाग्नि ले ताप तुरुन्त डढ्ने ॥
सत् को छ सङ्गत् गुरु बाट गर्ने ।
उपाय भन्छू भव जाल् न पर्ने ॥२१॥
माता पिता हुन् जग–जन्म दाता ।
तिन्लाइ सम्झी नर देहि नाता ॥
सत् रुप् गुरुमा निहुराइ माथ ।
हात् जोडि गर्नू अति नम्र बात ॥ २२ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हेनाथ् गुरो ! विनय यो सुनि बक्सि जावस् ।
सत् कर्मले कुमति नाश् भइ ज्ञान आवस् ॥
मेरा असंख्य जुनिको सब पाप जावस् ।
सत धर्म कत्ति न भुली हरि नाम आवस् ॥

प्रारब्ध संचित् पछि का करम्ले ।
अर्पण् गरें कर्म सबै धरम् ले ॥
मन्ले वचन्ले अरु सब् कृतैले ।
पाप् पुण्य जो भो सब दिन्छु अैले ॥२३॥

आगामि प्रारब्ध त्रिकर्म सञ्चित् ।
अर्पण् गरें सब्, अब छैन किञ्चित् ॥
मन्ले बचन्ले सब कर्म अैले ।
पाप् पुण्य जो छन् म चढौंउछु पैले ॥ २४॥

वाक् कर्म मन् शुद्ध हवस् रजैले ।
मन् वाणि काया गरि स्वच्छ पैले ॥
सद् भाव भक्ती न भुलूँ म कैले ।
यै पूर्ण संङ्कल्प म गर्छु अैले ॥ २५ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तन् मन् बचन् स्वच्छ हवस् रजैले।
यै पूर्ण संकल्प म भन्छु अैले॥
सेचन् गरोस् जल् कन सत् कुशैले।
होस् भक्ति भाव्, कर्म सुधारि पैले॥२७॥
दिन्छू शुभाशुभ भए जति पिण्ड तर्पण्।
ईश्वर् गुरो! हजुरमा छ समस्त अर्पण्॥
क्यै बाँकि छैन अब केवल साम् छ फेर्नै।
पाऊँ गुरो! म उपदेश् भव पार तर्नै॥२८॥
माता पिता उभय वंश अनन्त मेरा।
बैकुण्ठ मा हरि वरीपरि लागि घेरा॥
पाउन् ति पितृ हरु बस्न, म बिन्ति गर्छू।
हेसत् गुरो! चरण कै रज देखि तर्छू॥२९॥
आज्ञा भयो गुरुजिको गर स्वास अर्पण्।
जप्नू न बिर्सि अजपा, षट चक्र दर्पण्॥
देखिन्छ हेर्नु दृढ भै स्व स्वरूप मोती।
कोटी शशी रवि प्रभायुत आत्म ज्योती॥३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देख्छन् मुनीश्वर् तब हुन्छ ज्ञान ।
संसारि लाई जगकै छ ध्यान ॥
एक् छिन् पनी मन् हरिमा न लाग्ने ।
ज्ञान्का कुराले रिस राखि जाग्ने ॥३१॥
दुर्बुद्धि लाई हरि भक्ति लागोस् ।
सब् पाप नाश् भैकन दुःख भागोस् ॥
यस् निम्ति सत् ज्ञान म दिन्छु याहाँ ।
सज्जन् लिनन्, मूढ लिनेछ काहाँ ? ३२॥
कोही लिने तरि गए पछि कोहि तर्नन् ।
पार् लागि, भै अमर भैं अति मग्न पर्नन्॥
ज्ञान् दिन्छ ज्ञान् असल ज्ञान् तिर ज्ञान् लगाई ।
ध्यान् दिन्छ तान भगवान् पदको जगाई ३३
सार् भन्नु यै हो सुन शिष्य भाई !
यै मुख्य लाभ् हो नर देह पाई ॥
सत् चित् गुरूमा मन चित्त लाई ।
जरा मरण् रोग्कन ल्यौ हटाई ॥ ३४ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मिल्दा परम् पद महाँ सब दुःख गैगो ।
यस् देहको सफलता–"भव पार भैगो" ॥
सब् देवका उपर हुन् गुरुनै निरञ्जन् ।
नाश्छन् त्रिताप सहजै गरि दुःख भञ्जन् ३५
गर्ने सबै गुरुजि हुन् यतिका स्वरूप् ले ।
सत् ज्ञानं मन्त्र उपदेश् दिइ धर्म मुख्ले ॥
शिक्षा लियी कति तरे भव देखि पारी ।
खल् शठ् अधम् ठग रहे भुलि ज्ञान वारी॥३६॥
घुम्छन् ति दांभि जगमैं न मिलेर रस्ता ।
पर्दैन योगि गुरु गर्न भनेर वस्ता ॥
हङ्कार ले पछि हुन्यो मति बेस् न पाई ।
चौराशि चक्कर पर्‍यो अति कष्ट खाई ॥
पाऔ अमूल्य नर रुप् हरि भजन लाई ।
सद्धर्म सत् गुरुजिको पनि संग पाई ॥
यो लोक भुक्ति पर लोक सहज् छ मुक्ती ।
तार्ने,–कृपा गुरुजिको–अजपा छ युक्ती॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इत्येकाक्षर ब्रह्म ॐ प्रणव का विस्वास ले मन्त्रमा ।
आदी देखि जपिन्छ अन्त्य तक यो सोहं शरियन्त्रमा ॥
सोहं हूँ अजपा महूँ अलख हूँ शंकर् अनामी अगम् ।
आदी मध्यम अन्त्य पूर्ण सबमा हुन् ध्येय विश्वम्भरम् ॥

आफैं जपीने सिहिनेत् न पर्ने ।
संकल्पलेनै भव देखि तर्ने ॥
योग् मन्त्र शिक्षा गुरु देखि सुन्नू ।
आधार् जगत् को अजपा छ गुन्नू ॥ ४० ॥

रात दिन् बसी मन्त्र यै जपी ।
स्वास फेर्नू सत् बचन् लिई ॥
यो भुली गसै स्वास् अकार्थमा ।
फेर्नु छैन ठिक्, हीन मार्गमा ॥ ४१ ॥

ऋषि मुनी यती योगि राज भन् ।
यत्न ले गरी स्वास फेर्दछन् ॥
दिन र रात को स्वास् कती भयो ।
छ सय फेर् हजार् बीस् र एक् छयो ॥ ४२ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रात कालमा जागि यो सबै ।
अर्पणै गरुन् भुल् न होस् कबै ॥
जोडि हात् दुवै विन्ति फेर् गरुन् ।
आफ्नु जत्ति हो भाग् उती लिउन् ॥४३॥
विधि गणेशजी विष्णु रुद्र देव् ।
जीव सद्गुरू ब्रह्मको छ सेव् ॥
कैं न जान्दछू माफ़ राखियोस् ।
अमल मन्त्रले मुक्ति पाइयोस् ॥ ४४॥
यसरि प्रार्थना दिन्-प्रती गरुन् ।
गुरु गरुन् कृपा अन्त्यमा तरुन् ॥
मन्त्र सत्यहो मार्ग सत्य हुन् ।
शिष्य सत्यहो भक्ति ले तरुन् ॥
गुरु कि मूर्त्तिको नित्य ध्यान् धरुन् ।
मन बचन् शीरर् ले चरण् परुन् ॥
संम्झि मूर्ति रुप् पाउ शिर् समेत् ।
मूर्तिमा न होस् कत्ति भाव भेद् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भक्ति ले गरी ध्यान रोज् गरोस् ।
ब्रह्म गुप्त छन् भावले तरोस् ॥
मन वचन् शरिर् जोछ मुख्य धन् ।
अर्पणै गरुन् ती चरण् शरण् ॥
जसरि बाग मा बोट सार्दछन् ।
तसरि सद्गुरू शिष्य तार्दछन् ॥
घाँस रूपि पाप् शीघ्र मार्दछन् ।
भक्ति को जरो भित्र गाड्दछन् ॥४८॥
फुलि फल्यो अमृत् खान झार्दछन् ।
गुरु कृपा भए, वंश तार्दछन् ॥
रस पिए पछी, ज्यू अमर् भयो ।
जन्मि मर्नु रोग् नाश भै गयो ॥
मुक्ति हो यही मान्य ले दिने ।
भक्ति–शिष्य ले–प्रेम् गरी लिने ॥
ब्रह्म ज्ञान हो युक्ति ले सिउन् ।
हैन दूद् दही मासु भात् तिहुन् ॥५०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कान ले सुनी चित्तले पिउन् ।
गुरु चरण् महाँ मन् सदा दिउन् ॥
भक्ति भावले सुश्रुषा गरुन् ।
पूर्ण चन्द्र रुप् जानि ध्यान् धरुन् ।
अमृत रस् पियी सब् मृतक् जिउन् ।
पति पिता सुता मातु पुत्र जन् ॥
घर र माइती वंश कुल् जती ।
गुरु मुखी भए पाउँछन् गती ॥
सत्य सत्य हो हैन की भनी ।
नलिनु संशयाधिक् कुनैपनि ॥
विषय मोहको जाल फारिने ।
जतन युक्तिले जीव तारिने ॥ ५३ ॥
तरि गए पछी पार ज्यू भयो ।
कोटि जन्मको पाप् सबै गयो ॥
छैन पाप क्यै धर्म मूर्त्तिको ।
बचन पालियो वेद शास्त्रको ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरि शिव गुरु ब्रह्मा तूल्य छन् मानिएका ।
ऋषि मुनि यति योगी भक्त ले जानिएका ॥
सतगुरु सत सेवा सत् धरम् संझि गर्नू ।
तन मन धन अर्पण्,-सब् कुरा बाट गर्नू ॥
हात् जोड़ि गै गुरुजिको चरणै समाई ।
भन्नू गुरो ! हुनु हवस् खुशि, पाप् हटाई ॥
ज्ञान मन्त्र बक्सनु हवस् भवदोखि तर्नें ।
त्यस्ले नहूँ अब म यम् जग भित्र पर्नें ॥
खुशिभयि गुरु दिन्छन्, मन्त्र कानमा सुनाई ।
अरु दृढ गरि छोड्छन् आत्म तत्वै लखाई ॥
न डरि सुनि लिनू सब्, योग को मन्त्र जत्ती ।
समझिबुझि लिंदामा, छैन लाज्मान्नुरत्ती॥
यस्ले परम् पद मिली भव दुःख जाला ।
सत् भक्त ज्ञानि जनले लिनु यैछ माला ॥
तत्वात्मज्ञान गुरुबाट बुझेरतर्नू ।
बैकुण्ठ गै कुल समेत् हरि रूप धर्नू ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनोपदेश

ख्याल राख्न मन् ! गर्भको कुरो ।
विषय मा भुली घेर् नहो शुरो ॥
गर्भवास मा ध्यान् ठुलो धरिस् ।
भज्दछू भनी प्रण् अनेक् गरिस् ॥ २ ॥
दीन बन्धु नाथ् ! दुःखमा परें ।
त्राहि त्राहि भो कष्ट ले मरें ॥
अन्धकार कूप् जालमा परें ।
माफ राख्नु होस् जो जती गरें ॥ ३ ॥
पाप पुण्यको सूत्रले कसी ।
अर्जि गर्दछू गर्भमा बसी ॥
बार बार यै दुःख मा परी ।
पाउ पर्दछू नेत्र जल् भरी ॥ ४ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोड्दिनेछु काम् गर्न मन्परी ।
जन्म भो जसै फेर् भुलिस् हरी ॥
बिषय दुःखमा सौख्य ले गरी !
फेरि दर्नगो पाप ले धरी ॥ ५ ॥

काम क्रोध लोभ् मोह मा परी ।
दुष्ट बुद्धिले गर्छ मन्परी ॥
लोभ देहमा क्रोध रूपि भयाल् ।
काम रस् पियी छैन कात्ति ख्याल् ॥ ६ ॥

बिर्सियो हरी संग दोषले ।
स्थूल पुष्ट भो–सौख्य पोषले ॥
बिषय टारिने छैन छाड्ने ।
अधम बुद्धिले फन्छ गाडिने ॥ ७ ॥

दुःख मा छ जीव् रात दिन् रुने ।
पाप पुण्य भोग् छैन दुहुने ॥
छैन सुख् कहीं स्वप्न तुल्यह्रो ।
स्वप्न सुख् सरी जागृती छयो ॥ ८ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र तरङ्गमा जीव यो परी ।
मन समुद्रका छाल छ गरी ॥
बुद्धि घुम्छ यो जाल मा परी ।
मधुकि मौरिझैं पर्छ हर्घडी ॥
ग्रह खराब् भयी हुन्छ जुन कुदिन् ।
गुरु शरण् परे हुन्छ सब् सुदिन् ।
दुख प्रपञ्चले बिग्रंदोछ चाल् ।
गुरु कृपा बिना फेरि खान्छ काल् ॥ १० ॥
गुरु शरण् परे दुःख छाड़िने ।
गुरु कृपा भए अन्त्य तारिने ॥
अमल भक्ति मा चित्त लाउनू ।
हरि भजन् ठुलो जानि गाउनू ॥ ११ ॥
खोला नहर् नद् नदि तीर्थ गंगा ।
जान्छन् ति सागर् हुन लाइ चंगा ॥
लिन्छन् मिली रूप् पनिएक् नदीले ।
त्यस्तै हउन् काम् गरि योग् गर्नाले ॥ १२ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेग्ले उडी गैकन ब्रह्म माहाँ ।
आनन्द भोग्छन् सब योगि ताहाँ ॥
सुख् देखि देख्नू दुख छैन जाहाँ ।
मौसर् न चुक्नू अति सुख्ख त्याहाँ ॥१३॥

त्रेता कली द्वापर सत्य युग् भो
हज्जार फेरा घुमि एक दिन् भो ॥
यस्ता पुरुष् ले पनि पर्छ मर्नू ।
छैनौ अजम्बर् किन पाप गर्नू ॥ १४ ॥

नर्तन्ले भन्द् पाईले कामगर्नू ।
बाँच्ने छैनौ हक्छ एक् फेर मर्नू ॥
पैल्यै संकुन्, गर्भ मैं दु:ख पाऔं ।
छूटे नाता जन्मना साथ लाऔं ॥ १५ ॥

बालावस्था खेलदैमा गमाऔं ।
यौवन सारा रंगरस्मा रमाऔं ॥
वृद्धावस्था रोग शोक्ले सुकाऔं ।
साँचा हो यो स्वप्न मैं दिन् बिताऔं॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विचार बल माया जीत

माया अनित्य जिब बुद्धि हुंदा छ काँचो ।
त्यौ ब्रह्म बुद्धि परिपक्क हुंदा छ साँचो ।
जीव् डुब्न जान्छ मति भ्रम् भयि मोह छल्ले ।
तर्छन् विवेकि हरु योग विचार बल्ले ॥
छली छ माया छल मा छ जीव् यो ॥
छल्का उपर् ठिक् गरि चल्छु चाल् यो ।।
छल् गर्छ माया छलमा म छैन ।
प्रेम् गर्छ माया हितको म भैन ॥३॥
पक्रन्छ माया मत पक्रियिन्न ।
दिक् मान्छ माया मन आफ्नु दिन्न ।
जब् रुन्छ माया मत हाँस्छु धेरै ।
जब् हाँस्छ माया मत रुन्छु धेरै ॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जब् बढ्छ माया अति दूर भाग्छू ।
जब् थाक्छ माया अति हर्षि जाग्छू ॥
जाल् फिंज्छ माया अति सूक्ष्म हुन्छू ।
जाल् खिंच्छ माया मत निस्कि जान्छू । ५॥

जब् सुत्छ माया सँग छोडि जान्छू ।
जब् जाग्छ माया गुरु-वाक्ले हान्छू ॥
तेज् हुन्छ माया तमले लछार्छू ।
गम्कन्छ माया सतले पछार्छू ॥ ६ ॥

कुल्-कोटि मेरा भव देखि तार्छू ।
ज्ञान् गर्छ माया सब शोखि झार्छू ॥
हात् जोड्छ माया गुरुमा म सार्छू ।
संझी कड़ा अर्ति म लात मार्छू ॥ ७ ॥

योग् युक्ति बल् भित्र तुरुन्त पार्छू ।
उल्टा विवेक् शक्ति बढ़ाइ मार्छू ॥
काम् क्रोध लोभ्का छ सधैं तयारी ।
ज्ञान् को विरोधी, प्रिय शत्रु छ भारी ॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बल्को अथाहा बहु कीर्त्ति रुप्को ।
झल्का दिने मोहहुने स्वरूप्को ॥
बल्ले समात्छू अति सूक्ष्म हुन्छ ।
माया-न मार्नू भनि नित्य रुन्छ ॥ ९ ॥
रात् दिन् छ लड्नू धरि खूब् कममा ।
उत्रन्छु माया सितको सममा ॥
खुम्ची रहेंछू अवसर् न पाई ।
लेखूँ कुरा के गरि मन् बढाई ॥ १० ॥
मेरो निवृत्त पथ भै, मन रोकि जान्छ ।
वृत्ती छुटाइ दिलयो गुरु-वाक्य लान्छ ॥
विस्वास् प-यो मन महाँ उपदेश वाणी ।
माया मरोस् कित छुटोस्-जति हुन्छहानी॥११॥
तत्वै बुझी भय रहित् छु असङ्ग जानी ।
वैराग्य पूर्ण भयि दुख् सुख कौ न मानी।
वेदान्त-नाम रुप दोखि भकाश् छ- वाणी ।
भेदान्त मार्ग गुरुको छ गुढार्थ दानी ॥१३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रात् दिन् छ लड्नू धरि खूब् कममा ।
हर्दम् छु मायासित जोड् सममा ॥
हुन्छू अती सुक्ष्म बखत् नपाई ।
लेखूँ म लेख् कुन् दिन दिल् बढाई ॥१४॥
कैले बराबर् कहिले उपमा ।
मेरो छ आखिर् विजयै सममा ॥
महत्-गुरु ज्ञान् लिथि योग बल्ले ।
मास्तैछु मायाकन युक्ति छल्ले ॥१५॥
यो तुच्छको डर नलीकन ब्रह्म ज्ञानी ।
ब्रह्मास्मि, तत्त्वमसि को गुण भाव जानी ॥
जिव् हैन चिन्मय हुँ सद् गुरु लाइ मानी ॥
लिन्छन् अनन्त सुखको रस आत्म ज्ञानी॥१६॥
जिव् हैन हैन कहने ध्रुव योग वाणी ।
नाम् रूप् रहित् हुनगए पछि केछ हानी ?
नित्यै छ लाभ परम आत्म विचार सोहूँ ।
जीवात्म आत्म भयि एक् स्वतब्रह्मपोहूँ॥१७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कत्ती प्रेम भएन राग हरु मा इच्छुक् न भै एक् रती ।
राग् देखी परको मुमुक्षु छ खड़ा वैराग् छ सञ्कोगति ॥
तद्रुप् ज्ञान स्वरूप् प्रकाश्-जगतमा ब्रह्मास्मि भन्नेयति ।
मायाकत्ति न राखियम्शरिरकोपर्छेचितामामती॥१८॥
आफ्ना स्वामि सँगैप्रबल्अनलमा होमी गरीज्यूज्ञती।
वैकुण्ठे पुगि प्रेमसाथ निशिदिन् वस्छे मगन्माअती॥
सोही माफिक ब्रह्मअग्नि बिचमा होमीशरिर् ज्ञानले।
सुखदुखकष्टसहन्गरीधरिलिनूचिद्बुद्धिमन्ध्यानले१६
मालिक्भृत्यसखासुहृद्गुरुपितामातासुताबन्धु-जुन् ।
बामाङ्गी प्रिय पुत्र शिष्य परिवार् मेरासबै ब्रह्म हुन् ॥
ब्रह्माग्नी बिचमामलूपतिसँगेजल्छन्विकारसब् तहाँ ।
भस्मैहुन्छचिताविषेअधमपाप्नाशीत्रितापरोग्यहाँ॥
ब्रह्मास्मी भनि ब्रह्मरुप्हुनगजे,सुन्नोस् सबै प्रेम्गरी ।
शिक्षा आज दिजेविरक्तहरुमा भक्ती विषे मन् धरी ॥
सारा भक्त लिउन् प्रसन्न हुनैग सद्भावले ज्ञानले ॥
संसारसागर तर्नमिल्छसहजैलोपक्रमन्ध्यानले ॥१८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुद्धात्म निर्गुण स्वरूप् प्रभुको छ सार ।
पुग्दैन शास्त्र पढ़ि पण्डितको विचार ॥
योगी मुनी ऋषि तपी समदर्शि पण्डित् ।
राख्छन् विचार मनको न गरेर खण्डित्॥
ईश्वर् त्रिषे दिल दियीकन ध्यान धर्छन् ।
ली मन्त्र ज्ञान-उपदेश् भवपार तर्छन् ॥
यै ज्ञान् कहिन्छ उपदेश् गुरुमूल मन्त्र ।
दिन्छू म धारण गरुन् बुझि मुख्य जन्त्र।२०।
यो दुःख क्लेश छुटि पार् सहजै तरीने ।
सन्यासि योगि रुपले उपदेश् गरीने ॥
इच्छा भएपछि प्रकट् रुप नाम धारी ।
सृष्टि स्थिति प्रलय हुन्छ सबै बिचारी ॥२१॥
तिन् काम गर्न तिन नाम् तिन रूप धार्छू।
भेद् भाव् न लीकन भजुन् सब लाइ तार्छू॥
लोक्मा प्रमाण् छ तरयो बुझ्दैन कोही ।
सज्जन्,यती हरु बुझुन् भनि भन्छु सोही ।२२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रच्नू भयो जगत छाइ अपार् महीमा।
गर्छन् विरक्त हरु तप् रहि खालि भैंमा ॥
राख्छन् सदा, परम ईश्वर लाइ मन्मा।
ताप् हर्दछन् यतिहरु बसिलोक-वन्मा ॥२३॥

यो बिश्व लाइ उपमा दियि भन्नु पर्ने।
संसार् असार् छ हरिमा कसरी ठहर्ने।
तस्मात् सगुण् हरि भनि म भनू कसोरी।
निर्गुण्सगुण् उपरहुन्छ यहाँजसोरी ॥२४॥

जस्तै दुग्ध बिषे रहन्छ भरपूर् घीऊ उसै रित् गरी।
सब् जीवमा परमेश्वरै रहनुभोसर्वान्तरात्मा हरी ॥
देख्छन् योगि समस्त योग वलसे, संसारि अन्धासरी।
देख्तैनन् प्रभु लाइ चर्मदृगले, घुम्छत् विपत्मैंपरी ॥२५॥

साक्षी रुप् सित यो चराचर बिषे छन् पूर्ण रुप्लेभनी।
योगी भक्त र ज्ञानि सज्जनहरु देख्छन् हरी रुप्पनी॥
सो देखीकन भन्दछू अलिकती त्यो आदिअन्त्यै महाँ।
धेरैभन्नु हुँदैन के भनु मता भन्ने न हूने यहाँ ॥ २६ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कस्ता रित्सित के हुँदा जगतमा यस्तो हिसाब् लेजिव।
मर्नू जन्मनु चक्रमापरि रह्यो आफ्नो भुली रूप् शिव ॥
जीव् चाहीं शिवहो शिवालय शरी र्पायो बडापुण्यले।
जिव्कोनाम र रूपमे टदिनु छ बेस्गुन्नूसहज्शून्यले॥

बुझ्दैन संसार अजान् हुनाले ।
कारण् अविद्या भइ जिव् रुनाले ॥
अन्धो सरीको जगको छ बन्धन् ॥
टुट्तैन कैल्यै कति गर्नु गन्थन् ॥२८॥

बन्धन् हुँदा यसरि जिव् करमै गतीले ।
सत्को विचार्नगरि बिग्रनगो मतीले ॥
चेतुन् भनी सकल आदि र अन्तयदुख्को ।
समझाउँछू समझ राखनु आफ्नु रूप्को॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिडतो पदेश

पढीगुनी परिडत नामधारी ।
व्याख्यान दिन्छन् गफ़का भकारी ॥
बदी बिषे वृत्ति नदी बहाई ।
नेकी नगर्नें नर लोक लाई ॥१॥

खाना पिनाछ सुखको दहि दूद नाना ।
गाना समेत् सुनि लिने गरने बहाना ॥
ताना तने भजि गरीकन बात् सराना ।
बस्छन् ति परिडत मदेख्दछु चाल् दिवाना ॥२॥

परिडत्जिलाइ उपदेश म आर्त्ति दिन्छू ।
लेलान्अवश्यभनि दिल् विचठानिलिन्छु॥
रिस्लाइ छोड अब पंडित आर्त्ति लेऊ ।
अज्ञान रूपि परदाकन खोल्नदेऊ ॥ ३ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अभिप्रायै पंडित् नकालिद्धिजको, योगि जनले।
बुझीलिन्छन्मन्ले ठगिनगयकातीकरमले।
पढी शास्त्रै कंठै गरिकन ठुलो नाम पदका।
तिजान्दैनन् मायागजब हरिको, फस्नगयका।४।
पण्डित् गए ठगिन मन् वशमा न राखी।
खण्डित् भए विषय रस्कन चाखि चाखी॥
स्वार्थै तरफ् दिलदिने परमार्थ लाई।
केही विचार् नगरि लुब्ध भए तिहाई॥५॥
नाम् ठूलो रहने छ लोक बिचमा पंडित बाजेभनी
नाना ढङ्गरची प्रपञ्च गरने पंडितजि नामीबनी॥
मानुन्सब्जनलेममान्यहुनगैआर्जन्गरूलाधन
येहीनिश्चयलेअनर्थगरछन्केभन्नुतिन्काभन॥
दिन्छू म पण्डित महाँ उपदेश अले।
शिक्षा बुझेर मनले रिस छोड़ पैले॥
हो ज्ञान अर्त्ति उपदेश्, लिथि धर्म बोल्छू।
अज्ञान गुप्ति परदा कन आज खोल्छू॥१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुझ्छन् मतलबयोगि जन्नन कालिको पंडित् सुनन् ध्यान् धरुन्
ठग् गर्दाहुँदि कर्म बाट ठगिएलाखै चलाक् काम् गरुन् ॥
नाम् भारी रहने छ लोक हरुमा पडिंत्जि भन्ने भनी ।
नाम्कासाथ्मिलिमान्अनेक्सुखलिनेदेहाभिमान्कावनि
धन्कालागिपदे रशास्त्रहरुसब् लोभादिमा दिल् धरी ।
विद्याभ्यास गेर कठोरदिलले मोहादिकावश् परी ॥
बक्छन् पंडित जीपुराण र कथा ली जब् रुमाल्-जे ब् घडी
दोसल्लासित डाउसेन् नयनमा चश्मा बगलमा छडी ॥ ३॥
मोजा रेशमि फूलबाल, मुखलाल् ताम्बूल का लालले ।
पार्ने कामिनि लाइ मोह, गुणले भ्रूभङ्गले चालले ॥
हीरामाणिकरत्न झिलिमिली औंठीअसल्मा असल् ।
बाणिज्यादिमहाँ विशेषरसिने, वेद्बेच्न थाप्ने पसल् ।५।
वर्णाश्रम् कनलात् दिए र यसरीसब् धर्म लोप् भो यहाँ ।
क्याकुन्तीअवला अनारिदुनियाँ डुल्छन् फगत् भ्रम्महाँ ॥
पंडित् प्रोहितका अगाडि नुहिखब् नम्मृत्बचन्लेगरी ।
भन्छन् खर्च कमीभएपनि असल् गर्यौ इज्जत्साथ् डरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यैं क्यै परदा र दान गरदा संझुन् मलाई भनी ।
चाकर् झैंदिन शतब्राह्मणहरू घुम्छन्तिघर् घर् पनी ॥
तुच्छचै यो विषयादि नष्ट सब चिज् पाएर सन्मानले ।
भर्छन्पेट,पदार्थसंझिमन मामान्दातियज्मानले ।.७॥

इस्कोट् छ उम्दा, मसिनोछ धोती ।
ज्ञान् छैन मन्मा भयि बुद्धि खोटी ॥
चञ्चल् छ मन् चञ्चल भाव बुद्धी ।
अज्ञान् अमल्ले रति छैन शुद्धी ॥ ८॥

अहो ! क्या बात् ! पंडित् भनिकन प्रशंसा सकल ले
गरुन् मेरै नाम्को, स्वरुप गुण संझी युवति ले ॥
भनी इच्छा राखी जब तिनि गई गाद्दि बिचमा-
बसी व्याख्यादिन्छन्,मनकनधरीकाम-किचमा ॥९॥

हाव् भाव् कटाक्ष सहितै गरि हातले शान् ।
हल्लाउँछन् शिर मुहार हँसाइ दी मान् ॥
राख्छन् समस्त रमणी ललना अगाड़ी ।
दिन्छन् पुरुष् हरु बसाइ सबै पछाड़ी॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हात्ले नयन्ले शिरले त भाऊ ।
बत्लाउँछन् खुब् इशाराकि दाऊ ॥
बुझ्छन् तिनाशि गुण पास् भएका ।
मशक्क मश्की सनमुख् गएका ॥११॥

आज्ञा बमोजिम बसे युवती अगाड़ी ।
पर्दा भए बगलमा बुढिया विचारी ॥
सन्मुख् बसी चपल कामिनि छन्द पार्ने ।
सो देखि पंडित बराबर बाण मार्ने ॥१२॥

चञ्चल्छ नेत्र रसिलो रस-काम जान्ने ।
ताकेर मर्म, शर पंडित साम्मु हान्ने ॥
यो भेद मालुम कसैकन छैन ताहाँ ।
योगी बराबर चतुर् अरु हुन्छ काहाँ ?॥१३॥

देश् देशको सकल हाल र चाल जानी ।
मिथ्या सबै जगत हो भनि ब्रह्म मानी ॥
साधारणै रहि तहाँ सब भाव जानी ।
गर्छन् विचार यति सज्जनब्रह्म ज्ञानी॥१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता विवेकि हरुको गरि ज्ञान खरिडत् ।
छन्छन् घमण्ड मनमा अविवेकिपंडित् ॥
उन्मत्त दम्भ छ जहाँ परिपूर्ण हंकार् ।
हात्माछ पुस्तक कुश हरुको छ झन्कार् ॥१४॥
बक्छन् उखान भनि केवल मोह पार्ने ।
वैराग्य छैन रति भर् कुललाइ तार्ने ॥
आफ्नो अलौकिक बढाञि गरी मुखैले ।
हुन्छन् प्रसन्न पिपि यै विषरस् सुखैले ॥१५॥
रस् काम मैथुन क्रिया मनमा छ अत्ती ।
भोग्छन् ति पंडित विचार् न गरेर कत्ती ॥
चञ्चल् छ मन् अधिक चञ्चल लोभ लम्बा ।
खोज्छन् विचार् न गरि पंडितहेरु रम्भा ॥१६॥
जुन् चालले घुमि रहन्छ कुम्हाल चक्की ।
घुम्छन्ति अर्थ रस काम बुझेर पक्की ॥
जुन् रीतले मकडि जाल बनाइ बस्छन् ।
पंडित् घमंडि पनि मोह बढाइ फस्छन् ॥१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन् वाह्य सुन्दरमति बुद्धिकामि।
लोभी-प्रलोभी गणिकादि गामी ॥
क्रोधी छली निन्दक श्रेष्ठ नामी।
राख्ने कपट् माल लिने हरामी ॥ १८ ॥
यो गालि हैन उपदेश् मय मन्त्र जान।
सब् सत् वचन् गुरुजिको भनि मुख्यमान ॥
सुख् दुख् लिनेगरि सहन् यतिज्ञानि, योगी।
भन्छन् तिनैउपर रिस् लियि तुच्छ भोगी १६
संन्यासि कोछ कलिमा तपि आज कोछन्।
गेरु रंगाइ रहने जति मूर्ख पो हुन् ॥
पेट्का निमित्त कपड़ा पनि छन् धरेका।
निन्दा हियाइकन पंडित ले गरेका ॥ २० ॥
उत्तर् म दिन्छु रस अम्मृत ले भरेको।
जागा हउन् विषय ले-मन-ग्रास् गरेको ॥
मर्नू र जन्मनु विपत् बिचमा परेका।
अर्ती सुनुन् सकल पण्डित मद् भरेका ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संन्यासि रुप्कन यहाँ गुरुदेव जान ।
तन् मन् र सद्वचनले गुरुलाइ मान ॥
साक्षात् अधीश्वर भनी मन मित्र ठान ।
सत्यात्म गेरु कपड़ा कन नित्य मान ॥२२॥
निन्दा न गर्नु बुझ पंडित योगि जन्को ।
मत्लब् निकाल्न न शकी कन पर्छ रन्को॥
जिव् हैन योग मय ब्रह्म भनेर जान ।
वेदान्त सद्गुरु बचन् दृढ खूब मान॥२३॥
साक्षात् अधीश्वर स्वरुप् भगुवा धरीने ।
श्रोता र भक्त ऋषि बाट प्रणाम् गरीने ॥
जस्का स्वधर्म बलले धरणी रहेकी ।
जस्को कृपा हुन गई बहु भार्सहेकी ॥२४॥
जस्को तपोबल लियी अप तेज् रहेको ।
आकाश स्थिर् रहि पवन् छ सँधैं बहेको ॥
सब् तत्व का सँग रहि सत रूप धारी ।
साक्षी महूँ बुझन पंडित कर्मचारी ॥२५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान् छैन कत्ति तिमिमा किन शास्त्र पढ्छौ।
मान् घट्न जान्छाकि भनी किन व्यर्थ मर्छौ?
पेट् भर्न खालि तिमिले छ यती पढेको।
खोस्छन्कि भाग भनि मन्मनमा डढेको ॥२६॥
कर्म को उ यमा बुझ्ऽ तिमिले स्थिर् गर्नु नै पर्छमन्।
तर्कादिमाविधिकोहरफ्छबुझिल्यौमानापमान्शास्त्रधन्
मान् मेरो सबले गरुन् अति ठुला पंडित् हजुरौं भनी।
यैमन्मालियिगर्दछौघडिघडीआफ्नोप्रशंसापनी॥२७॥
गर्दैनन् बुझ साधुसज्जनहरू आफ्नोप्रशंसारती।
गर्नन् कै कहिंभक्तभक्तनिहरूवर्णान् बिवेकलेअती॥
जानेछन् तिनि अन्त्यकासमयमा पाईअसल् सद्गती।
भर् तैनन्गातिमुक्तिनिन्दितहरूभैंनीच्अतीदुर्मती॥
उत्तम्ब्राह्मणमा अधम्छगुणज्ञान्शूद्रादिमाभन्कहाँ!
क्षत्रीधर्म विलाइगो जगतभर् धेर् लोभ् छ वैश्यै महाँ॥
वर्णाश्रंपानिघट्नगोपृथिविमा,भिक्षुक्उपर्कौनरीस्।
अभ्यागत् अतिथी उठे,उठि गए, बन्दे,गरिम्माथिविस्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संन्यासि रुप्कन यहाँ गुरुदेव जान ।
तन् मन् र सद्वचनले गुरुलाइ मान ॥
साक्षात् अधीश्वर भनी मन मित्र ठान ।
सत्यात्म गेरु कपड़ा कन नित्य मान ॥२२॥
निन्दा न गर्नु बुझ पंडित योगि जन्को ।
मत्लब् निकाल्न न शकी कन पर्छ रन्को॥
जिव् हैन योग मय ब्रह्म भनेर जान ।
वेदान्त सद्गुरु बचन् दृढ़ खूब मान॥२३॥
साक्षात् अधीश्वर स्वरुप् भगुवा धरीने ।
श्रौता र भक्त ऋषि बाट प्रणाम् गरीने ॥
जस्का स्वधर्म बलले धरणी रहेकी ।
जस्को कृशा हुन गई बहु भार्सहेकी ॥२४॥
जस्को तपोबल लियी अप तेज् रहेको ।
आकाश स्थिर् रहि पवन् छ सँधैं बहेको ॥
सब् तत्व का सँग रहि सत रूप धारी ।
साक्षी मई बुझन पंडित कर्मचारी ॥२५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान् छैन कत्ति तिमिमा किन शास्त्र पढ्छौ।
मान् घट्न जान्छ कि भनी किन व्यर्थ मर्छौ?
पेट् भर्न खालि तिमिले छ यती पढेको।
खोस्छन् कि भाग भनि मन्मनमा डढेको॥२६॥
कर्म को उत्तमा बुझ्र तिमिले स्थिर् गर्नु नै पर्छ मन्।
तर्कादि मां विधिको हरफ् छ बुझिल्यौ मानापमान् शास्त्र धन्
मान् मेरो सबले गरुन् अति ठुला पंडित् हजुरौं भनी।
यै मन्मा लियि गर्दछौ घडिघडी आफ्नो प्रशंसा पनी॥२७॥
गर्दैनन् बुझ साधुसज्जनहरू आफ्नो प्रशंसा रती।
गर्नन् स्त्रै कहिं भक्त भक्तनि हरू वर्णन् विवेकले अती॥
जानेछन् तिनि अन्त्यका समयमा पाई असल् सद्गती।
भेट् तैनन् गति मुक्ति निन्दितहरू भैं नीच् अती दुर्मती॥
उत्तम् ब्राह्मणमा अधम् छ गुण ज्ञान् शूद्रादिमा भन् कहाँ!
क्षत्री धर्म विलाइगो जगतभर् धेर् लोभ् छ वैश्यै महाँ॥
वर्णाश्रं पनि घट्न गो पृथिविमा, भिक्षूक् उपर् कौन रीस्।
अभ्यागत् अतिथी उठे, उठि गए, बर्ष्यां गरि माथि विस्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पढ्नालेरतिहुन्नज्ञानबुझिल्यौ, छोडीविचा र्पढ्नुहो ।
पेट्कानिम्तिसिकेरशास्त्रहरुसब्पेशाछगफ्कामको ॥
धर्मै छोड़िअधर्ममामनगयो भाव् भक्ति हुन्थ्यो कहाँ ?
सारैमन् छ कुतर्क तुच्छ दिलले शास्त्रार्थ गर्छन्यहाँ ॥

मूल् बाट गर्छु भनि अर्थ समस्त ठग्छौ ।
नारी अनारि हरुमा बकवात गर्छौ ॥
ली अन्न शूद्रहरुको तिमि पेट भर्छौ ।
छोडीविवेक्नलियिज्ञान्गुरुसाथलड्छौ ॥

निन्दित् अलायक् कति काम गर्छौ ?
शेखी लियी सत् गुरु साथलड्छौ ॥
तिन्मा गरेको जति हुन्छ पाप ।
भो बज्र लेप्तुल्य हुँदैन माफ् ॥ ३१ ॥

नाम् मात्र पंडित छ लोभ् धन खोजि डुल्छन् ।
शेखीछ पूर्ण मनमा विष खान भुल्छन् ॥
छन् षट् विकार् वरिपरी रस षट् ति भोग्छन् ।
ज्ञान्छैनकात्ति मनमा तर काव्य पढ्छन् ।३२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाष्यादि हौ पढ़िलिने सब शास्त्र हेर्छौं ।
कत्ती विचार् न गरि मन्परि काम गर्छौं ॥
यस् कर्मले न उपकार् नत पुण्य हुन्छ ।
सत्कर्म गर्न न शके पछि जीव् कुहुन्छ । ३३।
हे ब्रह्म पुत्र ! यतिको उपदेश् सुनील्यौ ।
प्रत्यत्त छैन परमाण् अनुमान् चुनील्यौ॥
व्यापक् सनातन अखण्डित ब्रह्म एक् हुन् ।
हो प्रष्ट आर्त्ति यहिनै अरु खोज्द छौ कुन् । ३४
भावार्थ छैन रति भर् छ यथार्थ काहाँ ?
संन्यासि देखि रिसले गरि छड्नु याहीं ॥
हान्छौ बराबर ति वाक् शर, बज्र बाँण्ले ।
उत्तर म दिन्छु सुन पंडित ब्रह्मज्ञान्ले॥३५॥
योगी मुनी ऋषि तपी हरुले कहेको ।
नाम् पण्डितादि हरुको, कुल सब् बहेको ॥
देख्दा दया भइ, कृपा गरि आज भन्छू ।
नाम् पण्डितादिहरुलाइ म मूर्ख गन्छू ॥३७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गन्दीन शास्त्र अनपढ् अरु वर्ण लाई।
साधारणै बुझि म भन्दछु मित्र भाई ३७॥
लायक् छ बन्नु अधिकार् जति जोछ जस्मा।
किञ्चीत्भनेरिसनहोस्भनुआजकस्मा।३८॥
यो तुच्छ स्वप्न सरिको विषयादि रस्मा।
भुल्दा ति पण्डित हरू परिकाल वश्मा॥
पर्छन्ति जन्मनु र मर्नु भिरेर टण्टा।
मालुम् हुँदै अझबढ्यो व्यवहार लण्टा ३९
भोग्छन् विचार् न गरि पण्डित दुःख मन्मा।
आशक्त नारि बिच छन् अति लोभि धन्मा॥
यस्तै प्रपञ्च चहुँ ओर छ फैलिएको।
सफ्फा वसन् वदन को,मन मैलिएको।।४०॥
शिक्षा दिने बुझि सबै नर लाइ को हो ?
यस् ठाउँ छैन छ वहा भनि भन्छ जोहो॥
ती योगिराज प्रभु हुन् गुरु मा गनीने।
वेदादि शास्त्र इतिहास् हरुले भनीने ॥४१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संसार छोड्यौ बिष को छ खानी ।
योग् धर्म शिक्षा गुरू वाक्य मानी ॥
गर्न्नू विचार् ज्ञान् सबले पढीको ।
स्वीकार गर्नू उपदेश् गुरूको ॥ ४२ ॥
मुक्ती परै बुझ सहज् सुख स्वर्ग काहाँ ।
पण्डित् डुबे कुल समेत् भव सिन्धु माहाँ ॥
ईश्वर् अनादि गुरु-वाक्य विचारि लेऊ।
वास्तव्य छैन रुप नाम न मेटि देऊ॥४४॥
हूँ ब्रह्म रूप् स्वत प्रकाश् बिषयी तिमी हौ ॥
आफ्नो स्वरुप् कन भुली छल छिद्र माछौ॥
प्रश्नोत्तरी भनि शकें बुझ्नू, तिमी ले ।
भूभारभो अधिक,केसहनिन् जिमीले॥४४॥
पण्डित् अमीरहरु गरीप् जिव प्राणि सारा ।
मोहान्ध छन् बिषयमा कहुँ क्या विचारा ॥
गर्छन्ति पाप् अधमले दिनहुँ न जाति ।
इर्षाकपट् छल समेत् गरि भाँतिभाँति ॥४५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छैनन् दयालु, विष युक्त भुजंग सस्ता ।
कोही कठोर मनका जड़ भूत जस्ता ॥
छोड्दा दया बनि मलीन अधर्मि सारा ।
लाग्नन् कहाँ इनिहरूभवकाकिनारा? ४६

मन्मा दया न लियि भै अरु मा कठोर ।
पाखण्डि लालचि भए गुणहीन् अघोर॥
छन् मत्त काम शरले गति यैछ इन्को ।
राक्षस्समान्सबभए,भयिभार्‌जामिन्को ॥

धन्ले प्रमत्त भइ धूर्तछ बृत्ति जस्को ।
तिन्लाई मानिस न भन्नु उ दैत्यजस्तो ॥
हामी कडोर्‌पति भनी अभिमान् धरेको ॥
गुण् युक्त लख्पति भनी कन टेक् गरेको॥

छन् जड् विवेक् रहित अम्भिर नाम धारी ।
पामर् कुकर्मि खलकै छ जमात भारी ॥
पाताल स्वर्ग पृथिवी कन छानि छानी ।
खुब् खोज्दछन् विषयि जन् सुख मुख्य मानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नामी धनी गुणि भनी कन खूब् भलाईं ।
तारिफ़ नित्य नरलोक गरुन् बढाई ॥
आफ्नो निजै मुख बयान् गरि खूशिहुन्छन् ।
अर्को बन्यो यदि भने कलपेर रुन्छन् ॥५०॥

ठग् मत्लवी अधम जन् हरु पेट भर्छन् ।
मत्लव् न खोजि भवपार् भयि संत तर्छन् ॥
धेरै बताउँ कति तर्क-वितर्क मन्का ।
संसारि प्राणि सब चाकर हुन् मदन्का ॥५०॥

मुख् मा छ शास्त्र इतिहास्, मनमा छ कार्यी ।
ज्ञान् भक्ति ले रहित गर्नुछ पण्डितार्यी ।
दुर्बुद्धि प्राणि जनको हरिभक्ति लागोस् ।
ज्ञान्-मन्त्रदिन्छुउपदेश्,भवदुःखभागोस् ५१

किञ्चित् पढे तपनि मन्मन ब्रह्म गुन्नू ।
सत्सङ्ग साधु हरुको उपदेश सुन्नू ॥
सत् को छ संगत ठुलो. दिन-रात गर्नू ।
बन्ने छ पक्कि पुल, फेर् भवपार तर्नू ॥५२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आश्रम् वृद्ध गृहस्थि पंडित हरु वर्ण ठुलो हो भनी ।
तत्व ज्ञान् न बुझी रजो गुण महाँ लुब्धै भएका पनी॥
कामादी रसमा तमागुण सहित् हंकार मा मन् दियी ॥
भोग्छन्यस्रितलेअथाहविषरस्देहाभिमान्खब्लियी ।
ज्ञान्को वैरिछ काम यस्जगतमा यै मुख्यबिष्जानन् ॥
वेदान्ता दिर वाक्य सत्यगुरुको स्वीकारगरी मानन् ॥
मिथ्या भाषण चोरि नारितिन काम् गर्दैन योगीकवै।
तीन्कामदेखिवचे-विवेकगुणज्ञान्होला म भन्छुसबै ।
योगी कोभनि श्लोकतुच्छनगरुन्पण्डितकुतर्कीहरु।
हेर्नै मन्छ भने बुझीकन पढुन् हेर्दै न हेरुन् बरु ॥
यस्माछन्दमिलानछैनरतिभर्सामान्य भाषाबुझुन् ।
यस्को ज्ञान विवेक गर्न न सके नाहक् नजुभ्नेगरुन् ५६

इच्छा न गर्नु भनि पण्डितले कहेको ।
इच्छा बिना जन छ कुन् जगमारहेको ? ॥
इच्छा लियी सकल प्राणि अगाडि सर्छन् ।
इच्छा बढायि मनमा,सबकाम गर्छन्॥५७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इच्छालेगरियोगियोग्गरदछन्यैशास्त्रिपाठ् घोक्तछन्।
इच्छाले गरि मुक्ति हुन्छ नरकोयैबाट पाप्बोक्तछन् ॥
इच्छाले नृपहेरु राज् गरदछन्यैमानिसुख्भोग्दछन्।
इच्छा शुद्ध भए पछीविजयभोइच्छाअशुभ्रोगदछन् ॥

इच्छा बिना कहिं शुभा शुभ कर्म हुन्न ।
सामान्य स्वर्ग सुखलाइ कदापि रुन्न ॥
निर्वाण का अमल निर्गुण युक्त बाणी ।
शास्त्रादि बाट छ कठिन् बुझ्न अल्प ज्ञानी ॥
हो वाक्य तत्वमसिको गुढ़ अर्थ गुन्नु ।
सत्संग साधु हरुको प्रिय ज्ञान सुन्नु ॥
पाइन्न ब्रह्म मय ज्ञान् करुणा न पाई ॥
गर्छन् तयार खल सब् भवकूप लाई ।६१।
यस्ता उपर् गरि दया उपदेश दिन्छु ।
शिक्षा दिउन् सुजन बेस् खुशिले म लिन्छु ॥
क्यै छैन तुच्छय छ सबै छ अनित्य चोला ।
यै जानि योगि मभजे हुनिहार होला ॥६२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कम्बर् कसें सकलमा, मन बाँधि लीजे !
पाप् पुण्य अर्पण गरी हरि लाइ दीजे ॥
हूँ कर्म साक्षि म, शुभा शुभ जौन गर्ला ।
होला सुखी शुभ अशुभ् गइ नर्क पर्ला ॥६३॥

सब् पंडितादि हरुमा पनि प्रश्न गर्छू ।
रुप् होकि नाम, पहिलो भनि सोध्नसर्छू ॥
रुप् कैछ नाम् जगतमा, अरु कोछ याहाँ ।
यैमुख्यहो भनि प्रमाण छशास्त्र माहाँ ॥६४॥

ज्ञानी विवेकि अनुमान् तिर ध्यान धर्छन् ।
प्रत्यक्ष नाश् छ रुप नाम् भनि काम गर्छन् ॥
यै हो प्रमाण, मुनिले उपमा दिएको ।
वास्तव्यछैनरुपनाम्किनधर्दियेको ॥

नाम् आकृती स्वरुप सब् इनिहुन् विकारी ।
चैतन्य हूँ स्वतः प्रकाश् मय निर्विकारी ॥
नाम् हो पुरुष् प्रकृति रुप् गुणमा म छैन ।
राख्नू प्रपञ्च,गरिदूर् रुप नाम् म हैन ।६५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाम् रूपगुणरहितको हुँ प्रकाश् भएको।
अच्युत् अखण्ड लख शून्य अगम् रहेको॥
सत वाक्य तत्वमासिले गुरु गीत गाको।
जीवात्म आत्म एकभै रूप नाम् न भाको।
आफैं अनाम् अरूप भै छ अजन्म मेरो।
आरोप्नगर्नु रुपनां छ भनेर तेरो॥
आनन्द पूर्णरूपको किन गर्नु खण्डन्।
भेद् बुद्धि-द्वैत मतका-बुझ मिश्र मंडन्।६८।
नाम् रुप् अनन्त बिच एक् स्वत ब्रह्म जान्नू।
थामी स्वधर्म सबले पद गूढ मान्नू॥
वाच्यार्थ सत्य लिन ज्ञान सत्य सदैव बोल्नू॥
लक्षार्थ मौन तुरिया कन हुन्न खोल्नू॥
जस्लाइ हुन्छ अनुभव् उहि मात्र जान्ला।
ज्ञानै नभैकन कसोगरि ब्रह्म मान्ला॥
वैराग् बिना नखुलि लाग्छ विवेक् कपाट।
पुग्दैन गम् अगमको न पुगेर आँट।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केवल स्वधर्म धर, नित्य अधर्म छोडी ।
सत्संग नै गर असल् अरुबात तोडी ॥
ज्ञानाग्नि मा त्रिविध ताप् गर होम् न छोडी ।
ल्यौ बात् विचारि गुरुको तिमि हात जोडी॥

सत्यै बुद्धि सँभालनू मत सनातन् को छ धर्मै ठुलो ।
कुल् आचार् बिच फस्नगैन भुलनूलागोस् यसैकोकुलो
गुण् वैगुण् सबमा छ मिश्रित सँधै कम् बेसि मात्रै बुझ॥
सत्संगत् गर साधु सन्तहरुको भै मूढ् नैकलैहजुझ ॥

थाम्नू पर्दछ धर्म आश्रम विषे,आश्रम् गृहस्थी वड़ो।
धर्मै अर्थ र कामातिन् पद हुँदा यस्कोविचार् भोकडो॥
केवल् धर्म गृहस्थिको अति ठुलो आशापुरा गर्दिनू ॥
आदर् गर्नुगुणी विवेकि हरुको प्रेम्भक्तिलेभ दिनू ॥

आदरगर्नु गृहस्थिलेअतिथिकोयो शास्त्र को धर्म हो।
सव्मालुम् तछँदैछ पण्डिताजिमा भन्नूबहुत्शर्महो ।
भारी धर्म परोपकार गरनू, वर्णा श्रमै चारको ।
शिक्षादिन्छुम आजयो लिनुहवस्भक्तीअनूसारको॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आश्रम् धर्म चुके पक्षी न वनिने जान्छन् सरासर् वहाँ ।
जीव्लाई अति कष्टहुन्छबुझनू, चौराशी घुम्दातहाँ ॥
थाम्नू धर्म ठुलो छ गेहि हरुले स्वादिष्ट फल्छन्जहाँ ।
धर्मै अर्थ र काम तिन् सुखछ यो रस् पूर्ण फल्रुख्महाँ ॥

फल्छन्सतविरुवा विषेधरमफल् रस् पुन्यकाफल्मिठा ।
उत्तम् धर्म-विचारको जड् सुके फल् सब् हुनेछन् तिता ।
ब्राह्मण् क्षत्रिय वैश्य शूद्रहरुका नारीपुरुष् छन्जती ।
आफ्नो वर्ण विवेक थामि सबले लाउन्हरीमामती ॥

ईश्वर्लाइनभूल्नुभज्नुदिन दिन्सोचीबुझीसतअसत् ।
आखीरसब् चिज देहछुट्दछ अहीं पाप् पुराय मात्रैफगत्
जाने येति रहछ लागि सँगमा. छोटा बड़ा जीवका ।
आधार् ईश्वर मा चराचर जगत्अज्ञा सदाशीवका ॥

प्राणीमात्र समस्त बन्धु जन हुन् मातापिताशिव्हरि
इर्ष्या कत्ति न राख्नुक्यै जिव उपर् .केहुन्छईर्ष्यागरी ॥
निन्दा गर्नु पराइको छ घटिया, निन्दा गरे नर्कमा ।
गिर्नू पर्दछ चौध इन्द्र भरितक्, पाइन्न वास् स्वर्गमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साधू, ब्राह्मण, गौ, कुमारि, गुरुजन्माता, पिता, भूपती।
अभ्यागत, अतिथी, पुरोहित, गुणी, बान्धव् सुहत् छन् जती
पूज्यै लायक राजपत्नि, गुरुकी पत्नी, मितेनी हरू ।
फूपू, बैन्हि र भाञ्जि आदि अवला जो छन् परस्त्री हरू॥
माताजन्मादिनेसमान् बुझिकभाव् तिन्मानराख्नू रती।
रक्षा गर्नु प्रयत्न ले गरि सदा लेखूं मत्रिस्ताकती ॥
मालुम् योछ समस्त लोक हरुमा विन्ती कहाँतक् गरू ?
पण्डितजन्नलिउन्कदापिरिसराग् किञ्चित्म भन्छू अरु।
चखै छन् सब जन् जगत् भर महाँ कत्रै छैनलाटोयहाँ।
बाठा भै कन हद् पुगे नर हरू धोका चलाकी महाँ ॥
रूप्मासुन्दर छन् विशेष् विषयगुण्, ज्ञान्हुन्नइन्माकवै।
मन्ले बात विचार् गरुन् दिल धरुन्प्रत्यक्ष लेखीसबै।
गैहो सागर तर्नलाइ सहजै भक्ती विना कवैपनी ।
नौकाज्ञानविवेकछोड़िवललेहोयैनपार् कवै भनी ॥
गर्छू प्रश्न म पण्डितादि हरुमा तद्‌वीर अर्को भनुन्।
सत्सङ्‌ धर्म रहित् म सुन्दिनकुरालाखौ प्रत्यैगरुन्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चार्छन् आश्रम ब्रह्मचारि र गृहस्थी वानप्रस्थै अनी।
सन्यासाश्रम,स्वच्छपावन अती फेर् पञ्चमाश्रम् पनीं।
स्वामीको पद,-हंस-एक् परमहो यस् देखिबद्ताअरू ।
छैनन् आश्रम यो सुमेरु बलियो आश्रम् विषेकोगुरू।।
रङ्मा को गुरुगेरुवाबुझनुहोस् .भस्मी गुरूहोतिलक्।
तुम्बा झोलिर धर्म आसन भयो शब्य गुरूकोअलख्।।
ब्राह्मण् हुन् गुरु वर्णकाजगत मा-शीखा शारकोंगुरू ।
केदारेश्व तीर्थ का गुरु- अलक्-नन्दा नदीकी गुरू।।
स्वाहा शक्ति गुरू छ हुं विजगुरू विद्या-विवेक्का गुरू।
बोध्को ताअनुभव्गुरूलयअचल्तत्वैमससिद्गुरू ।।
भक्तिज्ञान विचार ब्रह्म चिन्हिने योपन् हिंडुन् खुर्खुरू।
पंडित् जन् गुरु वाक्यबोध न भयी रून्छन् पढीधुर्धुरू॥

चार्वेद का उपर मा अरु चार वेद् छन् ।
व्याख्यान् पुराण उपवेद समेत अरूझन् ।।
षट् शास्त्र व्याकरण नौ चउसठ् कला छन् ।
तन्त्रोक्तमन्त्रस्तुतिपाठ् इतिहासखदाछन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भारत् कथा उप पुराण छ भन् रसीलो ।
ज्ञान् पाइने उपनिषद् छ कठिन्-कसीलो॥
विद्या चतुर्दश छ सद् गुरुले कहेको ।
तत्वै बुझी परमज्ञान् उपदेश् भएको॥ ८२॥

सब पंडितादि हरु लाइ म दिन्छु ज्ञान ।
आखिर् छ मर्नु बिषरम् तिर त्याग ध्यान
बिर्सी दिंदा बिषय सुख् अति दुःख पायौ ।
यस् कर्म चक्कर महाँ परि कष्ट खायौ॥

त्यागनू प्रपंच छ विकार् बिष रस् छ छोड्नू ।
शिक्षा लिनू गुरुजिको अरुबात तोड्नू ॥
हे मित्र, पण्डित, सखे ! कति बिन्ति गर्नू ?
देहै अनित्य छ भजन् गरि पार तर्नू ॥८४॥

गङ्गामा पुगि नाम् बदल्छ सबका नाला नदी नद् हरु ।
गङ्गै हुन्छ प्रसिद्ध शास्त्र हरुले भन्छन् सबैकी गुरु ॥
स्नान् गर्छन् जन गै पवित्र हुनका निम्ती भवानी भनी।
त्यै जल् शङ्करका उपर् निशिदिनै चढ्छन् असल् मागनी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोही माफिक यो शरीर बुझनू
सत्संगले झट् गरी ।
पा लाग्ने पनि छन् ति सज्जन हरू
लोक् भन्दछन् गो तरी ।
मर्नै जत्तित जन्म हुन्छ पछि फेर्
जन्मेर फे मर्दछन् ।
जन्मै हुन्न ति भक्तको जनम
दुख् गीताजिले हर्दछन् ॥८५॥

हिन्दीभाषा

नहीं ब्राह्मणों की सुभक्ती हिये में ।
नहीं क्षत्रियों की तपस्या जियेमें ॥
नहीं वैश्य ब्यापार का काम कर्त्ते ।
नहीं शूद्र सेवादि में चित्त धर्ते ॥ १ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न सन्तान क्या पूर्वजों की यहां हैं ।
सभी देश सोया जहाँ का तहाँ है ॥
यही अर्थ भूमी भई नीच दासी ।
इसी दुख में दुःखी भयो मैं उदासी ॥२॥
तुम्हे मोह निन्द्रा बिषे मैं निहारा ।
महा कष्ट मोहें बही अश्रु धारा ॥
तुम्हे देख मेरा रुका स्वास ऐसा ।
अर्खीरीसमै प्राण की रोध जैसा ॥३॥
तुम्हारा रहे दुःख मोको सदाई ।
जलाती तुम्हारे बड़ोंकी जुदाई ॥
बहे अश्रु मेरे तुम्हारे बहाए ।
तुम्हारा अनाचार मोको सताए ॥ ४ ॥
इसी स्थान में धर्म आत्मा रहे हैं ।
न जानू किसी देश को कब् गएहैं ॥
इसी दुःख से नित्य रोता रहूं मैं ।
भया कष्ट भारी च किससे कहूं मैं ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तुम्हारे लिए नित्य निस्वास भारे।
रहे स्वर्ग में नित्य चर्चा तुम्हारी॥
रहे ख्याल जागूं तभी भी तुम्हारा।
सदा स्वप्न में भी तुमे ना विसारा॥ ६॥
तुम्हारे बड़े रेजु मैने निहारे।
भजन् के सपूरे तपस्या कि धारे॥
उन्हीके गुणों को गुणज्ञों सुनाया।
भए लुप्त सारे यथा मेघ छाया॥ ७॥
सदा मान होते जु पुर्वी तुम्हारे।
नहीं दृष्टि में दुःख ताते हमारे॥
यही दुःख मोको हिये शोक भारा।
दिने रात्रि बैठे करेहूँ विचारा॥ ८॥
बसिष्टादि भृगू स्वधर्मों संभाले।
स्थिती धर्म सृष्टी सनातन्को पाले॥
ऋषी लोग थे आश्रमी धर्म पूरे।
जहां भागते थे अधर्मी अधूरे॥ ९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न सन्तान क्या पूर्वजों की यहां हैं ।
सभी देश सोया जहाँ का तहाँ है ॥
यही अर्थ भूमी भई नीच दासी ।
इसी दुख में दुःखी भयो मैं उदासी ॥२॥
तुम्हे मोह निन्द्रा बिषे मैं निहारा ।
महा कष्ट मोहे बही अश्रु धारा ॥
तुम्हे देख मेरा रुका स्वास ऐसा ।
अर्खारीसमें प्राण की रोध जैसा ॥३॥
तुम्हारा रहे दुःख मोको सदाई ।
जलाती तुम्हारे बड़ोंकी जुदाई ॥
बहे अश्रु मेरे तुम्हारे बहाए ।
तुम्हारा अनाचार मोको सताए ॥ ४ ॥
इसी स्थान में धर्म आत्मा रहे हैं ।
न जानू किसी देश को कब् गएहैं ॥
इसी दुःख से नित्य रोता रहूं मैं ।
भया कष्ट भारी च किससे कहूं मैं ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तुम्हारे लिए नित्य निस्वास भारी ।
रहे स्वर्ग में नित्य चर्चा तुम्हारी ॥
रहे ख्याल जागूं तभी भी तुम्हारा ।
सदा स्वप्न में भी तुमे ना विसारा ॥६॥
तुम्हारे बड़े रेजु मैने निहारे ।
भजन् के सपूरे तपस्या कि प्यारे ॥
उन्हीके गुणों को गुणज्ञों सुगाया ।
भए लुप्त सारे यथा मेघ छाया ॥ ७ ॥
सदा मान होते जु पुर्वी तुम्हारे ।
नहीं दृष्टि में दुःख ताते हमारे ॥
यही दुःख मोको हिये शोक भारा ।
दिने रात्रि बैठे करेहूँ विचारा ॥ ८ ॥
बसिष्टादि भृगू स्वधर्मों संभाले ।
स्थिती धर्म सृष्टी सनातन्को पाले ॥
ऋषी लोग थे आश्रमी धर्म पूरे ।
जहां भागते थे अधर्मी अधूरे ॥ ९ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तहां धर्म रोके पड़े हैं अधर्मी।
महा धूर्त्त दंभी घमण्डी कुकार्मी ॥
स्तुती सद्गुरू कि सबी कि घरों में।
निराकार पूजा थि नारी नरों में ॥१०॥

गुरू सत् बरोबर् न जाने किसी को।
सभी देव के देव माने उसी को ॥
गुरू श्री हरीहर् दिलों में बसाते ॥
नथे दम्भि कोही स्वधर्मी कहाते ॥११॥

वही धर्म भूमीकि है अब् खराबी।
प्रभू को भुला के भए हैं शराबी ॥
पती देवता थे, सती नारि पाई।
जहाँ सोचते थे, धरम् पथ् बढ़ाई ॥१२॥

गुरू सत्य आचार्धरे शीश पूता।
हमेशा रहें पाप से फेर् अछूता ॥
अभी तो सबों की सुप्रीती नशी है।
हृदेमें नवीनी अनीती बसी है ॥१३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रही नाहिं पुत्रों कि प्रीती पिता में ।
न दारा कि प्रीती पती मानता में ॥
सदा भ्रात भैय्यों कि छाई जुदाई ।
अविद्या नशा पी के शोचे भलाई ॥१४॥
करें बाप बेटा परस्पर् लड़ाई ।
करे एक त्यों दूसरे पै चढ़ाई ॥
हुई चाल जाती दिवाने कि सारी ।
सुदारा पती की नहीं है पियारी ॥१५॥
न नारी करे चाहना ही पती की ।
नहीं बात किञ्चित् अभी है सती की ॥
पिता को नहीं पुत्र का प्यार देखा ।
सभी स्वार्थ चाहें, त्यजे धर्म रेखा ॥१६॥
जहाँ थी बनी शान्ति घर् की निवासी ।
सभी वंश थे प्रेम प्रभू के प्रकाशी ॥
सदा प्राण थी विप्र की उच्च जाती ।
उन्हीं की जगत्में थि बाणी सुहाती॥१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ काल ने चाल उल्टी दिखाया ।
पिता पुत्र को देख गुस्से में आया ॥
अधो भाग जाती दशा है तुम्हारी ।
खराबी किया आपसे आप भारी ॥१८॥

अमानी भए हो दुखारी भए हो ।
लदे पाप से हो, बड़े हो रहे हो ॥
तभी तो बुरा हाल है, पाय ग्लानी ।
सबों में तुम्ही फेरते नित्य पानी ॥१९॥

जगाने लिए थी सु आत्मा जो आई ।
अनीति बहुत् हो कड़ी चोट पाई ॥
जगाते तुम्हें सज्जनादी भि हारे ।
सनातन् विवेक् धर्म रोरो पुकारे ॥२०॥

तुम्हारी दशा दुर्दशा देख भारी ।
अहो रात्र चिन्ता बढ़ी है हमारी ॥
यदीहो सुधी तो अभी भी सँभालो ।
उन्ही पूर्वजों की प्रणाली निकालो ॥२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अभी धर्म सोचो उठो कुछ अभागी ?
जगो नींद से उठ् बनो धर्म भागी ॥
सदा वदे आज्ञा सुसेवा हरी की ।
गुरू से करो याचना उम् घड़ी की ॥ २२ ॥
गुरूजी लखाते दुनो मार्ग तुम्को ।
अगाडी सगुण् को पिछे निर्गुणों को ॥
स्व इच्छा न कर्नी गुरू मार्ग धर्नी ।
विचार् से करो कर्म है अन्त मर्ना ॥ ३ ॥

भगवद् भक्त विचार

आदी सत्य त्रिषेजनम् छ जिव को
त्रेता पनी गै गयो ।
द्वापर् युग् पनि एहि रित्सित वित्यो,
आज्काल् कलीयुग् छ यो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चार् युगमो कति फेर् जनम् हुनगयो,
आज् तक् कती फेर् मर्यौ ।
कुन्रित्ले कसरी ति गर्भ मरुमा
आई बराबर् सर्यौ

यस् जिव कोगतिसांख्य केहि मन मा मालुम्रती भर्पनी
पर्तैछैन अथाह लेखुं कसरी यस्तोभएथ्योभनी ॥
जन्मोत्पत्ति र वर्ण जोतकुल थर् नाम् रूपको गन्ति यो
बुझ्नै लाइ कठिन्छ लेखुं कसरी प्रत्यक्ष झूटा छ यो ॥३॥
सृष्टीकापतिआदिमा सकल जीव् कुल्प्राणि जन्माथिऔं
उच् निच् कर्म गरेर कारण परी धेर् जन्म आई लिऔं ॥
फेरी जन्म न होस् मनुष्य तनु यो पाऔं बड़ा धर्म ले ।
ईश्वर्मा तनमन् दियी कन रहूं सत् वाक्यका कर्मले ॥४॥
जाऊँला सहजै अपार भव दुख् काटी परम् धाममा ।
पुग्नेछौं हरिभक्त सज्जन हरू लीन् भै उनै राममा ।
ज्ञान् वैराग्य विवेक मुख्य छ ठुलो, भक्ती बराबर् अरू ।
ईश्वर्मा दृढ गार्दिने चिजकुनै छैनन्,वयान् के गरू ।५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सज्जन् विवेकि बुझ्नन् भनि बात लेखें ।
सुखमा परम् सुख बुझीकन ब्रह्म देखें ॥
सर्म्पूण ब्रह्म भरि एक् रस भै रहेको ।
आत्मै परम् सुख रहेछ यहाँ कहेको ॥ ६ ॥
आत्माछ नित्य सुख रूप् सबमा भएको ।
वेदादि शास्त्र जति छन् सबले कहेको ॥
त्यै वस्तु हूं म भनि ब्रह्म विचार गर्नू ।
शान्ती स्वरूप् रहि सहज् भव पार तर्नू ।७।
आकार हुन्छ सब नष्ट प्रमाण् छ श्रूती ।
आकीर्ति सुन्दर बुझी मन घुम्छ फूर्त्ती ॥
चक्कर् परी कन अनेक् अति कष्ट खायो ।
चौराशि लक्ष घुमि क्यै नत सोख पायो॥८॥
मानीस को तन मिल्यो, अझ दुःख बढ्ता ।
थप् भै दियो अमल ज्ञान विवेक घट्ता ।
नाम् नर्पशू धरिनगो पशु मा पशू त्यो ।
गन्ती विभाग पशुमैं नरभै हुंदोभो ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तस्मात् मनुष्य! नरतन् न बिगार कत्ती।
तन् मन् हरी उपर द्यौ विषतर्फ रत्ती॥
उल्लू छ मन् घुमि सक्यौ विष खाइ धेरै।
हुस्यार् रहू अब म भन्दिन वेर बेरै॥१०।
मिल्नै कठिन्छ नरदेहछ बिघ्न गाह्रो।
सामान्य ले न बुझने गुरु वाक्छ साह्रो॥
बुझ्छन् ठुला यति फगत् गुढ अर्थ लाई।
बुझ्दैन शास्त्र पढि कै पनि दिल् न लाई।११।
झूठको प्रतिती गरीकन जगत् चौराशिको भो धुरा।
भोगी दुख् हरु मिल्नगो नरस्वरूप् सन्सारि सुख् भुट्कुरा
क्षणभंगुर् सुखमा परमसुखबुझी आनन्दमान्छन्जगत्
काम् क्रोध लोभ र मोह मद् हरुपिईमात्सर्यको भर् फगत्।
अज्ञान्ले अति मत्त भैकन रही साँचो कुरा छोड्दिने।
ईश्वर् लाइ न संझि तुच्छ चिजमा तन्मन्लगी जोड्दिन
साँचोमतकन ली कुतर्क बहुतै एक् एक् गरी तोड् दिने।
आत्माज्ञान ठुलोछआस्तिकहरूयस्लाइहुन्जो ड्दिने॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्म पुत्री विवेक।

श्लोक् छन् इ शान्त रहका कवि बद्धभाषा।
रूप् रस् र गुण् छ यसमा पढि लेउ खासा ॥
कर्तव्य मुख्य नरको बुझ सत्य काम।
सत्सङ्गले स्वरुप को बुझिनेछ नाम ॥२॥

यो जीव् कहाँ जनमभो, भइ कस्कि छोरी।
संसार सागर महाँ किन आइछ मोरी ॥
यस्को म क्यै आलि कती अब खोज्छु बात।
छोरी घरानकि महुँ तर खान्छु लात ॥३॥

इच्छा निरन्तर हुँदा वनियेछ काया।
क्यारू त्रिदोषि त्रिकरं त्रिगुणछि माया ॥
पर्मार्थ धर्म सुकुलिन् घरकी हुँ छोरी।
यो स्वार्थ कर्म घरमा मपरें यसोरी ॥ ४ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रीताप् छुटे पछि विदा घर देखि भैगो ।
निर्वाण पद्छु सुख माइति जीव गैगो ॥
घर्मा अनेक् पिर थियो दुख क्लेश् मिलेको ।
काम् क्रोध लोभ मद मात्सर खब्र् खिलेको ॥५॥

मोहादि सासु ससुरा र अमाजु चिन्ता ।
मन् रूप् पती सँग मनाच्दछु रोज धीन्ता ॥
मिल्दैन ताल् गरुँ कसो पति भन् रिसाउने ।
सौताछ चञ्चल रुपी पतिथेर्खुशाउने ॥ ६ ॥

जेठाजु नन्द दिदि देवर आदि सङ्मा ।
जानी कपट् कुटिल छल् म थिआ तरङ्मा ॥
तृष्णाछ सौतिनि पती सँग कत्ति लड्नू ।
हो तुच्छ यो बिषय सब् किन रोज मर्नू ॥७॥

छोरा हरू दुइ थिए रिस राग नाम्का ।
नाती मदन् हरु इ बालक छन् बिकाम्का ॥
साथैछ एक् कुमति नाम् गरिएकि छोरी ।
त्यो छैन काम्कि रतिभर् हुनगै छिचोरी ॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निन्दा कलह् इदुइ छन् घरमा बुहारी।
देखेर दिक्क भयि जान मछू तयारी॥
क्यै लिन्न वस्तु घरको सब छोड्छु याहीं।
छोड्नेछु आखिर शरीर परोस्न भाजी॥९॥

खाउन् इनै वसि रहुन् सनसार घर्मा।
चाकर् बनुन् मदनकात अनित्यफेर्मा॥
चक्रै सरी भयि घुमुन् मत घुम्न छोड्छू।
त्यागेर सब् इ परिवार् भव बन्ध तोड्छू॥१०॥

दुष्टादि मूर्ख खल पामर षट् परीवार्।
व्यर्थै गरेंछु भुलि ब्रह्म अनित्य घर्वार्॥
संभन्छु माइति ठुला कुलकीहुँ पुत्री।
ई दुष्ट का संग महाँ म भएछु फुत्री॥११॥

कुन् युक्तिले गरि म माइति तर्फ जानू।
पाईन क्यै गरि विदा कति दुःख खानू॥
यस्तो विचार मनमा उठि ताप् बढाए।
वैराग्य भाइ लिन आइ खुशी मनाए॥१२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्पालि माइति म जान्छु मनुष्य तन्ले ।
फर्कन्न फेरि कहिल्यै घर संझि मन्ले ॥
आनन्द शान्ति सुख सागर मा रहूँला ।
माताजि थाञि मनको पिर सब् कहूँला ॥१३॥

काख्मा दया जननिको प्रिय भै बसूँला ।
ज्ञान् रूप् पिता अनल को म विभूत् घसूँला ॥
वैराग्य भाइ छ गला बिच कण्ठ मेरो ।
यो मन् उदार बिच शान्ति प्रकाश् घनेरो ॥१४॥

माइती घैर म बसुँला खुशीले सबै दिन् ।
त्रीताप् तिरी कन सकें अब छैन एक् ऋण् ॥
त्यागेर सब् इ परिवार् सुखमा छु औले ।
छोड्थें भएति परिवार असल् मकैले ॥१५॥

जानुन् दया जननि ज्ञान स्वरूप् पिताजी ।
भक्ती रुपी बहिनि छन् दिदि हुन् गिताजी ॥
दाज्यू उदार, प्रिय भाउजु ज्ञान कान्ति ।
यस् नित्य माइति महाँ म कहिल्छु शान्ति ॥१६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शृङ्गार सोह्र युवती सरि नै तयारी।
पस्नेछु यै हृदयमा कविता पियारी ॥
आदर् गरुन सुजन ले बसुँला म सुखमा ।
प्रेम् भक्ति दिलदिायि ५ढुन् परि नित्य सुखमा ॥

सतोपदेश ।

शिक्षा दी अगुवा हुने सुख दिने हुन्छन् गुरु योगमा ।
आधार्लीकन बस्छ सत्यरुपले भै सूक्ष्मरुप् लोकमा ॥
मन् देखी पर फेर् बचन् न पुगने मन्को बचन्को वहाँ ।
वेग् पुग्दैन कसोरि भन्नु मइले वाच्यार्थ ले सब् यहाँ ॥१॥
बुझ्छन् योगि हरु गरेर अनुभव् लक्षार्थ हूँदा महाँ ।
आफ्नो दिव्य स्वरूप योग वलले चिन्हीपरम् पद्तहाँ॥
प्राप्ती भो सहजै स्वब्रह्म हुनगो ब्रह्मास्मि बोध्भो यहाँ ।
आत्मामास्थिति भैगआसहजमा मायारहन्थ्योकहाँ ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मिश्रित् वचन् सगुण निर्गुण को छ मेरो ।
बुझ्छन् विवेकि हरु मात्र छ श्लोक टेढो ॥
जानुन् गुणी सगुण निर्गुण लाइ ज्ञानी ।
बुझ्छन् मुनी सकल आत्म विचार जानी॥४॥

शब्दानुविध् बुझ दशानुविध् संग जोरी ।
मन्मा विकल्प न हवस्. ब्रह्म धून्र फोरी ॥
जानेछ जीव् निर विकल्प समाधि माहाँ ।
आनन्द सञ्चित छ सुख् दुख छैन याहाँ ॥५॥

त्यै अण्ड कोष भनिने यहिहो महत्व ।
नाम् रूप लीन् हुन गए पछि बांकि तत्व ॥
हो ब्रह्म येहि परमेश्वर आत्म भन्नु ।
ज्ञान्ले गरी स्वरुप आफु बुझेर चिन्हू ॥६॥

यै मुक्ति हो सकल शास्त्र महाँ कहेको ।
योगी मुनीशहरुले अनुभव् गरेको ।
किञ्चित् म लेख्तछु यहाँ जति बाल्छ जस्तो ।
आफ्नो स्वरूप अनुभव् गरि बुझ्नु त्यस्तो ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनित्यै आत्मा हूँ दृढ छ मनमा तत्व बुझदा ।
अनित्यै ज्यू सङ्गमा छत पनि विवेक्छोड्दिन कदा॥
शरिर् सुख्दुख् भोगमा करम गतिले त्यो डुलि रहोस् ।
सदा मन् यो शम्का चरण तलमा गै झुलिरहोस्॥८॥
श्री सद्गुरू हरि विरञ्चि शिवादि रोगी ।
हूँ शिष्य भक्त गुरूको पृथ ज्ञानाजेगि ॥
माता चतुर्मुख दयालु पिता हरी हुन् ।
भन्छन् गुरू भनि त्रिलोचन शास्त्रले जुन् ॥६॥
दीने प्रमाण् परम ईश्वर लाइ साची ।
सो ब्रह्महूँ बुझन पण्डित कर्म लाछी ॥
हुँ एक् असङ्ग सँग शरिर्छ अनित्य साथमा ।
भज्छू निरन्तर गुरू शिव जानि आत्मा ॥१॥
भो खुब् कृपा गुरुजिको भव देखि तर्ने ।
ज्ञान् रूपि अम्मृत मिल्यो कहिल्यै न मर्ने ॥
सर्वज्ञ छू सब महाँ मनले सरोवर् ।
उच् निच् न राखि कन ज्ञान्गुणले बरोबर् ॥१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हो ब्रह्म यो सब जगत् भनि एक ठान्छू ।
यस् बीच भक्ति हरिको अति मुख्य मान्छू ।
मिथ्या न सम्झ बुहुसत्य छ कर्मचारी ॥
झूटो म लेख्तिन कबै नर देह धारी ॥ १२ ॥
तत्वात्म ज्ञान सरिको तप छैन केही ।
विस्वास दृढ् दिल मह्हाँ सब लेउ येही ॥
चिन्मात्र अद्वितिय श्रीहरि ब्रह्मलाई ।
भन्छू निरन्तर गुरू,-अति मन् लगाई ॥ १३ ॥
हाँगा सबै बिषय का गुरु बाट काटी ।
जड् तक् उखेलिन गयो लियि योग आँटी ॥
गिर्दो भयो विषय रुख् मन-रूप् सफा भो ।
संसार पार तरि जीव् निजदेश् पुगी गो ॥ १४ ॥
भोग्छू स्वराज्य सुख भोग्कन आज याहाँ ।
आनन्द सच्चित छ सुख् दुख छैन जाहाँ ॥
यो सुख् बराबर अरू सुख छैन केही ।
मेरा उपर् हरि कृपा भइ मुक्ति सोही ॥ १५ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बक्सिस्हुँदा सहज मा मछु नित्य मुक्ति
अन्तर्विवेक् गरि म भन्दछु योग-युक्ति ॥
सब् वाक्य तत्वमसिको लियिं गर्छु वर्णन् ।
शिक्षा लिने जति यहाँ गुरुभक्त तर्नन्॥ १६॥
आत्म ज्ञान् जब तक् हुंदैन तहिंतक् बर्णैं ठुलोमान्दछू ।
ब्रह्मज्ञान भए पछी विषय सुख् तुच्छै भनी ठान्दछु ॥
सत्सङ् सज्जन साधु सन्त हरुको, शिक्षा गुरूको नभै ।
मुख्यैजुन्पद मुक्ति मोक्ष कहिने पाइन्न योसुख्कतै १७
ज्ञान्हूनेजतिजान्दछन्सकलभाव्,अज्ञानिअन्धाबनी ।
बुझ्दैनन्नरमूर्ख जड् पशु समान्देहाभिमान्का धनी॥
प्रत्यक्षैछ प्रमाण् म केदिउँ यहाँ ? दृष्टान्त-झूटेशरिर् ।
जानीजानिकरम्गरेयदिअशुभ्बन्नूछदुख्कोनजीर् १८
यस् मृत्युलोक बिच यै छ गजब् तमाशा ।
कैभन्छ धिक् विषय दुख्, जगभन्छ खासा ॥
जो भुल्छ यस् बिषयमा उतभन्छ खासा ।
धिक्, भन्छ ज्ञानि बुझि यस्कन मोह पाशा १९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माया महाँ फंसनगै गल घंट पाशो ।
तन्मन् विचार हरिको भनि मुख्य नाशो ॥
धेरै न खर्च दश इन्द्रिय द्वार तन्को ।
पूर्ण गर्भमा जतिगर्‍यौ गर,-स्वच्छ मन्को ।२०॥

नाशो बुझाउ गरि पालन बात सारा ।
ल्यौ वाक्य लाइ गुरुको लिइ खुब् सहारा ॥
मिश्रित् कुरा सगुण निर्गुण कृष्णजिको ।
सुन्दा किरीटि कन लाग्न गएछ नीको॥ २१॥

सोद्धा भए गरुँ कसो भनियोस् मलाई ।
आज्ञा भयो गरन रण्छ यहाँ मलाई ॥
प्रत्यक्ष नाम रुपको रण-जान झूटो ।
निर्वाण पद्छ निरगुण्, न बढाउ भूटो ॥ २२॥

सुन्दा चित्त बुझ्योर अर्जुनजिले विध्वंश पारे तहाँ ।
बैकुण्ठै पुगिगैगए पछि सहज् श्रीकृष्णका सङ्गमहाँ ॥
बुझ्छन्भावमहानुभावजतिछन् सब् छिन्नाभिन्नैकुरा ।
भाषाहो भनि तुच्छ्य कोहिनगरुन्होदिव्यज्ञान्कोछुरा २३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अज्ञान् नष्ट हुँदैन ज्ञान न भयी निन्दा र शंकारती।
लिन्नन्कैपनिआत्मदार्शी जातछन् विन्तीचढाऊँकती।
धन् जात् मान् दरजा र गोत्रकुलथभूटोप्रतीतिहुंदा।
शिक्षासद् गुरुकोछ येहिमउपर् नाम् रुप्उपाधीफुँदा २४
सार्भन्नू रतिछैन यस् बिषयमा स्थूल्सूक्ष्म कारण्रही।
जान्दैनन् प्रभुलाइ सद्गुरुबिना पण्डित्जिनामीभयी॥
बुझ्छन् मर्म विरक्तिलेजगतको झुट्टैछ कारण्भनी।
संसार्कोव्यवहार्बयान्कातिगरू,जन्मान्धनैछन्इनी २५
झूटाको प्रतिती गरीकन अती त्यस्लाइ साँचो भनी।
भुल्ने सब् नरलाइदिन्छु उपदेश् त्यो झूटझूट गनी॥
स्वप्ना तुल्यछ सोख तुच्छयचिजयो थीर् छैनसन्मार्गमा
मन्भर् मन् हुन जान्छ संग गुणले मिल्छन् प्रमाण् वेदमा

यै ब्रह्म ज्ञान् हो यहि हो महत्व।
डर्छैन लोकको मछु एक तत्व॥
यै मुख्य ज्ञान्हो व्यबहार झूटो।
नाम् रूप् छ मिथ्या अविवेकि झूटो॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चैतन्य चोला हरि भज्नु बच्चा ?
सुखमा न भुल्नू शिरैरछ कच्चा ॥
यो बात साँचो, बुझ-बुद्धि काँचो ।
बात् मान मेरो --न गराउ खाँचो ॥
अैल्हे बिचार्गर हुने पछि ज्ञुन्छ बात्को ।
स्पष्टै दिञे भनि, थियो जति ज्ञान साथ्को ॥
राज् हंसले जसरि दुद् पिइ पानि छोड्छन्।
त्यस्तै तिसाधु हरिरस् पिर्य बिष्निचोड्छन् ॥
माया हटाइ मुनि बन्धन लाइ तोड्छन ।
मन् चित्त बुद्धि हरिमा लगि नित्य जोड्छन् ।
अज्ञान् घडा प्रबल योग लियेर फोड्छन् ।
संसार् समुद्र बिचमा लगि दुःख बोड्छन् ॥
त्री ताप् डुबाइ जगमा सुख रूप् बनेका ।
संन्यासि मुख्य गुरु ईश्वर मा गनेको ॥
जस् देखि मिल्दछ प्रकाश् ब्रह्म ज्ञान खानी ।
पाइन्छ सद्गुरु दिनन् हरिभक्त जानी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान् पाइएपाछि सहज् सत मुक्ति भगौं ।
मर्नू र जन्मनु सबै भव कष्ट गैगो ॥
हूँदा कृपा गुरुजिको यति ज्ञान पाऊँ ।
सत्सङ्ग ले सब तरुन् भनि गीत गाऊँ ॥३२॥
यै ब्रह्म ज्ञान् कहिनगो येहि आत्म तत्वो ।
चिन्हेर ईश्वर बिषे सबलाग्छ पत्वो ॥
एकत्व छू गुरुजिको उपदेश पाई ।
सव् बात खोल्छु मनको सुन शिष्य, भाई ३३
बाचा र कर्म मनसा हरुले गरेको ।
कोटी जनम् हरु महाँ अघिनै धरेको ॥
पाप् पुण्यको छ गठरी, हरिमा छ अर्पण् ।
पाऊँ बुझाइ गुरुमा स्वस्वरूप दर्शन् ॥३४॥
देख्छू म आफ्नु रुप नित्य यो दिव्य मूर्त्ती ।
वेदान्त बात् चित धरें गुरु वाक्य फूर्त्ती ॥
नाशवान् शरीर छ अती, तँ स्वयं छँदैछस् ।
डर् छैन हेमन!नडर्, किन का तछकस्? ३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाम् रूप् खगानि बुझि जोगि भएर सब् घस् ।
भोगी स्वराज्य सुख ब्रह्म मइँ भनी बस् ॥
बूझौ भने म अहिले उहिलै रहेछू
छोडी बिचार् बिषय, दु ख उसै सहेछू ॥

अयं ब्रह्मात्मा ।

योगानुभव् गरीसिवै सँग विन्ती गर्छु ।
श्री सद्गुरु चरणमा शिर नित्य धर्छू ॥
शिक्षा मिदन्छु बुझिल्यौ न भुलेर धन्मा ।
डर्छैन लोक हरुको निडरै छु मन्मा ॥ २ ॥
शिक्षा निमित्त जगमा छ शरिर् धरेको ।
नाम् रूप् भुटोछ नरमा बुझ सत् भनेको ॥
नाम् रूप् बिना कसरि यो बकबात् गरेहुन् ।
भन्नन्, म खोल्दछु भए भर मुख्य हो जुन् ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जानुन् समस्त जन गुह्य विचार जैले ।
अज्ञान कारण भयी रुप नाम पैले ॥
देखिन्छ मुख्य सरि भैकन योग माया ।
वास्तव्य छैन रुप नाम्, बुझिलेउ छाया ॥४॥
यो गीद सद् गुरु कृपा भयि आज पाञे ।
योगादि ज्ञान वलमा बसि सब् जनाञे ॥
तन्मन् बचन् करमले गुरु रुप् मनाञे ।
आनन्द पूर्ण रसबाट सबै बनाञे ॥ ५ ॥
आश्रम् हो मुनिको अलभ्य.गुरुकोयोगशास्त्रलेयोकह्यो
तत्वज्ञान्गुरु वाक्यले बुझिलिंदा मन्शान्ति रूप्मारह्यो
रूप्मा भै शिव,शान्ति साथ रहने प्रख्यात संन्यासि हूँ।
पूर्णानन्द भनी मनुष्य रुपमा ब्रह्म स्वयं आत्महूँ ॥६॥
विश्वास् भो दृढ सार अंश बुझियो चल्दैन मन् कत्तियो
बुद्धी व्यक्त भएन शास्त्र वलल तद्रुप् चिदाकाश् छ यो॥
स्थुल् को नामररूपप्रकाश् गरि दिञेसोचीविवेक्लेगरी।
नाम् रूप्को मत साक्षिहूँ जगतमा ज्ञान्ले गञे पार्तरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्म स्वयं हरि महूँ सब विश्व भर्त्ता ।
नाश्गर्न माछु समरथ्रखनि लोक हर्त्ता ॥
सारा रचन् पनि गरेछु भएर केर्त्ता ।
सृष्टि स्थित प्रलय गर्छुहुँ भूमि धर्त्ता ॥८॥
मेरो न आदि नत मध्य न अंत्य पर्छ ।
मर्दैन जीवछ अमर् स्थुल देहमर्छ ॥
सब् जीवका पनि उपर् छु स्वयं म कर्त्ता ।
ब्रह्म महूँ अभ्र म के भनु फेरि वक्ता ॥९॥
आफैं अनन्त भनि नाम् रुपमा गर्निन्छू ।
सृष्टि स्थिति प्रलय तीन स्वरूप् बनिन्छू ॥
रूप् नाम् रहन्न पछिता. महुँ ब्रह्म एक् रस् ।
वाच्यार्थ सब् भनि दिञे निरगुणमा आवस् ।१०।
सोध्नू हुँदैन नत भन्न अवाङ्छ याहाँ ।
गम् गर्नु हुन्छ अनुभव् तुरिया छ जाहाँ ॥
ब्रह्मार्पणं सकलकर्मब्रह्माग्नि माहाँ ।
स्वाहा सबै त्रिविध ताप् गरि ब्रह्म माहाँ ११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काष्टादि धूम्र रुप नाम् अब छैन याहाँ ।
प्रज्वल् प्रकाशछ रविवत् सब जीव माहाँ ॥
पाप् पुण्य का उपर साक्षिभएर अैले ।
विस्तार्अनन्त रचनादि गरेंछुमैले ॥१२॥
वाच्यार्थ जान मनको मनले बनायो ।
वेदादि शास्त्र रचि सब् मनल्यै मनायो ॥
निर्वृत्ति मार्ग गुरुको जगतै हरायो ।
लक्षार्थ हुन्छ तुरिया स्वस्वरुप् गरायो ॥१३॥
पूर्णात्म साक्षिगुरुछन् सब बात माहाँ ।
साक्षीस्वयंहुँ बकलम् सहि छाप् छ याहाँ ॥
तन् मन् बचन् सकल कर्म स्वभाव् समेत्ले ।
ब्रह्मैहुँ बोध् स्वरुप बोल्दछु सद्धरम् ले ॥१॥
अज्ञान् नष्ट भएपछी दुख छ यो ज्ञान्ले सहज् मोक्षभो ।
तीन् ताप्ऋण् गुरुवाक्यले तिदिअक्यैछैन ऋण्चुक्तिभो ॥
सत्सङ्गत् गर साधु सन्त हरुको वन्नेछ पुल् पक्कि यो ।
संसारसागर पारगराउँछ सहज् लौ कर्म सब् सकाकियो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थ पठन फल ।

जस्ले पढ्यो मन दियी हरि लाइ पायो ।
यो ज्ञान अमृत गिता रुपि दुग्ध खायो ॥
एक् मूखले म कसरी गरु धर्म बर्णन् ।
नाम् मात्रले पनि अधम् हरु पार तर्नन् ॥२॥

बालक् पढुन् अरु पढुन् अवला अनारी ।
पण्डित् पढुन् लियि विवेक् तम जाल फारी ॥
गीता समान बुझि पाठ् हर रोज गर्नू ।
वैराग्य ज्ञान रस सब् पिइ मग्न पर्नु ॥३॥

तीन् तापहुन् सकल दुख् नरलाइ दीने ।
ताप् देखि छुट्टि मन अम्मृत रस्छ प्यूने ॥
छन् श्लोक् अमोल् सकल ब्रह्म-विवेक-माला ।
धारण् गरुन् अब दिजे भव दुःख जाला ॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैराग्य शास्त्र, धनु ज्ञानछ, भक्ति माला।
भाग्नेछ पाप् सकल दुर्मति दूर जाला।
पाप् नष्ट पारिकन धर्म समीप भैगो।
सो धर्मले सुमति भै दुख दूर गैगो॥
ज्ञान्को कवच् बुझि असल् पहिरुन् सुजन्ले।
कुल् वंश पार् सब हुनन् हरिकै भजन्ले॥
स्वसंप्त छन् कथन भित्र मिलाइ भन्नू।
भाषा वदल्छ कहिं हेरि विचारि गन्नू।
छत्तिस् छ रागिनि छराग छ सप्त स्वर्मा।
सङ्गीत-गान गर्दा पनि मिल्छ जोड्मा॥
बुद्धी बमोजिम बुझी पढनू र गुन्नू।
पुग्दैन ढङ् यदि भने चुपचाप सुन्नू॥ ७॥
काहीं छ प्लूत विषयमा, कहिं ह्रस्व बोली।
काहीं छ दीर्घ स्वर भन्नु सुधा कि गोली॥
छन् छिन्न भिन्न सब श्लोक् मिलदैन फाँकी।
वैराग्य ज्ञान कविता कि छ मुख्य झाँकी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तोछ सोहि गरि अर्थ लगाइ गुन्नू ।
भाषार्थ सब् भनिदिञे, धरि प्रेम सुन्नू ॥
हुन सब् कुरै इनि कुरा न वुझी न छोड्नू ।
संकोच, संशय उठ जाति साफ तोड्नू ॥ ९ ॥
सत्सङ्ग् ठुलो सुजन को भनि मुख्य जानी ।
सत्सङ्ग् लिनोस् सकल पाप हुनेछ हानी ॥
भाषा स्वदेशिछ सबै, अति कञ्चि बोली ।
अम्मृत् समान हितु औषधि प्रेम्कि गोली ॥१०॥
जो दीर्घ रोगि हरु छन् भव दुःख माहाँ ।
पर्ने जनम् लिथि बराबर मर्नु याहाँ ॥
त्यस् रोग लाइ यहि औषधि भो तयारी ।
प्रेम् भक्ति पूर्ण रस खानु सुधा विचारी ॥११॥
सारांश शास्त्र हरुको हरि रस्छ यस्मा ।
रोग् छुट्छ भक्त हरुको, छ विवेक जस्मा ॥
एक् भक्तिनैछ अनुपाम् हरि संझि खानू ।
यो दुर्ग उग्र भव सागर पार जानू ॥ १२ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुख् वार्नु पर्छ यति चिज् कहिल्यै न खानू ।
काम् क्रोध लोभ अरु तिन् तिर मन् न लानू ॥
मात्सर्य मोह बुझि दुख् मदरस् न खानू ।
हो दुःख को बिषय घर् कहिल्यै न जानू ॥
मुख् वारिये पछि सहज् भव दुःख गैगो ।
यै देह भक्त जनको हरि रूप भैगो ॥
ज्ञान् रूपि औषधि सबै गुरु बाट पाऊ ।
गर्दा विवेक सित पान अगम् कहाऊ ॥ १४ ॥
छन् अगड बगड सब श्लोक टुकुरा र कुट्का ।
भाषा न छन्द छ असल् अति तीक्ष्ण गुट्का ॥
पण्डित न शास्त्रि न गुणी कविहूँ न भारी ।
केवल् महूँ अतीथ नाम् भव सिन्धु पारी ॥१५॥
आउन् सबै नर हरू पछि लागि मेरा ।
स्थूल् देह आफ्नु न भनुन् छ अनित्य डेरा ॥
स्त्री पुत्र दौलत वरीपरि देख्छु घेरा ।
जब् छुट्छ मानुषशरीर्न त्यरा न मेरा ॥ १६ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चेत् राख राख अझचेत गरचेत मन्ले ।
आखिर् दिदैन रति काम् परिवार धन्ले ॥
श्री रामको गर भजन् प्रभु हुन् जगत्का ।
छन्ती सहायक सँधै माणि हुन् भगत्का ॥
बल् अर्थ छैन नत शास्त्र ठुलो छ नाऊँ ।
लौ ब्रह्म ज्ञान हरु बाट जवाफ पाऊँ ? ॥
भाषा म बोल्छु दिन रातर यै बनाउे ।
कोष् काव्य कौमुदि प्रपञ्च भनी जनाउे ।
एक् ब्रह्म देखि व्यतिरिक्त विचार कम्भो ।
ज्ञान् भक्ति पूर्ण भइ चित्त विरक्त मा गो ॥
विद्या र जाति धन गुण् अभिमानि शक्ती ।
लेश् मात्र छैन मनमा गुरुकै छ भक्ती ॥
दिन् रातका विच महाँ फिरि साँज् सवेर्मा ।
सुख शैनका निद महाँ अनि स्वप्न माहाँ ।
कैल्यै न भुल्नु हरिपद् मदमत्त धन्ले ।
हा तुच्छ क्षीण् विषय सब् विष संझमन्ले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चातुर्दशाबिचल्छु प्राप्त निवृत्ति मन्को ।
सेवक् काहिन्छु सब सन्त विवेकि जन्को॥
नाम् रुप् अकार् रहित आत्मलयैठिकाना ।
चैतन्य ब्रह्महुँ सदा इ शिलोक् निशाना॥२१॥
मेरो छैन घरान कुल् सिप कमान् बिन्ती चढाऊँकती ।
धन्दौलतपनि छैन वल् शारिरमा रूप् छैन गुण् एकरती॥
श्रद्धाले गुरुको कृपा हुन गयी सम्रर मन्को मती ।
एकै ब्रह्म विचार नित्य गरदा "निर्वाण पद् भोगती" ॥

ग्रन्थ कर्ता विनय

भाषामा पनि झन् अधिक् बुझिलिनू बाच्नै सरीको छये।
शास्त्रादी अभिमान्घटेर अनुभव्मा फिक्स बैथोक् भयो ॥
स्थिर्बुद्धीभयि मन्निवृत्ति हुनगो स्फुर्नामा मन्कम्गयो।
कारण् यै परि श्लोकका विषय मा बाल्छिन भिन्नै भयो॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुझ्नन् तै पनि साधु सन्त हरुले, सज्जन् हरुले पनि ।
बुझ्नन् धर्मि विवेकि भक्त हरुले सत्सङ्गि ले धेर् भनी ॥
लेख्नामा मनभो, तरङ्ग उठिगो,ज्ञानामृतै लेखियो ।
शान्ती चित्त निवृत्त योग बलले एक् ब्रह्म पो देखियो
भाषै हो तपनी छ अर्थ अति गूढ,मेरो अभिप्राय सब्।
बुझ्नन्सज्जनज्ञानि योगिमुनिले श्लोकबद्धकोभावतब्
शुद्धाशुद्ध बिचार्नेशाखि मनले केवल् विचार् यो गरोस्
आत्मा एक् परिपूर्ण व्यापक बुझी संसार देखी तरोस्
संक्षेप् मात्रछ हेर गूढ् बिषयमा मूल् भैं रहेको बनी ।
आधाको पनि अर्थ बुझ्नछ कठिन् आधा नबुझ्नेभनी
भन्नन् कोहि गृहस्थि सज्जनहरु, यस्लाइ हेरी सबै ।
योगाश्रम् न लियी यथार्थ जति हो जानिन्न यस्कोकबै।
शिक्षा सद्गुरुको नली सहजमा शास्त्रादि बल्लेकबै
मिल्ने चिज्हरु पाइँदैन, बाटया बाटो विवेक्को नभै ।
साधन् इन्द्रियकोर दुख् सुख सही जीतेर मन् बुद्धिले
आफ्नो रूप स्मरणगरुन् नभुलिह्याँ सज्जन् बहुत्शुद्धिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाषै हो हुनता तथापि माणिझैं सारांश सब् शास्त्रको
बिच् बिच्माछ विचारगरुन् सुजनलेयोदिव्यज्ञानास्त्रहो
बुझ्नू गूढकथन् अपूर्व छ यहाँ श्लोक् बद्ध भाषार्थको।
सत्यैशब्द छ नित्य यस् बिषयमा अज्ञानि बैकार्थको।
प्रेम् लागोस् यसमा पढुन् दिनादिनै स्थै दिन् पढ़ मात्रयो
किञ्चित् बुझ्न सकीयला गुरु कृपा पाई यती बात् रह्यो॥
माफ् माग्छू हरि भक्त सज्जन महाँ सब् साधुमा नम्रभै
जानी दीन अजान् दया गरि लिउन् ज्ञानी महात्मा सबै
सोध्नू साध्नु-अशुद्ध शुद्ध नगरी-सोचित्त निर्मल् अति।
फाँकी छन्द कुरा मिलोस्कि नमिलोस् शङ्का नराखीरति
मन्को लेखि दिजे तरङ्ग हरुसब् बुझ्नन् गुणी ले भनी।
मैंबुझ्छू अनुभव् हुँदा कि सबबात् कीबुझ्दछन् धेर्मुनी।
निन्दक् हेरु विचार् न राखि मनले निन्दा बहुत् गर्दछन्
झूटै पाप् मनमा लिएर रिसले चौराशि मा पर्दछन्॥
गर्नन् बात कुतार्कि कत्ति न बुझी तर्की बितर्की भई।
भन्ने छन् अभिमानि छैन भनि ठिक् सो सब् म लिन्छूसही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गिल्ला दिल्लगिं श्लोक्उपर्गीरि लिनन्छोटा अगाडीसरी
गर्नन् दुष्ट अधम् उतानिं रिसले जम्मा भयी हर्घडी ॥
पढ्नाले गरिहुन्न गुह्यरति ज्ञान् आत्मा विचार् क्यै नभै।
खण्डाखण्ड छ बात श्लोक हरुमा बुझ्दैन जड्लेकबै॥
यस्मा ह्रस्व र दीर्घ प्लुत छ कहीं मिल्दैन स्वर्तक् पनी
शेखीशानगुमान्घमण्डगरनन्होक्या सिलोक्छीभनी ॥
बालक्का सरि सब् कथन्छ कहिंता नारी सरी नम्रता ।
नास्तिक् को सरि बात् रहेछ बहुतै भै शास्त्रको बेपता ॥
गर्ने छन् शठ मूर्ख खलहरु अनेक् वार्ता कुवार्त्तापनी
भन्ने छन् ठग उल्लु धूर्त्त हरु सब्सब्तुच्छ छन् लेख् भनी
उत्तम् हैन अधम् छ श्लोक् भनि लिनन् लण्ठादिपामर्हरू
ज्ञानी सज्जन भक्त राखि करुणा देलान् गरी ठिक्बरू ॥

रामो खराब सब गर्छ फगत् भनाई ।
प्रेम् भक्तिली कन पढुन् बाढिया बनाई ॥
हर्षाश्रु गीर्छ मन गद्गद भै खुशी ले ।
ज्ञान् भक्ति हीन भनि शक्तछ कुन् छुसीले।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ली प्रेम भक्ति दृढ मन् गरि श्लोक गावस् ।
बैराग्य ज्ञान भयि कुल्कन पार् लगावस् ॥
गर्दैन एक्‌रति फरक् गुरुले भनेको ।
सब् श्लोक तत्वमसिले छ यहाँ बनेको ॥
साराशास्त्र पढोस्किकर्त्तिनपढोस् हर्दम् विचार्यागरोस्।
श्रद्धा भक्ति लियी कपट् रहित भै पाऊ गुरूका परोस् ॥
ज्ञान्रुप्अग्नि यहाँप्रकाशगरिदिञेअज्ञान्अविद्याडढोस् ।
होला सद्गुरुकोदयापाछिसहज्संसारदेखीतरोस् ॥
लामूछ आधि कति आधि छ विघ्न छोटो ।
मिश्रित्छ घट् बढ भयी कहिं भाव् छ मोटो ॥
नाम् रुप् उमेर् चिन्हि लिनेछ अगाडि फोटो।
निर्वाण रूप गर दर्शन छैन भोटो ॥
मन्मा कुतर्कि हरुका सब श्लोक् छ बाङ्गै ।
पैह्रन्छु बस्त्र तर चित्रछ दिव्य नाङ्गै ॥
योग् ध्यान का समय मा यसरी म बस्छू ।
भूषण् बिभूत् पनि शरीर् बिच नित्य घस्छू ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तस्विर्दुरुस्त छ किताप् सँगमै छ मूर्ति ।
यो मुक्तजीवित चिन्हुन् गुरुवाक्ले फूर्ति ॥
हो पूर्ण ब्रह्म रस अम्मृत ले भरेको ।
आनन्द मग्न रुप बाट कथन् गरे को ॥
धातू शिला मृतिक पनिको मूर्ति दर्शन् ।
पाप् दूर हुन्छ भनि मन् गरि लिन्छ स्पर्शन् ॥
नाम् मूर्ति देवहरुकोछ पवित्र जस्तै ।
दर्शन् विरक्त हरुको पनि हुन्छ त्यस्तै ॥
दर्शन् हुँदै शरिर को जब पाप भाग्यो ।
स्पर्शन् हुँदा सकल पुण्य विवेक जाग्यो ॥
सेवा विरक्तहरुको पनि जौन गर्ला ।
अज्ञानि लाइ मिलि ज्ञान् भवपार तर्ला ॥
भै दीन नम्रमुखले जति प्रश्न गर्ला ।
ज्ञान् रुपि उत्तर सुनीकन मग्न पर्ला ॥
अम्मृत् सरी बचन ले मन यो भरीने ।
ज्ञान्रूप मंत्रउपदेश् मिलि पार् तरीने ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दर्शन् दिनू-लिनु बराबर हो सुजन्ले।
एक् ब्रह्म नाम रुप मा तपरूपि धन्ले॥
साहै अदाच्च मछु ज्ञान अथाह पायी।
उच् नीच माफ गर! सज्जन मित्र भाई॥

कविप्रति मनको उत्तर।

बुद्धी विनोद गरि कोहि महान् कवीले।
गूढार्थ प्रश्न गरदा मनरूप्रवीले॥
पर्काश् न भै हृदय मा जड़ रूप धारी।
उत्तर्दिएन मनले भुल संझि भारी॥ १॥
सम्पति षड् न भयि दुर्बल खुब्ब भएको।
हं चित बुद्धि मन जड् गुरुले कहेको॥
सत्सङ्ग सत्गुरु बिना उपदेश् न पाई।
कत्ती हुँदैन अनुभव् बुझ चित्त लाई॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीव् हैन ब्रह्म भनि दृढ् नभयी रहेको ।
आफैं जडत्व मन शून्य मद्दाँ गएको ॥
साधन् उपाय जति ब्रह्म बिचार गर्नु ।
हूँ ब्रह्म साक्षि भनि निश्चय चित्त धर्नु ॥
होला प्रकाश रविवत् रुप नाम मेटी ।
चेतन् हुनेछ जड्‌देखि स्वरूप भेटी ॥
मालुम् थिएन कुन बात् स्वत ब्रह्मलाई ।
अद्वैत व्यापक स्वयं बुझ आफुलाई ॥
निर्मल् पवीत्र बहुतै यक नाम हो वेश् ।
चैतन्य आत्म स्वस्वरूप् महुँ ब्रह्म को शेष् ॥
सो ब्रह्म देखि व्यतिरिक्त सबैछ मिथ्ये ।
मन् लाइ को गुरु कृपा न भएर जित्थे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भजन।

आनँद मय सच्चित् प्रभु, कृष्ण ब्रह्म भगवान् ।
स्मरण करूँ, गायन करूँ, प्रेम ध्वनी रस जान् ॥
पूजन अस्तुति बहुविध करके, प्यारा कृष्ण, मनावोंगी॰ध्रु
रथ बनायकर स्थूल देहको, इन्द्रिय अश्व लगावोंगी॥
साज प्राण मन करूँ सारथी बैठ कृष्ण पै जावोंगी॰
जय सर्वोतम! श्रुति पथ पालक! यों कह, शीश नवावोंगी।
दर्शन पाकर साज आरती, जय शिव! हरिओं, गावोंगी॰
शुद्ध भावका दीपक करके बाती शील बनावोंगी ।
शान्ती तेल भरूँ पृय प्रति ब्रह्महुँ ज्योति जगावोंगी ।
लोकलाज को धूप दिखाऊँ, समता थाल सजावोंगी॥
दया पुष्प अरु कुमकुम प्रीति बिनय शिवोहं गावोंगी ।
काम क्रोध मदलोभ मोहका जा नैवेद्य चढावोंगी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दीन दयाल जगत के स्वामी पाहिमाम! कहि ध्यावोंगी।
ध्रुव प्रह्लाद कि रचा कीनी मैं अब कित बल जावोंगी
गजराज के बंधन काटे द्रौपादि ख्याल धरावोंगी ॥
आकर्षण कर प्रेम तन्तु से खींच कृष्ण को ल्यावोंगी।
या तो मिलहैं प्राण पियारा नहिं तो प्राण गमावोंगी
होय दयाल दरश प्रभु दीजै मैं आतम सुख पावोंगी
तुझ बिनु हे प्रभु कौन सहारा तेरो विनय सुनावोंगी
ममता मोह निवारो मेरा, मैं तुम पर बालि जावोंगी ।
सन्त समागम नीयम करके, मिथ्या भाव भुलावोंगी।
अस्ति भाति है प्रियवर प्यारा, ताको कण्ठ लगावोंगी ।
नाम रूप की मेंट कल्पना सर्व ब्रह्म यह ध्यावोंगी ।
जन्म मरण के संशय मेटुँ, जाय परम पद पावोंगी ।०।
पुण्य पाप दो ईन्धन जोड़ुँ, अग्नी ज्ञान जलावोंगी ।
भस्म बनाय लगाकर तनको शङ्कर रूप दिखावोंगी ।
लेकर प्राण ओम् नाद में बैठी कैलास अपने जावोंगी।
एको ब्रह्म द्वितीयो नास्ति ऊँची कूक सुनावोंगी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोहं हंसो डमरू वाजे आँनद मङ्गल गावोंगी ।
भेदा भेद कि त्याग कल्पना पूर्णानँद सुख पावोंगी
बामदेव शुक दत्त दिगम्बर तैसे काल बितावोंगी ।
ज्ञान विराग धरूँ दृढमनमें ब्रह्मपदवि को पावोंगी ।
जन्म सफल तब होय हमारा ब्रह्मतत्व जब पावोंगी
जगत वासना तजके सगरी ब्रह्म लीन हो जावोंगी।
अरज हमारी खुशी तिहारी बारम्बार सुनावोंगी ।
कृष्ण निरञ्जन भव दुख भञ्जन हरिहरदेव मनावोंगी
मिटी वासना ज्ञानभयो जब गीता भगवत गावोंगी।
आठ पहर आत्मा रँगराती शिबोऽहं ध्वनी जगावोंगी।
अन्तर बाहिर पूरण स्वामी ऊरण भाव भुलावोंगी ।
पञ्चकोश देहत्रय न्यारा ब्रह्म ज्ञान चित लावोंगी ॥
सकल ब्रह्म यह दृष्टि हमारी झगडा भेद मिटावोंगी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आशीर्वाद

स्वस्तीश्रीआधिराजपाँचसरकार्, श्रीतीन सर्कार्‌अरू ।
कम्याण्ड ईन चीफ, लाठ, जनरल्, कर्णैल, कप्तान्‌हरू
सुब्बा, मेजर, फौजदार, खरिदार्‌देवान्, खजाञ्ची अरू ।
डिट्टा, प्रोहित, लेफ्टिनेन्ट, मुखिया, हाकिम्, सुवेदार्‌हरू ॥
नौसिन्दा, जमदार्‌बिचारि, बहिदार्, जङ्गीपुलीस्का अनी
सारा रैति, सिपाहि चौधरि समेत् उच्च नीचा दुनीयाँ पनी ॥
श्री का खातिर छन्त यार्‌वीर पर्‌शावल् बुद्धि माफिक् सबै ।
ईश्वर्‌झैं प्रभुको हुकुम्‌कन बुझी नाघ्दैन कोही कबै ॥
पण्डित्‌शास्त्रिमहन्त ज्ञानि अतिथी जान्ने विचार्नेहरू ।
आयुष्मान्‌भयि बक्सियोस् जय हवस् भन्छन् बयान्‌के गरू ॥
यस्लोक्‌को जय कार्दिने सकल छन् सर्कार्! महाराज् भनी ।
पर्लोक्‌को म चढाउँछू त्रुटि पुनर्जन्मै न हूने पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केवल् शुद्ध विबेक कोछ सबबात् संक्षेप तत्पूर्ण भै ।
किञ्चित्मात्रविचार्गरेपानिप्रभो!ज्ञान्मिल्छसोध्नैनगै ॥
आद्योपान्त नज़र्-श्रवण् हुनगए मेरो परिश्रम् जति ।
हुन्थ्योआज सुफल् दया हजुरको ठान्थें ममाथी अति ।
हेरी निश्चय बुझ्दछू सकल ज्ञान्भन्ने विचार्ले गरी ।
बैराग्बाट समझ्रहोस् मनमनै खुब्ध्यान्विवेक्लेधरी ॥
ज्ञानाम्मृतरसपान्हुदाँबिषयराग्नाश्हुन्छदुख्क्लेशजती।
चीर् काल्-धर्मध्वजा रहन्छ नरमा गर्दा प्रताप्ले अती॥
ज्ञानाम्मृतरसकोअमूल्यछकिताब्निर्गुण्सगुणछन्दुवै ।
वैराग् ज्ञानविवेक ले वनिनगो शास्त्रादि बल्क्यैनभै।
औषध्अम्मृत पान्हवस् नरपते ! विन्ती म यो गर्दछू ।
यस्ले ज्ञान बिवेक् बढाउँछ भनी पाऊ बिषे धर्दछू ॥
हे भक्तवत्सल ! कृपानिधि ! हे दयालो ! ।
रात-दिन् प्रसन्न रहिबक्सनुहोस् कृपालो !
जानी अनाथ हरुको पनि नाथ नाथ !
विन्ती म गर्छु प्रभुमा अति प्रेम साथ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीश्रीश्रीसरकार प्रभोअर्बामलोस्मन्नास्थिहुनेऔषधी ।
सर्कार्वाहिक्त भन्नुधिक्छअरुमा बिन्ती चढाऊँ कती ॥
प्राणैअन्नबिषे बस्योर कालिमा, कर्लाग्नगोखानको ।
खानै पर्दछ खानलाइ नमिले भन्छु ट्छ जप् ध्यानको ॥
शक्तैनन्गरि कर्म साध्न सब त्रात्, खाना बिना प्राणिले।
चारै आश्रम माछ अन्नगत प्राण्-रच्छा गरुन्दानिले ॥
ज्ञानाग्नी प्रज्वलितभएपछिपनी, प्रारब्धबाँकी करम् ।
रातदिन् भोग्छु नत्यागिने त्हदलेयस्स्थूल्शरीकोधरम् ॥
केवल् अन्न र वस्त्र भन्छु महाराज् !श्रीका हजूर्मा सदा।
भक्ती गर्दछु धर्ममूर्ति सरकार् ! सत्काम् न छूटोस् कदा॥
निर्भा मात्र हवस् निघा हजुरको यस्ले म शोच् हर्दछू ।
लोकका पालक!भक्तका अधिपती ! बिन्तीयती गर्दछू॥
उच्चनिच् माफ मपाउँ धर्मअवतासाधू स्वदेशी भनी।
राखी बक्सनु हुन्छ प्रेम् सकलमा नेपालका भै मणी ॥
सर्कारको दिनरात हवस्जयभनीभन्छुमसत्वाश्यले ।
स्वर्गैमा छ तयार गादि बढियादान्पुराय का भाग्यले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वीको अभ्र राज्य गर्नुछ प्रभो ! कीर्ती स्थिती धेर्धरी।
पर्लोक्मा सुर्लोक् छँदैछ प्रभुको वेस् वेस् कुराले गरी ॥
आफ्ना कुल् हरुलाइ धर्मबलले पुष्पक् विमान्मा धरी।
स्वर्गैको गरि बक्सिनेछ सुख भोग् संसार सागर् तरी ॥

तन्मन्शुद्ध छ शुद्ध त्यस् हृदयका चित्मा दया पूर्णभै।
आत्मज्ञान् सबमा थिको धरमहो जीव्जान्छ उत्तीर्ण भै॥
साधक्पूर्व जनम् महाँ प्रभु हुँदा साधन् मिल्यो सब्वहाँ।
ब्रह्मा शंकर विष्णु का हुकुमले पाल्नू भयो फेर् यहाँ १४

तेज्ले भै रविवत् प्रकाश नरमा,-कोशिश् प्रजाकै गरी।
रात्दिन्धर्म परोपकार् हरु अनेक् हुन्छन् दयाले भरी॥
नेपाल्पालकभै दिंदा स्थिति भयो नीती बमोजिम् अती।
सर्कार्भैकन रामतुल्य,जनकै छैनन् दुखी एक्रती १५

सागर्पारिनिनाम्प्रासिद्धछअतीनेपालसर्कार्भनी।
द्यौता तक् भयि मुग्ध स्वच्छ मनले गर्छन् प्रंशसा पनी॥
प्रेम्ले मिल्दछ धन्यवाद सुरलोक् देखी सदा सर्वदा।
निर्मल् मन् बिच तीर्थ छन् फलदिने गंगा गया नर्मदा॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफैं सोह्रकला छ पूर्ण शशि झैं गुण्ले सदा पूर्णभै।
उत्तम् धर्म बढाइ बक्सनु हुँदा पाप् दूरभो चूर्ण भै ॥
आराम् गाथ् सरकारको दिन प्रती सुन्ने म आश् गर्दछू।
जस्तो हुन्छहुकुम्शिरोपरधरी पाऊँदैयाभाव्कछू ।१६।

स्वामी पूर्णानन्द परमहंस

सत्यनाम प्रेस, मैदागिन, बनारस सिटी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धुर्व तत्वमसी

यस् ग्रन्थका विषय श्लोक झिकेर उच् निच् ।
टुक्रागराइः पद्वाट मिलाई विच् विच् ॥
आफ्नूथपी कथनजोरि लिनेछ जस्ले ।
बद्लेर नाम यसको धरनेछ तस्ले ॥ १ ॥
वोक्नेछ पातक ठुलो अपराध माथ्मा ।
हत्यादि ब्रह्म कुल दोष रहने छ साथ्मा ॥
पण्डित हउन् कि कविहुन् सब येहिसोचुन् ।
दम्भी कुतर्कि हरू धुर्त घमण्डि जोछन्॥२॥
सब्लाइ दिन्छु म कसम गुरु मारि हत्ते ।
लाग्नेछ पाप–नाविगार्नु वचन् छ सत्ते ॥
वाचाछ वन्धन–यहाँ शुभ कर्म नित्ते ॥
गर्नेछ कत्तिपरीश्रम नपारिफत्ते ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उल्टो वुझ्के वचन ज्ञानीवीषे जचाउन् ।
स्वयंसच्याउछुँ भने एसमैसच्याउन् ।
मन्छैनपोजापिहारिगमधेर खाउन् ।
वैराग् भये लियीविवेक् अकैरचाउन् ॥४॥
हुज्जत न गर्नु यस ग्रन्थ उपर सकैले ।
दीन भै गरें यति भए जाति वात मैले ॥
विद्या छ कम् वलछ कम् जनकम् छ मेरा ।
वुद्धीछ कम् गुणछ कम् छ प्रकाश् घ नेरो ॥५॥
कमछन् विद्या विषये मद् दुःख तुच्छे सारा ।
उत्साह कम्छ मनको वहि शान्ति धारा ॥
छैनन् कुतर्क दिलमा सरलैछ जम्वा ।
शान्ती निवृत्ति महुँ ब्रह्म त्रिलोकि खम्वा॥६॥
कम् लोभ फुर्ति अतीकं तमकंम्छ धेरै !
मात्सर्य कम्छ मनले हरि संझि मेरै ॥
देहा भिमान लिनु कम् नरले नरैमा ।
पर्दैन जानु दुर देश प्रभु छन घरैमा ॥ ७ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्या मधु धन मधुर् मधुरैछ वाणी ।
बुद्धि मधुर् वल मधुर् अघ कैछ हानी ॥
आहार मधुर् तन मधुर् मधुरै विहार्छन् ।
छोड्दा विकार् मन मधुर् गुण धेर्मधुर्छन्॥८॥
जानुन् पढुन् पढि बुझुन् धरि प्रेम यस्मा ।
भक्ति र ज्ञान वढला छ विचार जस्मा ॥
यस्मा छ भाव् अति सरल् छ विछट्ट साँचो ।
सद् धर्म भक्ति न भये पछि वाट खाँचो॥९॥
हूँदा रूनेछ जिवयो न भएर पुण्ये ।
पाप्मा असत् छ परिणाम म छ शुन्ये ॥
क्यै छैन दु:खछ फकत् व्यदना असैह्य ।
हूँदाविकल् मन भई घवडाइ कैल्हे ॥ १० ॥
सत्कर्म भन्छ नगरें नर देह पाई ।
यै हुन्छ नित्य पछुतो सब जीव लाई ॥
सास हुने पछि कुराकन सोच अैले ।
मौसर् छ यै शरिरमा पछि गर्नु कैले ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राखी घमण्ड भइ धुर्त किन दम्भी हूनू ।
॥ सत्धर्म केहि न भए पछि पर्छ रूनू ॥
अर्त्ती लिएर गुरुको मन मैल धूनू ।
कर्त्तव्यहो नर भयी हरि रूप हूनू ॥ १२ ॥

जाहाँ तक पृथिवी रहुन् जल समेत् जाहाँ उदाउन रवी।
जाहाँतक् शशिदेखिउन् गगनमा जाहाँ हउन् सत्कवी॥
जाहाँ सम्म दयार सत् वनिरहोस् जाहा तलक् ॐ यती।
ताहीं सम्म यही रहोस् जगतमा सत्वाक्यके सम्पति ३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुरु प्रशंसा।

श्रीकाशीमणिकर्णिकातटतले श्रीदत्तदेवालये।
आसीच्छङ्करपादपद्मविरहच्चेतायतीनांवरः ॥
ख्यातः श्रीशिवरामइत्यभिधयालोके तपस्यापरः।
पूर्णानन्दइतिप्रसिद्धइहतच्छिष्योऽस्मि भूतावहम्॥ १॥
नाहंवेदपुराणशास्त्रहृदयंजानामिवैतत्त्वतः।
नोविद्धज्जनचित्तरञ्चनकरंग्रन्थंविधातुंक्षमः॥
श्रीयोगीन्द्रगुरोःप्रसादतइदंस्तोत्रंमयानिर्मितम्।
दृष्ट्वाघोरकलौनरान्वहुविधान्रागादिभिर्वञ्चितान्॥२॥
पञ्चक्लेशकलङ्कदूषितहृदाश्चिन्तातुरामानवाः।
संसारार्णवपारगन्तमनसः स्तोत्रंपठिन्त्वादरात् ॥
आत्मानात्मविवेचनेननिर्गुणःशिवोहमकसदा।
इत्येवंपरिचिन्तयन्तुमनसे तेवंमयाप्रार्थ्यते ॥ ३ ॥
पुण्येचन्द्रनगाङ्क भूपरि मिते श्रीविक्रमेवत्सरे।
सप्तम्यारविवासरे सितदलेमाघेशुभेमासके ॥
स्तोत्रंनैकलिकालकल्मषहरंवैराग्यसंवर्धकम्।
पूर्णानन्दतपस्विनाविरचितं धर्मप्रदंमोक्षदम् ॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखा भाषामा परोपकारका निमत्त सतोपदेश रूपि सुशिक्षा को भण्डार तैय्यार भयो । यसमा गद्य भाषा ले अनेक अर्थ दिएको छ, पद्य भाषामा रसीला २ ज्ञान, भक्ति, वैराग्य का श्लोक हरूछन् । भक्तिमा प्रेम वढ्ने उत्तमोत्तम कुरा पनी छन् । योग माग, धर्म मार्ग, ज्ञान मार्गमा मनुष्यमात्र लाई यस लोकमा धर्मका साथ आब्रू वचाई परलोक मा गति मुक्ति दिने, अर्थ धर्म काम मोक्ष चारै पदार्थ यसलाई अवलोकन गर्दा—भावनानुसार अवश्य प्राप्त हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Acc. No ...
Class No ... Book No ...
Author ...
Title ...

Due on	Borrower's Name	Returned on

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वस्वरूप

पुस्तक पाइने ठेगाना

बाबु माधवप्रसाद

दुर्गाघाट, बनारस सिटी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu